बेसीशहर नगरपालिकाको

आ.व. २०७७/०७८ को नगर विकास योजना

बेसीशहर नगरपालिका, लमजुङ

गण्डकी प्रदेश, नेपाल

२०७७, असार

नगर कार्यपालिकाका प्रमुख, उपप्रमुख, वडाध्यक्ष र कार्यपालिका सदस्यहरू

गुमानसिंह अर्याल
प्रमुख

लक्ष्मीदेवी अधिकारी
उप-प्रमुख

बलराम श्रेष्ठ
वडाध्यक्ष, वडा नं. १

गणेशबहादुर कँडेल
वडाध्यक्ष, वडा नं. २

सूर्यकुमार श्रेष्ठ
वडाध्यक्ष, वडा नं. ३

लालविर गुरुङ
वडाध्यक्ष, वडा नं. ४

बमबहादुर गुरुङ
वडाध्यक्ष, वडा नं. ५

भोजबहादुर रिमाल
वडाध्यक्ष, वडा नं. ६

गोविन्द बस्नेत
वडाध्यक्ष, वडा नं. ७

पवित्रा थापा राना
वडाध्यक्ष, वडा नं. ८

शरद बराल
वडाध्यक्ष, वडा नं. ५

पूर्णबहादुर थापा
वडाध्यक्ष, वडा नं. १०

अच्युतबाबु बगाले
वडाध्यक्ष, वडा नं. ११

मनमाया गुरुङ
कार्यपालिका सदस्य

विष्णुमाया राना
कार्यपालिका सदस्य

आशा तामाङ
कार्यपालिका सदस्य

मन्दिरा दनाई
कार्यपालिका सदस्य

कृष्ण नेपाली
कार्यपालिका सदस्य

देवबहादुर गहतराज
कार्यपालिका सदस्य

दोजबहादुर खवास
कार्यपालिका सदस्य

अजय मजाकोटी
कार्यपालिका सदस्य

बेसीशहर नगरपालिकाको
आव २०७७/०७८ को नगर विकास योजना

बेसीशहर नगरपालिका, लमजुङ

गण्डकी प्रदेश, नेपाल

२०७७, असार

पुस्तक :
बेसीशहर नगर विकास योजना २०७७/०७८

संरक्षक :
नगरप्रमुख श्री गुमानसिंह अर्याल

सल्लाहकार :
उपप्रमुख श्री लक्ष्मीदेवी अधिकारी
प्रमुख प्रशासकीय अधिकृत श्री किसानराज चिलुवाल

सम्पादक मण्डल :
कार्यक्रम अधिकृत श्री मेघेन्द्र पोखरेल
अधिकृत श्री सुशिला श्रेष्ठ
सूचना प्रविधि अधिकृत श्री मुकेश कुँवर

प्रकाशक :
बेसीशहर नगरपालिका लमजुङ
फोन नं ०६६५२०१५०/५२०२०४

इमेल : besishaharmunicipality@gmail.com
वेभ साइट : besishaharmun.gov.np

मुद्रणः
पब्लिक प्रिन्टर्स प्रा.लि, बेसीशहर ८

बेसीशहर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लमजुङ

नगरप्रमुखको कलमबाट

बेसीशहर नगरपालिकाले आफ्नो सातौं नगरसभा २०७७ असार १९ गते सम्पन्न गरी आ.व. २०७७/०७८ को बार्षिक नीति, योजना, कार्यक्रम तथा बजेट ल्याएको छ । नगरसभाबाट पारित भएका नीति, योजना तथा बजेट, आर्थिक तथा विनियोजन ऐन लगायत गरेका अन्य निर्णयहरु पत्रकार सम्मेलनमार्फत सार्वजनिक समेत गरिएको छ । कोरोना संक्रमणका कारण राष्ट्र लक डाउनमा रहेको तथा नागरिकहरुमा डर, त्रास, आशंका र दुविधा पैदा भइरहेको प्रतिकुल समयमा कानूनले तोके वमोजिमका योजना तर्जुमाका विभिन्न चरणहरु पार गर्दै कार्यक्रम तर्जुमा गरिएको छ । यसै सन्दर्भमा बेसीशहर नगरपालिकाको बार्षिक नगर विकास योजना २०७७/०७८ प्रकाशन गरिएको छ ।

अकस्मात रुपमा आइपरेको कोरोना संक्रमणको कारण उत्पन्न विषम परिस्थितिले गर्दा हाम्रा प्राथमिकताहरुमा समेत हेरफेर गरिएको छ । स्वास्थ्य, सीप विकास र रोजगारी, कृषि विकास, नागरिक संरक्षण तथा भौतिक पूर्वाधार विकासलाई उच्च महत्व दिई योजना छनौट गरिएको छ । योजना छनौटको क्रममा राष्ट्रिय योजना आयोगको पन्ध्रौं योजना, सहस्राब्दी विकास लक्ष्य, संघीय र प्रदेश सरकारको आव २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट एवम् क्षेत्रगत रणनीतिक योजना तथा कार्यक्रमहरुलाई समेत ख्याल गरिएको छ ।

पारित भएका योजना तथा कार्यक्रमलाई २०७७ श्रावणदेखि नै कार्यान्वयनमा लगिनेछ र २०७८ वैशाख भित्रै योजना सम्पन्न गर्ने गरी कार्ययोजना तयार गरिनेछ । योजना कार्यान्वयन गर्ने क्रममा अझ बढी लगनशिलता, इमान्दारिता र दक्षता प्रस्तुत गर्न म सवै सरोकारवालाहरुमा हार्दिक आह्वान गर्दछु । साथै नगरबासीहरुबाट सकारात्मक सुझाव, आवश्यक सहयोग र थप सक्रियताको अपेक्षा गरेको छु । अन्तमा बजेट तर्जुमा तथा पुस्तक प्रकाशन कार्यमा संलग्न सवैमा आभार प्रकट गर्दछु । धन्यवाद ।

असार, २०७७

गुमानसिंह अर्याल
नगर प्रमुख

विषय सूची

क.सं.	विवरण	पेज
१.	बेसीशहर नगरपालिकाको संक्षिप्त बस्तुगत विवरण	१
२.	सातौं नगरसभा सम्पन्न गर्ने सिलसिलामा सम्पादन गरिएका कार्यहरु	१६
३.	आव २०७७।०७८ को नीति, कार्यक्रम तथा बजेट	२६
४.	बेसीशहर नगरपालिकाको आर्थिक ऐन २०७७	४५
५.	बेसीशहर नगरपालिकाको विनियोजन ऐन २०७७	७१
६.	सातौं नगरसभाबाट पारित निर्णयहरु	७३
७.	आय व्यय विवरण	७८
८.	आव २०७७।०७८ को लागि नगरसभाबाट पारित भएका योजना तथा कार्यक्रमहरु	१०३
९.	सशर्ततर्फका योजना तथा कार्यक्रमहरु	११७
१०.	प्रधानमन्त्री रोजगार कार्यक्रम तर्फका योजनाहरु	१२२
११.	संघीय तथा प्रदेश सरकारमा माग गरिने योजना तथा कार्यक्रमहरु	१२४
१२.	नगरपालिकाका योजना तर्जुमासंग सम्वन्धित समितिहरु	१२९
१३.	गैससहरुको योजना तथा कार्यक्रमहरु	१३२
१४.	सडक मापदण्ड	१४१
१५.	जनप्रतिनिधि,कर्मचारी तथा संघसंस्थाको विवरण	१५६
१६.	प्रदेश सरकारबाट जिल्लामा परेका योजना तथा कार्यक्रमहरु	१७५
१७.	आ.व. २०७७/७८ मा संघबाट जिल्लामा विनियोजित बजेट	१८९

१. बेसीशहर नगरपालिकाको संक्षिप्त बस्तुगत विवरण

भौगोलिक तथा प्रशासनिक अवस्थिति

कुल क्षेत्रफल : १२७.६४ वर्ग किमी
देशान्तर : ८४ डिग्री २० मिनेट पूर्व देखि ८४ डिग्री २६ मिनेट पूर्वी देशान्तर
अक्षांश : २८ डिग्री ८ मिनेट उत्तरदेखि २८ मिनेट १६ मिनेट उत्तरी अक्षांश
औषत तापक्रम : २५ डिग्री सेल्सियस
हावापानी : समसितोष्ण
उचाई : रामचोक त्रिवेणीधाम ६५० मिटरदेखि पुरानकोट थाप्लो १९५८मिटरसम्म
केन्द्र : बेसीशहर समुद्री सतहबाट ९५० मिटर
औषत वर्षा : बार्षिक २८०० मिलिमिटर

सिमाना :

पूर्वमा दोर्दी गाउँपालिका, लमजुङ
पश्चिममा क्व्होंलासोथरगाउँपालिका र मध्यनेपाल नगरपालिका, लमजुङ
उत्तरमा मर्स्याङदी गाउँपालिका, लमजुङ
दक्षिणमा सुन्दरवजार नगरपालिका, लमजुङ

भू उपयोग सम्बन्धी विवरणः

क्र.सं	विवरण	क्षेत्रफल (वर्ग किमी)
१	कृषि क्षेत्र	६३.७७८
२	वन क्षेत्र	५७.४०९
३	चरन तथा घाँस क्षेत्र	४.७१४
४	बलाट तथा चट्टान क्षेत्र	०.९२५
५	नदिनालाले ओगटेको क्षेत्र	०.८११
६	**जम्मा**	**१२७.६४**

शैक्षिक संस्था सम्बन्धी विवरण

नगरपालिका भित्र ४८ आधारभूत विद्यालय, २२ माध्यमिक विद्यालय तथा २ वटा क्याम्पस रहेको छ जसमध्ये १६ वटा नीजि विद्यालय रहेका छन् । जसलाई तल तालिकामा उल्लेख गरिएको छ ।

शैक्षिक संस्था सम्बन्धी विवरण

विवरण	सामुदायिक	नीजि	कुल
आधारभूत (प्रावि र निमावि)	४२	७	४९
माध्यमिक	१३	९	२२
क्याम्पस	२	०	२
जम्मा	५६	१६	७३

स्वास्थ्य संस्था सम्बन्धी विवरण

स्वास्थ्यको क्षेत्रमा १ सामुदायिक जिल्ला अस्पताल, २ वटा प्राइभेट अस्पताल, १ जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र तथा ७ वटा हेल्थपोष्ट र ३ वटा नगर स्वास्थ्य क्लिनिक रहेका छन् । यस सम्बन्धी विस्तृत विवरण निम्न तालिकामा उल्लेख गरिएको छ ।

क्र.स	विवरण	संख्या
१.	जिल्ला सामुदायिक अस्पताल	१
२.	नीजि अस्पताल	२
३.	आयुर्वेद स्वास्थ्य केन्द्र	१
४.	स्वास्थ्य चौकी	७
५.	शहरी स्वास्थ्य क्लिनिक	१
६.	फार्मेसी	१२
७.	बर्थिङ सेन्टर	६
८.	टि.बि. उपचार केन्द्र	१२
९.	भिसिटी सेन्टर	१
१०.	खोप केन्द्र	२९

वित्तिय संस्था सम्बन्धी (बैंक) विवरण

कुल बैंक संख्या	:	२१
सरकारी	:	३
नीजि क वर्गका	:	१०
अन्य	:	८
साना उद्योग संख्या	:	९

मूख्य पर्यटकीय स्थलहरु

गाउँशहर (लमजुङ दरवार र कालिका मन्दिर)काउलेपानी, पुरानकोटगढी, नरुवल, खासुर, उदीपुर कालिका, नाल्मा, गाउँ भाचोक, पुमागाउँ, कर्पुरेश्वर पार्क (बेसीशहर), नयाँगाउँ, त्रिवेणीधाम आदि ।

मुख्य मुख्य पर्यटकीय उपजहरु

ग्रामीण पर्यटन, रक क्लाइम्बिङ, प्यारागलाइडिङ, र्‍याफ्टिङ, धार्मिक, ऐतिहासिक तथा सांस्कृतिक पर्यटन, प्राकृतिक दृश्यावलोकन, कृषि तथा जलविद्युत पर्यटन आदि ।

मूख्य सांस्कृतिक चाडपर्वहरु

दशैं, तिहार, ल्होसार, जनैपूर्णिमा, गाइजात्रा, चैते दशैं, शिवरात्री, कृष्णष्टमी, माघे सक्रान्ति, बुद्ध जयन्ती आदि ।

कृषि/पशु उपज सम्बन्धी विवरण

बेसीशहर नगरपालिका क्षेत्रमा उत्पादन हुने मुख्य अन्नबालीहरु धान, मकै, कोदो र गहुँ हुन् । नगदेबाली तर्फ अलैंची, अदुवा, कफि तथा तरकारी खेतीको सम्भावना छ । मुख्य फलफूलमा केरा, सुन्तला जात, किवी नास्पति आदिको सम्भावना छ । त्यसै गरी बेसीशहर नगरपालिक अर्गानिक मह उत्पादनको हिसावले महत्वपूर्ण मानिएको छ । यस क्षेत्रमा बाखापालन, कुखुरापालनको राम्रो विकास भै रहेको छ । दूध उत्पादन पनि यस क्षेत्रमा बृद्धि गर्न सकिन्छ ।

२. बेसीशहर नगरपालिकाको घरपरिवार सर्वेक्षण अनुसारको संक्षिप्त बस्तुगत विवरण

१. जनसंख्यासम्बन्धी आधारभूत विवरणः

बेसीशहर नगरपालिकाको कुल जनसंख्या **४४,५९८** रहेको छ जुन २०६८ को गणना भन्दा ३,९९९ बढेको देखिन्छ । बेसीशहर नगरपालिकामा कुल जनसंख्याको ४९% महिलाले ओगटेका छन् भने ५१% पुरुषले ओगटेका छन् । कुल जनसंख्याको २१.५९% हिस्सा १ वर्षदेखि १४ वर्ष उमेरका बालबालिकाले ओगटेका छन् । जातजातिका हकमा सबैभन्दा धेरै जनसंख्या भएको जाति क्षत्री हो जसले कुल जनसंख्याको २७.४८% हिस्सा ओगटेको छ । यस्तैगरी गुरुङ जाति कुल जनसंख्याको २६.२९% हिस्सा ओगटेर जनसंख्या धेरै भएको जातजातिमध्ये दोस्रो स्थानमा छ । बेसीशहर नगरपालिकामा ७४.९८% जनसंख्या हिन्दु धर्ममा आस्था राख्ने देखिन्छ । यस्तैगरी २१.६२% जनसंख्या बौद्ध धर्ममा आस्था राख्ने देखिन्छ । बेसीशहर नगरपालिकामा ८०% जनसंख्याको मातृभाषा नेपाली रहेको छ । यस नगरपालिकाको साक्षरता दर ८३.३०% रहेको छ जसमा पुरुष साक्षरता दर ८७.३२% र महिला साक्षरता दर ७९.१२% रहेको छ । बसोबास अवस्थाको हकमा ७८.१६% जनसंख्या बेसीशहर नगरपालिकामै बसेको देखिन्छ भने कुल अनुपस्थित जनसंख्या २१.८७% छ । बेसीशहर नगरपालिकामा जीविकोपार्जनका लागि कृषि तथा पशुपालन मुख्य पेसाका रुपमा देखिएको छ । जुन कुल जनसंख्याको १२.७८% हिस्सा हो । यस्तैगरी ९५.९५% जनसंख्यामा कुनै अपाङ्गता नभएको देखिन्छ भने बेसीशहर नगरपालिकामा ८८.२२% जनसंख्याले स्वस्थ रहेको जनाएका छन् ।

१.१. वडाका आधारमा जनसंख्या विवरण

बेसीशहर नगरपालिकामा सबैभन्दा धेरै जनसंख्या भएको वडाका रुपमा वडा ७ रहेको देखिन्छ । यस वडामा नगरपालिकाको कुल जनसंख्याको १९.५१% जनसंख्या छ । वडा ८ भने सबैभन्दा धेरै जनसंख्या भएको वडामध्ये दोस्रो स्थानमा छ । यस वडामा नगरपालिकाको कुल जनसंख्याको १६.६५% जनसंख्या छ । यस्तैगरी बेसीशहर नगरपालिकामा सबैभन्दा थोरै जनसंख्या भएको वडाको रुपमा वडा न ४ रहेको देखिन्छ । यस वडामा नगरपालिकाको कुल जनसंख्याको ३.०८% जनसंख्या छ । सबै वडाहरुको जनसंख्याको विवरण निम्न तालिकामा उल्लेखित छ ।

वडा नंः	संख्या	प्रतिशत
१	२७७७	६.२३
२	४२२१	९.४६
३	३४११	७.६५
४	१३७५	३.०८
५	१८३०	४.१०
६	२७५२	६.१७
७	८७०३	१९.५१
८	७८७२	१७.६५

९	२३२६	५.२२
१०	३३४७	७.५०
११	५९८३	१३.४२
जम्मा	**४४५९७**	**१००**

१.२. उमेरको आधारमा जनसंख्या विवरण

बेसीशहर नगरपालिकामा कुल जनसंख्याको २२.७२% जनसंख्या १४ वर्ष वा सोभन्दा मुनिका बालबालिका रहेको देखिन्छ र १९.८५% जनसंख्या १५ वर्ष देखि २४ वर्षसम्म रहेको देखिन्छ । यस्तैगरी २५ वर्षदेखि ३४ वर्ष उमेर समूहको जनसंख्या १९.०६% रहेको देखिन्छ भने १३.४७% जनसंख्या ३५ वर्षदेखि ४४ वर्षसम्म रहेको देखिन्छ । २४.८९% जनसंख्या ४५ वर्ष वा सोभन्दा माथि रहेको देखिन्छ ।

उमेर समूह	संख्या	प्रतिशत
१ वर्षभन्दा सानो	५०६	१.१३
(१-१४)	९६३०	२१.५९
(१५-२४)	८८५२	१९.८५
(२५-३४)	८४९८	१९.०६
(३५-४४)	६००८	१३.४७
(४५-५४)	४३९५	९.८५
(५५-६४)	३३०८	७.४२
(६५-७४)	२०९७	४.७०
७५ वर्षभन्दा माथि	१३०३	२.९२
जम्मा	**४४५९७**	**१००**

१.३. जातजातिका आधारमा जनसंख्या विवरण

गणनाको नतिजाअनुसार बेसीशहर नगरपालिकामा क्षत्री जातिको सबैभन्दा धेरै बहुल्यता देखिएको छ । कुल जनसंख्याको २७.४८% जनसंख्या क्षत्री छन् । यस्तैगरी दोस्रो स्थानमा गुरुङ जातिका समुदायको बहुल्यता रहेको पाइएको छ जसमा कुल जनसंख्याको २६.२९% गुरुङ छन् । बाह्मण बेसीशहर नगरपालिकाको कुल जनसंख्याको १०.६४% रहेको पाइएको छ ।निम्न तालिकाले बेसीशहर नगरपालिकामा रहेको सबै जातजातिले ओगटेको हिस्साका बारेमा विस्तार गरिएको छ ।

जातजाति	संख्या	प्रतिशत
क्षत्री	१२२५६	२७.४८
गुरुङ	११७२३	२६.२९
बाह्मण	४७४७	१०.६४
कामी	३०९४	६.९४
तामाङ	२९५४	६.६२
सार्की	२५६४	५.७५

नेवार	२१३८	४.७९
दमाईं	२००१	४.४९
मगर	१५०५	३.३७
घर्ती/भुजेल	६७२	१.५१
मुसलमान	३५९	०.८०
अन्य	२९८	०.६७
मधेसी	२८७	०.६४
जम्मा	**४४५९८**	**१००**

१.४. धर्मका आधारमा जनसंख्या विवरण

बेसीशहर नगरपालिकामा ७४.९८% जनसंख्या हिन्दु धर्ममा आस्था राख्छन् भने २१.६% जनसंख्या बौद्ध धर्ममा आस्था राख्छन् । यस्तैगरी क्रिस्चियन धर्ममा आस्था राख्ने जनसंख्या २.३३% रहेको छ । मात्र १% जनसंख्या अन्य धर्ममा आस्था राख्छन् ।

धर्म	संख्या	प्रतिशत
हिन्दु	३३४४२	७४.९८
बौद्ध	९६४०	२१.६२
क्रिस्चियन	१०४०	२.३३
मुस्लिम	३७०	०.८३
अन्य	१०६	०.२४
जम्मा	**४४५९८**	**१००**

१.५. मातृभाषाका आधारमा जनसंख्या विवरण

माथि उल्लेखित बारग्राफ बाट पनि के प्रस्ट हुन्छ भने बेसीशहर नगरपालिकामा नेपाली मातृ भाषी सबैभन्दा धेरै छन् । बेसीशहर नगरपालिकाको कुल जनसंख्याको ८०.३३% जनसंख्याको मातृभाषा नेपाली रहेको देखिन्छ । यस्तैगरी १४.८७% जनसंख्याको मातृभाषा गुरुङ रहेको देखिन्छ भने मात्र ३.४३% जनसंख्याको मातृभाषा तामाङ रहेको देखिन्छ ।

मातृभाषा	संख्या	प्रतिशत
नेपाली	३५८२७	८०.३३
गुरुङ	६६३२	१४.८७
तामाङ	१५२८	३.४३
नेवार	२३०	०.५२
मगर	१८९	०.४२
मधेसी (भोजपुरी, मैथली, अवधी)	१५३	०.३४
अन्य	३९	०.०९
जम्मा	**४४५९८**	**१००%**

१.६.शैक्षिक स्तरका आधारमा जनसंख्या विवरण

बेसीशहर नगरपालिकामा ४५.०२% जनसंख्या कक्षा १ देखि कक्षा १० सम्म अध्ययनरत छन् । कक्षा १० भन्दा माथि शैक्षिकस्तर भएका जनसंख्या २९.५१% छ । यस्तैगरी जम्मा ८.८८% जनसंख्या निरक्षर रहेको पाइएको छ । अनौपचारिक वा प्रौढ शिक्षा हासिल गर्ने जनसंख्या ८.७७% छ ।

शैक्षिकस्तर	संख्या	प्रतिशत
कक्षा १ देखि कक्षा १०	२००७९	४५.०२
IA वा सो सरह	५१३०	११.५०
S.L.C. वा सो सरह	४९०४	११.००
लेखपढ गन नसक्ने (निरक्षर)	३९५९	८.८८
अनौपचारिक/प्रौढ शिक्षा	३९१२	८.७७
BA वा सो सरह	२३९८	५.३८
५ वर्षभन्दा मुनिका बालबालिका	२१४४	४.८१
पूर्व प्राथमिक (नर्सरी, के.जी./ECD)	१३४३	३.०१
MA वा सोभन्दा माथि	७२९	१.६३
जम्मा	**४४५९८**	**१००**

१.७. बसोबासको अवस्थाका आधारमा जनसंख्या विवरण

माथि उल्लेखित बारग्राफबाट पनि के प्रस्ट हुन्छ भने बेसीशहर नगरपालिकामा स्थायी रुपले बसोबास गर्ने जनसंख्या उच्च छ । कुल बेसीशहर नगरपालिकाको जनसंख्या मध्ये ७८जनसंख्या बेसीशहर %१६. नगरपालिकामा स्थायी रुपले बसोबास गर्नेगरेको पाइएको छ । यस्तैगरी बेसीशहर नगरपालिकामा घर भएको .१२तर अन्यत्र बसेको जनसंख्या ३५.९रहेको छ भने %५०जनसंख्या नेपाल भन्दा बाहिर विदेशमा बसेको % देखिन्छ ।

बसोबासको अवस्था	संख्या	प्रतिशत
गणना गरेको ठाउँमा बसेको	३४८५७	७८.१६
स्वदेशमा अन्यत्र बसेको	५५०६	१२.३५
विदेशमा बसेको	४२३५	९.५०
जम्मा	**४४५९८**	**१००**

१.८. पेशाको अवस्थाका आधारमा जनसंख्या विवरण

बेसीशहर नगरपालिकामा १९.०८% जनसंख्या अध्ययनरत विध्यार्थी छन् भने १७.३५% नगरपालिकाको जनसंख्याले आफ्नो मुख्य दैनिकीका रुपमा घरधन्दा गर्ने गरेको पाइएको छ । आय आर्जनका हकमा कृषि तथा पशुपालन मुख्य पेशाका रुपमा देखिएको छ । बेसीशहर नगरपालिकामा १५.१६% जनसंख्याले कृषि तथा पशुपालनलाई आफ्नो मुख्य पेशाका रुपमा अघि सरेका छन् भने १०.४३% जनसंख्या नोकरी वा जागिरलाई आफ्नो मुख्य पेशा बनाएका छन् । यस्तैगरी ८.५७% जनसंख्या वैदेशिक रोजगारीमा छन् । बेसीशहर नगरपालिकामा ७.५१% जनसंख्या बेरोजगार देखिएका छन् ।

पेशा	संख्या	प्रतिशत
विध्यार्थी (अध्ययनरत)	८५०७	१९.०८
घरधन्दा	७७३६	१७.३५
१० वर्ष वा १० भन्दा मुनिका बालबालिका	६७६०	१५.१६
कृषि तथा पशुपालन	५७००	१२.७८
नोकरी/जागिर	४६५१	१०.४३
वैदेशिक रोजगारी	३८२१	८.५७
बेरोजगार	३३४८	७.५१
उद्योग तथा व्यापार	२२३०	५.००
ज्याला/मजदूरी	१३७३	३.०८
व्यावसायिक कार्य (जस्तैः पत्रकार, वकिल, परामर्श, ठेक्कापट्टा, पुजारी आदि)	३१३	०.७०
अन्य	१५८	०.३५
जम्मा	**४४५९७**	**१००**

१.९.अपाङ्गताको स्थितिका आधारमा जनसंख्या विवरण

बेसीशहर नगरपालिकामा कुल जनसंख्याको ९६.९५% जनसंख्यालाई कुनै प्रकारका अपाङ्गता नभएको देखिन्छ भने ३.०५% जनसंख्यामा विभिन्न किसिमको अपाङ्गता देखिएको छ । अपाङ्गता भएको कुल संख्या १३५८ रहेको छ ।

अपाङ्गताको स्थिति	संख्या	प्रतिशत
अपाङ्गता नभएको	४३२४०	९६.९५
शारीरिक अपाङ्गता	४७२	१.०६
सुनाइसम्बन्धी अपाङ्गता	२४२	०.५४
दृष्टिसम्बन्धी अपाङ्गता	१८१	०.४१
स्वर बोलाइसम्बन्धी अपाङ्गता	१७४	०.३९
बहुअपाङ्गता	११४	०.२६
मानसिक अपाङ्गता	१०४	०.२३
बौद्धिक अपाङ्गता	५७	०.१३
श्रवण दृस्टिविहीन	१४	०.०३
जम्मा	**४४५९८**	**१००%**

१.१०. स्वास्थ्य अवस्थाका आधारमा जनसंख्या विवरण

बेसीशहर नगरपालिकामा कुल जनसंख्याको ८८.२२% जनसंख्या स्वस्थ रहेको देखिन्छ भने ६% जनसंख्यामा सामान्य रोगी भएको देखिन्छ र ५.७८% जनसंख्यामा दीर्घरोग रहेको देखिन्छ ।

स्वास्थ्य अवस्था	संख्या	प्रतिशत
स्वस्थ	३९३४५	८८.२२
सामान्य रोगी	२६७६	६.००
दीर्घ रोगी	२५७७	५.७८
जम्मा	**४४५९८**	**१००**

२. घरपरिवार

घरपरिवारसम्बन्धी आधारभूत विवरण

बेसीशहर नगरपालिकाको कुल परिवार संख्या ९८३५ छ । कुल परिवार संख्यामा ६३.३८% परिवारमा परिवारमूली पुरुष छन् भने ३६.६१% परिवारमा परिवारमूली महिला छन् । कुल परिवार संख्याको ७८.५६% परिवारको कम्तिमा एउटा घर बेसीशहर नगरपालिकामा रहेको जनाएका छन् भने २३.४४% परिवारको एउटा पनि घर बेसीशहर नगरपालिकाभित्र नरहेको जनाएका छन् । जुन परिवारको बेसीशहर नगरपालिकाभित्र एउटा पनि घर छैन त्यस्ता परिवारमा ९०.९७% परिवार भाडाको घरमा बसोबास गरेको पाइएको छ । यस्तैगरी कुल परिवार संख्याको १८.५१% परिवारको बेसीशहर नगरपालिकाबाहिर पनि घर रहेको देखिएको छ । बेसीशहर नगरपालिकामा घरको छानाको प्रकारको बारेमा हेर्दा ६०.९६% परिवार अस्थायी छाना भएको घरमा बसोबास गर्दै आएको देखिएको छ । नगरपालिकामा ६३.२२% परिवारको घरको जग ढलान पिल्लर नभएको र ४२.५०% परिवारको घरको बाहिरी गारो/ पर्खाल पनि सिमेन्टको प्रयोग नभएको पाइएको छ ।

वडाका आधारमा परिवार संख्या विवरण

वडा नंः	परिवार संख्या	प्रतिशत
१	५७०	५.८०
२	९०६	९.२१
३	७५६	७.६९
४	२४७	२.५१
५	३८२	३.८८
६	५८७	५.९७
७	१९९४	२०.२८
८	१८८१	१९.१३
९	४९७	५.०५
१०	७९५	८.०८
११	१२१९	१२.४०
जम्मा	९८३४	१००

२.१. परिवारका आधारमा घरको संख्या

बेसीशहर नगरपालिकामा कुल परिवार संख्याको ७६.५३% परिवारहरुको बसोबास लागि आफ्नै घर भएको देखिन्छ भने २३.४४% परिवारहरुको बसोबास लागि नगरपालिकाभित्र आफ्नै घर नभएको देखिन्छ । यस्तैगरी बेसीशहर नगरपालिकाभन्दा बाहिर कुल परिवार संख्याको १८.५२% परिवारहरुको आफ्नै घर रहेको पाइएको छ भने ८१.४८% परिवारहरुको बेसीशहर नगरपालिका बाहिर घर नरहेको पाइएको छ ।

घर	नगरपालिकाभित्र		नगरपालिकाबाहिर	
	परिवार संख्या	प्रतिशत	परिवार संख्या	प्रतिशत
एक	६७९८	६९.१३	१७६८	१७.९८
एउटा पनि छैन	२३०५	२३.४४	८०१३	८१.४८
दुई	६९५	७.०७	४३	०.४४
तीन	३२	०.३३	१०	०.१०
चार	३	०.०३	-----	------
चारभन्दा बढी	१	०.०१	-----	-----
जम्मा	**९८३४**	**१००%**	**९८३४**	**१००%**

२.२ घरको स्वामित्वको प्रकारका आधारमा परिवारको विवरण

बेसीशहर नगरपालिकामा कुल परिवार संख्याको ७३.३२% परिवारहरुको घरको स्वामित्व निजी रहेको देखिन्छ भने २५.२७% परिवारहरु बसोबास गर्दै आएको घर भाडामा रहेको देखिन्छ ।

घरको स्वामित्व	परिवार संख्या	प्रतिशत
निजी/आफ्नै	७२१०	७३.३२
भाडामा	२४८५	२५.२७
अन्य	९६	०.९८
संस्थागत	४३	०.४४
जम्मा	**९८३४**	**१००**

२.३.परिवार बसोबास गर्ने घरको छानाका प्रकार

बेसीशहर नगरपालिकामा ५६.१३% परिवारहरु बस्दै आएको घरको छानो जस्ता, टिन वा च्यादरले छाएको छ । यस्तैगरी ३९.०४% परिवार बस्दै आएको घरको छानो आरसीसी ढलान भएको छ र ३.८१% परिवार बस्दै आएको घरको छानो टायल वा ढुंगाले छाएको छ । मात्र १.०२% परिवारहर बस्दै आएको घरको छानो फुस वा खरले छाएको छ ।

छानाको प्रकार	परिवार संख्या	प्रतिशत
जस्ता, टिन वा च्यादर छाना भएको	५५२०	५६.१३
आरसीसी ढलान भएको	३८३९	३९.०४
टायल वा ढुङ्गाका छाना भएको	३७५	३.८१
फुस वा खरको छाना भएको	१००	१.०२
जम्मा	**९८३४**	**१००**

३. बाटोघाटो तथा खानेपानी

३.१. घरसम्म पुग्ने बाटोको अवस्था

बेसीशहर नगरपालिकामा कुल परिवार संख्याको ४७.९४% परिवारले आफ्नो घरसम्म पुग्ने बाटोमा गोरेटो बाटो जोडिएको जनाएका छन् र २३.६२% परिवारले आफ्नो घरसम्म पुग्ने बाटो धूले सडक रहेको जनाएका छन् । यस्तैगरी २३.१०% परिवारले आफ्नो घरसम्म पुग्ने बाटो पक्की कालोपत्रे सडक रहेको जनाएका छन् र ५.२९% परिवारले आफ्नो घरसम्म पुग्ने बाटो ग्राभेल रहेको जनाएका छन् ।

बाटोको अवस्था	परिवार संख्या	प्रतिशत
गोरटो बाटो जोडिएको	४७१४	४७.९४
धूले सडक (कच्ची)	२३२३	२३.६२
पक्की/कालोपत्रे सडक	२२७२	२३.१०
ग्राभेल सडक	५२०	५.२९
अन्य	५	०.०५
जम्मा	**९८३४**	**१००**

३.२. खानेपानीको मुख्य स्रोत

बेसीशहर नगरपालिकामा ७७.७०% परिवारको आफ्नै घरमा पाइप धारा रहेको जनाएका छन् जसले गर्दा पानी खोज्न अन्यत्रै धाउनु पर्दैन । १८.८०% परिवारले सार्वजनिक पाइप धारामा भर पर्नुपरेको जनाएका छन् भने २.५६% परिवार मूलको पानीमा भर पर्नुपरेको जनाएका छन् ।

खानेपानीको मुख्य स्रोत	परिवार संख्या	प्रतिशत
पाइप धारा घरमा	७६४१	७७.७०
पाइप धारा सार्वजनिक	१८४९	१८.८०
मूलको पानी	२५२	२.५६
नढाकिएका इनार/कुवा	४०	०.४१
नदी खोला	३५	०.३६
ढाकिएका इनार/कुवा	१४	०.१४
डिप बोरिङ	३	०.०३
जम्मा	**९८३४**	**१००**

४. इन्धन

४.१. खाना पकाउन इन्धनको मुख्य स्रोत

बेसीशहर नगरपालिकामा ५५.३३% परिवारले एल.पी. ग्यासलाई खाना पकाउने मुख्य इन्धनको स्रोत बनाएको देखिन्छ । ४१.९९% परिवारले दाउरालाई खाना पकाउने मुख्य इन्धनको स्रोत बनाएको देखिन्छ र २.४२% परिवारले बायोग्यासलाई खाना पकाउने मुख्य इन्धनको स्रोत बनाएको देखिन्छ ।

खाना पकाउन इन्धन	परिवार संख्या	प्रतिशत
एल.पी. ग्यास	५४४१	५५.३३
दाउरा	४१२९	४१.९९
बायोग्यास	२३८	२.४२
विद्युत्	१४	०.१४
मट्टीतेल	७	०.०७
अन्य	३	०.०३
गुइँठा	२	०.०२
जम्मा	**९८३४**	**१००%**

५. साधन/सुविधाको उपभोग

५.१.परिवारले उपभोग गरेका साधन/सुविधाहरु

बेसीशहर नगरपालिकामा कुल परिवार संख्याको ९२.८८% परिवार टेलिफोन/मोबाइल फोन प्रयोग गर्ने गरेको पाइएको छ । टेलिभिजन प्रयोग गर्ने परिवार ७०.७२% छन् भने रेफ्रिजिरेटर प्रयोग गर्ने परिवार २७.५०% छन् । यस्तैगरी इन्टरनेट, कम्प्युटर वा ल्यापटप प्रयोग गर्ने परिवार ३५.८९% छन् ।
रेडियो प्रयोग गर्ने परिवार २५.९५% छन् र मोटरसाइकल, मोटर/कार तथा ढुवानी साधन प्रयोग गर्ने परिवार १५.७१% छन् । हिटर, गिजर तथा सोलार प्रयोग गर्ने परिवार ४.२७% छन् ।

साधन/ सुविधा	परिवार संख्या	प्रतिशत
टेलिफोन/मोबाइल फोन	९१३४	९२.८८
टेलिभिजन	६९५५	७०.७२
रेफ्रिजरेटर	२७०४	२७.५०
रेडियो	२५५२	२५.९५
इन्टरनेट	२११४	२१.५०
कम्प्युटर/ल्यापटप	१४१५	१४.३९
मोटरसाइकल	१२३९	१२.६०
हिटर, गिजर, सोलार	४२०	४.२७
ढुवानी साधन (बस, ट्रक, टिपर, ट्र्याक्टर)	१६१	१.६४
मोटर/कार	१४५	१.४७

५.२. कृषि कार्यका लागि जग्गा प्रयोग

बेसीशहर नगरपालिकामा कुल परिवार संख्याको ५४.१४% परिवारले कृषि कार्यका लागि जग्गा प्रयोग गरेको देखिन्छ भने ४५.८६% परिवारले कृषि कार्यका लागि जग्गा प्रयोग नगरेको देखिन्छ ।

कृषि कार्यका लागि जग्गा प्रयोग	परिवार संख्या	प्रतिशत
छ	५३२४	५४.१४
छैन	४५१०	४५.८६
जम्मा	**९८३४**	**१००**

५.३. कृषि कार्यका लागि प्रयोग गरेको जग्गाको विवरण

कुल परिवार संख्यामा जम्मा ५३२४ परिवारले कृषि कार्यका लागि जग्गा उपभोग गरेका छन् । सो जग्गा प्रयोजन वा उपभोगसम्बन्धी निम्न तालिकाले प्रकाश परेको छ।

कृषिका लागि प्रयोग भएको जग्गा	परिवार संख्या	प्रतिशत
आफ्नो जग्गा आफैंले चलन गरेको	४७६४	८९.४८
अरुको जग्गा आफूले चलन गरेको	१३४७	२५.३०
आफ्नो जग्गा अरुले चलन गरेको	४११	७.७२

६. बैंक तथा वित्तीय कारोबार

६.१.परिवारको सदस्यको बैंक तथा वित्तीय संस्थामा खाता

बेसीशहर नगरपालिकामा कुल परिवार संख्याको ८४.२७% परिवारको सदस्यको बैंक तथा वितिय संस्थामा खाता रहेको देखिन्छ भने १५.७३% परिवारको सदस्यको बैंक तथा वित्तीय संस्थामा खाता नरहेको देखिन्छ ।

बैंक तथा वित्तीय संस्थामा खाता	परिवार संख्या	प्रतिशत
छ	८२८७	८४.२७
छैन	१५४७	१५.७३
जम्मा	**९८३४**	**१००**

६.२. परिवारको सदस्यको कुनै संघ-संस्था वा कसैबाट लिएको ऋणसम्बन्धी विवरण

बेसीशहर नगरपालिकामा ३७.३४% परिवारको सदस्यको कुनै संघ-संस्था वा कसैबाट ऋण लिएको देखिएको छ भने ५७.७८% परिवारको सदस्यले कसैबाट पनि ऋण नलिएको देखिएको छ ।

ऋण लिएको	परिवार संख्या	प्रतिशत
छ	३६७२	३७.३४
छैन	५६८२	५७.७८
थाहा छैन	४८०	४.८८
जम्मा	**९८३४**	**१००**

७. पारिवारिक आम्दानी तथा खर्च

७.१.परिवारको आम्दानीको स्रोत

बेसीशहर नगरपालिकामा पारिवारको मुख्य आम्दानीका रुपमा कृषि तथा पशुपालन देखिएको छ । कुल परिवार संख्याको ३६.५५% परिवार कृषि तथा पशुपालनमा निर्भर छन् । २९.८१% परिवारमा आयआर्जनका लागि वैदेशिक रोजगारमा गएको देखिन्छ र विदेशबाट कमाएर पठाएको रेमिट्यान्स नै पारिवारिक आम्दानीको मुख्य स्रोत बनेको छ । यस्तैगरी पारिवारिक आम्दानीको अन्य स्रोतका रुपमा नोकरी/ जागिर, पेन्सन, व्यापार/व्यवसाय, दैनिक ज्यालादारी, घर, जग्गा भाडामा र सवारी साधन/मेसिन भाडा मुख्य देखिएको छ ।

आम्दानीको स्रोत	परिवार संख्या	प्रतिशत
कृषि तथा पशुपालन	३५९४	३६.५५
वैदेशिक रोजगार	२९३२	२९.८१
नोकरी/जागिर	२८६२	२९.१०
पेन्सन	१६८२	१७.१०
व्यापार/व्यवसाय	१६२२	१६.४९
दैनिक ज्यालादारी	१३८३	१४.०६
अन्य	९९१	१०.०८
घर, जग्गा भाडामा	७९२	८.०५
सवारी साधन/मेसिन भाडा	१३८	१.४०
ब्याज/ लाभांश	८४	०.८५

(बहु उत्तर सम्भव भएको हुँदा प्रतिशत १०० भन्दा धेरै हुन जान्छ)

८. उत्पादनः कृषि, चौपाया तथा पशुपक्षी

बाली

कुल परिवार संख्याको ५३२४ परिवारले (जुन कुल परिवार संख्या को ५४.१४% परिवार) आफ्नो मातहतमा रहेको जग्गा, चाहे त्यो आफ्नो जग्गा होस् या अरुको जग्गा आफूले चलन गरेको होस्, कृषि कार्यमा प्रयोग गरेका छन् ।

८.१. कृषि उत्पादनले परिवारलाई खान पुग्ने समय

बेसीशहर नगरपालिकामा कुल परिवार संख्याको २५.७३% परिवारलाई आफ्नो कृषि उत्पादनले ३ महिनासम्म मात्र खान पुग्ने बताएका छन् र २९.०६% परिवारलाई आफ्नो कृषि उत्पादनले ४ देखि ६ महिनासम्म खान पुग्ने बताएका छन् । मात्र १४.११% परिवारलाई भने ६ देखि ९ महिनासम्म खान पुग्ने देखिन्छ भने ३१.१०% परिवारलाई ९ देखि १२ महिनासम्म खान पुग्ने बताएका छन् ।

महिना	परिवार संख्या	प्रतिशत
३ महिनासम्म	१३७०	२५.७३
४ देखि ६ महिनासम्म	१५४७	२९.०६
७ देखि ९ महिनासम्म	७५१	१४.११
९ देखि १२ महिनासम्म	१६५६	३१.१०
जम्मा	**५३२४**	**१००**

८.२. वार्षिक उत्पादन हुने बालीहरु

बेसीशहर नगरपालिकामा कुल कृषि कार्यमा संलग्न परिवार संख्याको ९५.४०% परिवारले अन्नबाली उब्जाउ गर्ने गरेका छन् र ७९.११% परिवारले तरकारी उब्जाउ गर्ने गरेका छन् । यस्तैगरी ६२.७५% परिवारले नगदे बाली उब्जाउ गर्ने गरेका छन् भने २०.४५% परिवारले दलहन उब्जाउ गर्ने गरेका छन् । फलफूलको हकमा १५.४४% परिवारले उब्जाउ गर्ने गरेका छन् र १०.८९% परिवारले तेलहन उब्जाउ गर्ने गरेका छन् । बेसीशहर नगरपालिकामा फूल एकदम थोरै मात्रामा उत्पादन हुने गरेको पाइएको छ ।

उत्पादित बाली	परिवार संख्या	प्रतिशत
अन्नबाली	५०७९	९५.४०
तरकारी	४२१२	७९.११
नगदे बाली	३३४१	६२.७५
दलहन	१०८९	२०.४५
फलफूल	८२२	१५.४४
तेलहन	५८०	१०.८९
फूलखेती	६	०.११

(बहु उत्तर सम्भव भएको हुँदा प्रतिशत १०० भन्दा धेरै हुन जान्छ)

८.३. चौपाया तथा पशुपक्षी

बेसीशहर नगरपालिकामा कुल परिवार संख्याको ५३.५२% परिवारहले चौपाया तथा पशुपक्षी पालनमा संलग्नता जनाएका छन् भने ४६.४८% परिवारले चौपाया तथा पशुपक्षी नपालेको जनाएका छन् ।बेसीशहर नगरपालिकामा कुल चौपाया तथा पशुपक्षी पालनमा संलग्न परिवार संख्याको ७६.८२% परिवारले बाख्रा/भेडा, खसी/बोका पालेको देखिन्छ र ५३.०३% परिवारले राँगाभैंसी/पाडापाडी पालेको देखिन्छ । यस्तैगरी ४९.३६% परिवारले कुखुरा/हाँस पालेको देखिन्छ भने २६.१८% परिवारले गाईगोरु/बाच्छाबाच्छी पालेको देखिन्छ । मौरी पाल्ने कुल चौपाया तथा पशुपक्षी पालनमा संलग्न परिवारमध्ये ८.३६% परिवारले पालेको देखिन्छ र मात्र १.७७% परिवारले सुँगुर/बंगुर पालेको देखिन्छ ।

चौपाया तथा पशुपक्षी	परिवार संख्या	प्रतिशत
बाख्रा/भेडा, खसी/बोका	४०४३	७६.८२
राँगाभैंसी/पाडापाडी	२७९१	५३.०३
कुखुरा/हाँस	२५९८	४९.३६

गाईगोरु/बाच्छाबाच्छी	१३७८	२६.१८
मौरी	४४१	८.३८
सुँगुर/बंगुर	९३	१.७७

९. सीप/तालिम

बेसीशहर नगरपालिकाको कुल परिवार संख्याको १०.०९% परिवारले मात्र परिवारको कुनै सदस्यले विगत ३ वर्षमा व्यावसायिक सीप/तालिम हासिल गरेको देखिन्छ । यस्तो व्यावसायिक सीप/तालिम हासिल गर्ने परिवार संख्या मात्र ९९२ छ । यस्तैगरी ८९.९१% परिवारले व्यावसायिक सीप/तालिम हासिल नगरेको देखिन्छ ।

सीप/तालिम प्राप्त	परिवार संख्या	प्रतिशत
छ	९९२	१०.०९
छैन	८८४२	८९.९१
जम्मा	**९८३४**	**१००**

२. सातौं नगरसभा सम्पन्न गर्ने सन्दर्भमा सम्पादन गरिएका कार्यहरु

पृष्ठभूमी :

विश्वव्यापी रुपमा फैलिएको कोरोना भाइरस संक्रमणले गर्दा जनस्तरमा रहेको डरत्रास, आशंका, दुविधा, कष्टकर र अन्यौलपूर्ण परिस्थितिमा बेसीशहर नगरपालिकाले मिति २०७७ असार ८ गते सातौं नगरसभाको बैठक आह्वान गरी २०७७ असार १९ गते सम्पन्न गरेको छ । असार ८ गते नीति, कार्यक्रम तथा बजेट नगरसभा समक्ष पेश भएको थियो भने असार १९ गते नीति,कार्यक्रम तथा बजेट पारित गर्दै सम्पन्न भएको थियो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ वमोजिम स्थानीय तहहरुले हरेक आर्थिक वर्षमा कम्तिमा दुई वटा नगरसभा सम्पन्न गर्नुपर्ने कानूनी व्यवस्था छ । सोही ऐनको दफा ७१ मा असार १० गते भित्र स्थानीय तहहरुले नगरसभामा आगामी आर्थिक वर्षको बजेट पेश गरिसक्नु पर्ने तथा असार मसान्तभित्र नगरसभाबाट बजेट स्वीकृत गरिसक्नु पर्ने व्यवस्था गरेको छ । यसै सन्दर्भमा बेसीशहर नगरपालिकाले आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट पेश गर्दै पारित गर्ने अवस्थासम्म आइपुग्दा विभिन्न चरणहरुमा विभिन्न कार्यहरु सम्पन्न गरेको थियो । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७४ मा देहाय वमोजिमको योजना तर्जुमाका चरणहरु र समयसीमा निर्धारण गरेको छ ।

स्थानीय तहको बार्षिक योजना तर्जुमाका चरणहरु

चरणहरु	समय सीमा
चरण १ .बजेटको पूर्व तयारी	
• आय व्ययको प्रक्षेपण गरिएको तथ्यांक सहितको विवरण सङ्घीय सरकारमा पेश गर्ने ।	पौष मसान्त भित्र
• संघ र प्रदेशबाट बजेटको सीमा प्राप्त गर्ने ।	चैत्र मसान्त भित्र
चरण २ .स्रोत अनुमान तथा बजेट सीमा निर्धारण	बैशाख १० भित्र
चरण ३ .बस्ती तहका योजना छनौट	वैशाख मसान्त भित्र
चरण ४ .वडा तहमा योजना छनौट तथा प्राथमिकीकरण	जेष्ठ १५ भित्र
चरण ५ .बजेट तथा कार्यक्रम तर्जुमा	असार ५ भित्र
चरण ६ .गाउँ वा नगर कार्यपालिकाबाट बजेट तथा कार्यक्रम स्वीकृति	असार १० भित्र
चरण ७ .गाउँ वा नगर सभाबाट बजेट तथा कार्यक्रम स्वीकृति	
• बजेट तथा कार्यक्रम प्रस्तुती	असार १० भित्र
• बजेट तथा कार्यक्रम स्वीकृति	असार मसान्त भित्र

यिनै चरणहरुलाई समेत आधार मानी बेसीशहर नगरपालिकाले सातौ नगरसभा सम्पन्न गर्ने सिलसिलामा सम्पादन गरेका कार्यहरुको संक्षिप्त विवरण प्रस्तुत गरिएको छ ।

क. राजश्व परामर्श समितिको बैठक :

सातौं नगरसभा तयारीको सन्दर्भमा राजश्व परामर्श समितिको बैठक उपप्रमुख श्री लक्ष्मीदेवी अधिकारीको अध्यक्षतामा दुई पटक बस्यो । २०७७ बैशाख ३१ गते बसेको बैठकमा आगामी आर्थिक वर्ष २०७७/०७८

का लागि नगरपालिकाबाट लगाइने विभिन्न कर, शुल्क, दस्तुर आदिको सम्बन्धमा छलफल गरी चालु आवमा तोकिएको शुल्क समेतलाई आधार मानी आगामी आव २०७७/०७८ को कर, शुल्क र दस्तुरमा परिमार्जित दररेट तयार गर्ने कार्य भयो । साथसाथै होटल व्यवसायको बगिकरणमा जिल्ला घरेलु कार्यालय समेतसंग छलफल गरी कर निर्धारण गर्ने निर्णय भयो । यस बैठकमा चालु आवको बैशाख मसान्तसम्म २ करोड ६७ लाख ५६ हजार आन्तरिक आम्दानी भएको र आगामी आवको कुल आम्दानी रु ३ करोड ५० लाख अनुमान गर्ने निर्णय गरिएको थियो । त्यसै गरी २०७७ असार ५ गते पनि राजश्व परामर्श समितिको बैठक बस्यो । यस बैठकमा नगरसभामा पेश गर्ने आर्थिक विधेयक २०७७ को मस्यौदा माथि छलफल गर्ने कार्य तथा प्राकृतिक श्रोत उपयोग कर (गिटी, बालुवा, ग्राभेल) मा विभिन्न घाटहरुबाट उठ्न सक्ने रकमको अनुमान, सहजी बसपार्कको पार्किङ शुल्कको दररेट निर्धारण, बेनपा ६ मालेबगरको व्यक्तिगत जग्गाबाट उठाइने बालुवा, गिटी, ग्राभेलको प्राकृतिक श्रोत उपयोग कर लिने तथा नगरपालिका भित्रका होटलहरुलाई क, ख र ग मा बर्गिकरण गरेको थियो ।

ख. श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक

मिति २०७७ जेष्ठ ११ र १३ गते गरी दुई पटक श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको बैठक बस्यो । २०७७ जेष्ठ ११ गतेका दिन नगरप्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको बैठकले बेसीशहर नगरपालिकाको आव २०७७/०७८ को आय प्रक्षेपण गऱ्यो । सो निर्णय अनुसार आन्तरिक आय रु ३ करोड ५० लाख, आव २०७६/०७७ मा खर्च नभई जिम्मेवारी सर्ने अनुमान ३ करोड, संघीय सरकारको राजश्व बाँडफाँडबाट प्राप्त हुने ९ करोड १५ लाख १ हजार १८१, संघीय सरकारको वित्तिय समानीकरण अनुदान १३ करोड ९८ लाख, प्रदेश सरकारको वित्तिय समानीकरण अनुदान १ करोड २५ लाख, प्रदेश सरकारको राजश्व बाँडफाँडबाट प्राप्त ८० लाख, सशर्त अनुदान (सामाजिक सुरक्षा भत्ता समेत) ३७ करोड तथा संघीय समपुरक अनुदानतर्फ २ करोड ५० लाख गरी जम्मा ७१ करोड १८ लाख, १ हजार १८१ आय अनुमान प्रक्षेपण गरेको थियो । श्रोत अनुमान समितिको जेठ ११ गतेकै बैठकमा क्षेत्रगत बजेटको सीमा निर्धारण गर्ने निर्णय भएको थियो । जस अनुसार सार्वजनिक सेवा तथा क्षमता विकासतर्फ १.५ प्रतिशत, सामाजिक विकासतर्फ ५४.५ प्रतिशत, पूर्वाधार विकासतर्फ २१.५ प्रतिशत, आर्थिक विकासतर्फ ५ प्रतिशत, वातावरण तथा विपद व्यवस्थापनतर्फ २ प्रतिशत तथा संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ १५.५ प्रतिशत बजेट विनियोजन हुने निर्णय गरेको थियो ।

सो बैठकले आगामी आवको नीति, कार्यक्रम तथा बजेट तयार गर्दा लिइने बजेटका सिद्धान्त र प्राथमिकताहरु तोकेको थियो । जस अनुसार कोरोना संक्रमणले गरेको अवरोधलाई चिर्न स्वस्थ्य प्रणालीको सुदृढीकरण,सर्वसुलभ स्वास्थ्य सेवा, कृषिक्षेत्रलाई रोजगारीको प्रमुख क्षेत्रको रुपमा विकास गर्ने, प्रत्येक नगरबासीले सुरक्षित र मर्यादित जीवनयापत गर्न पाउनु पर्ने तथा खाद्य सुरक्षाको प्रत्याभुति हुने गरी कार्यक्रम तथा बजेट ल्याउने, कोभिड १९ ले शिथिल बनेको श्रमक्षेत्र, निर्माण, उत्पादन र पर्यटन क्षेत्रलाई समेत जोड दिने, बैदेशिक रोजगारी छाडेर आएका युवाहरुलाई कृषि तथा स साना घरेलु उद्यमहरुमा रोजगारी दिलाउने, श्रममुलक तवरले विकास निर्माणका कार्यहरु गर्ने, विपद जोखीम न्यूनीकरणमा बजेट विनियोजन गर्ने, शैक्षिक सुधारका कार्यक्रमहरु सञ्चालन गर्ने, सीपमूलक तालिमहरुलाई प्राथमिकता दिइने, लैंगिक हिंसामा परेका महिला, अपांगता भएका व्यक्ति, बालबालिका र जेष्ठ नागरिकको संरक्षण गर्ने गरी बजेटमा प्राथमिकता दिइने, आर्थिक पारदर्शिता, सुशासन र जवाफदेहिता कायम गरिने, वातावरण संरक्षण गरिने जस्ता विषयहरु बजेटका सिद्धान्त र प्राथमिकतामा रहेका छन् ।

श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिको २०७७ जेष्ठ १३ गते पुनः बैठक बसी वडास्तरीय योजना तथा कार्यक्रमहरुको लागि वडागतरुपमा पुँजीगत बजेट सीमा निर्धारण गरिएको थियो । चालु आवकै सूत्रमा आधारित भएर चालु आवकै वडागत बजेट सीमा बराबर आगामी आवमा वडागत बजेट निर्धारण गरिएको थियो ।

सूचक	भार	कैफियत
वडाको क्षेत्रफल	४०	
वडाको जनसंख्या	३०	
वडाको विकासको अवस्था	२५	
राजश्व संकलनको अवस्था	५	

बेसीशहर नगरपालिकाको आ.व.२०७७।०७८ को बडा वजेटको सीमा निर्धारण

वडा नं.	सूचक र भार				कुल भार	समानीकरण बजेट	सुत्रमा अधारित बजेट	कुल बजेटरु
	जनसंख्या भार ४०)%(	क्षेत्रफल भार)30%(	विकासको अवस्था भार .)25%)	आन्तरिक आय भार .)5%)				
१	०.०२७३६१	०.०२६६५९	०.०१९२३१	०.००५०६०	०.०७८३१	४९०००००	१३४००००	६२४००००
२	०.०३६४१६	०.०२७१५३	०.०१९२३१	०.००५०२७	०.०८७८२७	४९०००००	१५०२०००	६४०२०००
३	०.०३०७७५	०.०२३७४४	०.०१९२३१	०.००३८३४	०.०७७५८४	४९०००००	१३२७०००	६२२७०००
४	०.०१२०४४	०.०२५९०७	०.०२८८४६	०.००२१६९	०.०६८९६६	४९०००००	११८००००	६०८००००
५	०.०१८०८१	०.०३७०७४	०.०२८८४६	०.००१३७५	०.०८५३७६	४९०००००	१४६००००	६३६००००
६	०.०२६४९७	०.०२२२४०	०.०२८८४६	०.००३५८०	०.०८११६२	४९०००००	१३८८०००	६२८८०००
७	०.०७३५२४	०.००६६५३	०.००९६१५	०.००५०५६	०.०९४८४८	४९०००००	१६२२०००	६५२२०००
८	०.०७१७२५	०.००३६२०	०.००९६१५	०.००९२२७	०.०९४१८८	४९०००००	१६११०००	६५११०००
९	०.०१९६३६	०.०१५२३४	०.०२८८४६	०.००३५१५	०.०६७२३२	४९०००००	११५००००	६०५००००
१०	०.०३१४३६	०.०७०२९२	०.०२८८४६	०.००५७३९	०.१३६३१४	४९०००००	२३३१०००	७२३१०००
११	०.०५२५०५	०.०४१४२३	०.०२८८४६	०.००५४१८	०.१२८१९३	४९०००००	२१९३०००	७०९३०००
	०.४	**०.३**	**०.२५**	**०.०५**	**१**	**५३९०००००	**१७१०४०००**	**७,१०,०४,०००**

साथै श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट योजना छनौट सम्बन्धी मापदण्ड देहाय वमोजिम निर्धारण गरिएको थियो ।

क) वडालाई प्राप्त बजेट सिलिङबाट कम्तिमा एउटा योजना न्यूनतम १० लाखको हुनुपर्ने ।

ख) ५ लाख वा सो भन्दा बढीको योजनामा न्यूनतम १५ लाख विनियोजन गर्नु पर्ने ।

ग) लागत इष्टिमेट गनुपर्ने भौतिक पूर्वाधारजन्य योजनामा २ लाखभन्दा सानो योजना छनौट गर्न पाइने छैन ।

घ) प्राप्त बजेट सिलिङबाट २.५ देखि ३ प्रतिशतसम्म चालु खर्च विनियोजन गर्न सकिनेछ ।

ङ) देहायका विषय र क्षेत्रहरुलाई समेटी योजना तथा कार्यक्रम छनौट गर्नु पर्नेछ ।

आर्थिक विकास (कृषि तथा पशु विकास, पर्यटन, उद्योग तथा वाणिज्य, सहकारी, स्वरोजगार)

सामाजिक विकास (शिक्षा, स्वास्थ्य, पोषण, खानेपानी तथा सरसफाई, खेलकुँद, कला, संस्कृति, साहित्य, लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लक्षित वर्ग उत्थान)

भौतिक पूर्वाधार विकास (सडक, सडकपुल, झो.पु., सिंचाई, भवन तथा शहरी विकास, विद्युत, सञ्चार)
वन वातावरण तथा विपद व्यवस्थापन (वन तथा भू संरक्षण, फोहरमैला व्यवस्थापन, जलउत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापन, जलवायु परिवर्तन, जलाधार संरक्षण)
संस्थागत विकास तथा सुशासन (सूचना प्रविधिको प्रयोग, मानव संशाधन विकास, सेवा प्रवाह, राजश्व परिचालन आदि ।

ग. बस्ती तथा वडास्तरीय योजना तर्जुमा गोष्ठी

तलबाटै योजना छनौट गर्ने अवधारणा (Bottom up Approach) वमोजिम योजना छनौटको लागि २०७७ जेष्ठ मसान्तसम्ममा वडास्तरीय योजना छनौट गरी नगरकार्यपालिकामा पेश गर्न अनुरोध गरिएको थियो । सोही वमोजिम वडाध्यक्षहरुले आ आफ्नो वडामा अन्तर्गतका विभिन्न बस्तीहरुमा सामाजिक दुरी कायम राख्दै भेला बैठकहरु आयोजना गरी योजनाहरुको माग संकलन गर्नु भएको थियो । वडास्तरीय भेलाबाट वडालाई प्राप्त बजेट सिलिङभित्रका योजनाहरुको छनौट र प्राथमिकीकरण गरिनुका साथसाथै नगरपालिका स्तरीय योजना तथा संघ र प्रदेशको लागि सिफारिश गर्ने योजना तथा कार्यक्रमहरु समेत छनौट गरिएको थियो । सवै वडास्तरीय भेला तथा बैठक सम्वन्धित वडाका वडाध्यक्षहरुको अध्यक्षतामा बसेको थियो ।

घ. विषयगत समितिहरुको बैठक

सवै विषयगत समितिहरुको बैठक २०७७ जेष्ठ २० देखि र जेष्ठ २७ गतेका दिन विभिन्न समयमा बस्यो । पूर्वाधार विकास समितिको बैठक समितिका संयोजक श्री अजय मजाकोटीको अध्यक्षतामा, सामाजिक विकास समितिको बैठक समितिका संयोजक श्री देव बहादुर गहतराजको अध्यक्षतामा, वन वातावरण तथा विपद व्यवस्थापन समितिको बैठक समितिका संयोजक श्री मन्दिरा दनाईंको अध्यक्षतामा, आर्थिक विकास समितिको बैठक समितिका संयोजक श्री मनमाया गुरुङको अध्यक्षमा, तथा संस्थागत श्रोत तथा क्षमता विकास समितिको बैठक समितिका संयोजक श्री कृष्णा नेपालीको अध्यक्षतामा बस्यो । बैठकले गरेका निर्णयहरु तथा बैठक सम्बन्धी जानकारी निम्नानुसार प्रस्तुत गरिएको छ ।

(१)पूर्वाधार विकास समिति :

२०७७ जेष्ठ २० गतेका दिन पूर्वाधार विकास समितिका संयोजक एवम् कार्यपालिका सदस्य श्री अजय मजाकोटीको अध्यक्षतामा पूर्वाधार विकास समितिको बैठक सम्पन्न भयो । यस बैठकले आगामी आ.व. २०७७।०७८ को बार्षिक योजना तर्जुमा गर्ने सिलसिलामा पूर्वाधार विकास क्षेत्रसंग सम्वन्धित नगरपालिकाको केन्द्रबाट वडा कार्यालयहरुसम्म पुग्ने सडकहरुलाई स्तरोन्नति गरी बाह्रै महिना यातायात सेवा सुचारु गर्ने, बेसीशहर नगरपालिकाको ११ वटै वडा जोड्ने बाहिरी चत्रपथ (Outer Ringroad) को अवधारणा अनुरुप विस्तृत परियोजना प्रतिवेदन तयार गर्ने, उत्पादनका हिसावले बढी उत्पादन हुने क्षेत्रमा पुगेका सडकहरुलाई सडकको नाममा कृषि सडक भनेर थप गर्ने, पर्यटनसंग सम्वन्धित मार्गहरु बेसीशहर बाँझाखेत चित्रेडाँडा बराहपोखरी ट्र्याक निर्माण तथा बेसीशहर गाउँशहर सितलेस्वाँरा सडक स्तरोन्नतिलाई जोड दिने, पर्यटन क्षेत्र लक्षित गैरीदेखि मर्स्याङ्दी किनार किनार हुँदै बेलौती बिसौना फुट ट्रेल मार्गको अवधारणा अघि बढाउने, नगरपालिकाको ६० र स्थानीय उपभोक्ताको ४० प्रतिशत लागत साझेदारीमा सडक कालोपत्रे गर्ने कार्यलाई निरन्तरता दिने, बेसीशहर सेरा फिल्महलचोक देखि मनाङेचौतारा सम्म दृष्टिविहीनमैत्री फुटपाथ निर्माण गर्ने नीति तथा कार्यक्रम निर्धारण गरेको थियो ।

यसै गरी सो समितिको बैठकले बेसीशहर गाउँशहर पुरानकोट बाखेजगत बाग्लुङपानी हुँदै चण्डीस्थानसम्म बाटोमा पर्ने चौतारो पाटीपौवा जिर्णोद्वार गर्ने, बेसीशहर नगरपालिकाको मुख्य सडकमा शहरी सौन्दर्य बढाउने रुखका विरुवा, फलफूलका विरुवा तथा फूल रोपण गर्ने, गाईखुरे छहरा तथा चण्डीपार्कमा पूर्वाधार विकास गर्ने, सारते पोखरी लगायतका स साना पोखरीहरुलाई संरक्षण गर्ने, सवै वडाहरुमा कम्तिमा १/१ वटा तरकारी संकलन केन्द्र निर्माण गर्ने, बसपार्क साइडमा सार्वजनिक शौचालय निर्माण गर्ने, बेसीशहर ७ मा निर्माणाधिन कभर्ड हल निर्माणलाई बाह्य श्रोत समेतको खोजी गरी निरन्तरता दिने, गौंथली पार्क र कर्पुरेश्वर पार्क जोड्ने फुट ट्रेल निर्माण गर्ने, परम्परागत रुपमा चलि आएका सिंचाई प्रणालीहरुको स्तरोन्नति गर्ने निर्णय गरेको थियो ।

यसरी नै विद्युत लाइन आउने जाने भैरहने समस्याको दीर्घकालिन समाधानको लागि नगरपालिकाले सरोकारवालाहरुसंग समन्वय बैठक राखी समस्याको समाधान निकाल्ने, विद्युतको समस्याहरुबारे सवै वडाहरुबाट समस्या/माग संकलन गर्ने, काठका विद्युत पोलहरु स्टिल पोलले विस्थापन गर्ने । नयाँ घर संरचनाहरु बनेका स्थानमा विद्युतीकरणको लागि माग वमोजिम स्टिल पोल उपलब्ध गराउने, खुला विद्युतीय तारहरु भएको स्थानमा इन्सुलेसन तारहरु राख्ने, अपांगता भएकाहरुको लागि पुनर्स्थापना केन्द्र निर्माण गर्ने, लागु औषध दुर्व्यसनी सुधार केन्द्र निर्ाण गर्ने, बेसीशहर नाल्माफेदी सुरुङमार्ग सम्भाव्यता अध्ययनको लागि पहल गर्ने, निर्माण भएका सडकहरुको गुणस्तर जाँचको लागि विज्ञटोली सहितको संयन्त्र निर्माण गर्ने तथा नगर यातायात गुरुयोजना निर्माणको लागि बजेट विनियोजन गर्ने जस्ता नीति तथा कार्यक्रम तय गरेको थियो । पूर्वाधार विकास समिति अन्तर्गतका सडक, सडकपुल, शहरी पूर्वाधार, सिंचाई, विद्युत लगायतको क्षेत्रमा नगरपालिकाको पूँजीगत बजेटको कम्तिमा ५० प्रतिशत रकम विनियोजन गर्न नगर कार्यपालिकालाई अनुरोध गर्ने निर्णय समेत गरेको थियो ।

(२) सामाजिक विकास समिति :

सामाजिक विकास समितिका संयोजक एवम् कार्यपालिका सदस्य श्री देव बहादुर गहतराजको अध्यक्षतामा मिति २०७७ जेष्ठ २२ गतेका दिन सामाजिक विकास समितिको बैठक बस्यो । सो समितिले सामाजिक विकास क्षेत्रसंग सम्वन्धित नीति तथा कार्यक्रम अन्तर्गत शिक्षातर्फ गुणस्तरीय र प्रविधिक शिक्षामा सवैको पहुँच सुनिश्चित गर्ने, पूर्वाधार भएका माध्यमिक विद्यालयहरुमा प्राविधिक र व्यवसायिक धारका विद्यालयहरु सञ्चालनका लागि प्रोत्साहित गर्ने, निःशुल्क र अनिवार्य आधारभूत शिक्षामा शत प्रतिशत बालबालिकाको पहुँच सुनिश्चित गर्ने, विद्यालय शिक्षा गुणस्तर अभिबृद्धिको लागि सरोकारवालाहरु विच चेतनामूलक कार्यक्रम सञ्चालन गर्ने, सामुदायिक सिकाई केन्द्रहरुलाई निरन्तर शिक्षा लगायत शैक्षिक चेतनामूलक कार्यक्रम सञ्चालनका लागि सक्रियरुपले परिचालन गर्ने, उत्कृष्ठ कार्यसम्पादन भएका माथिल्लो तहका स्थायी शिक्षकहरुमध्ये सवैभन्दा सक्षम र उपयुक्तलाई प्रअ.मा नियुक्त गर्ने वातावरण मिलाउने, मूल्यांकनको निश्चित मापदण्ड तयार गरी सामुदायिक र संस्थागत विद्यालयहरुको बर्गिकरण गर्ने, बर्गिकरणको आधारमा सामुदायिक विद्यालयहरुलाई प्रोत्साहित गर्ने तथा संस्थागत विद्यालयहरुले लिन पाउने अधिकतम् शुल्कको सीमा निर्धारण गर्ने, प्रअहरुसंग कार्यसम्पादन करारको व्यवस्था लागु गर्ने, विद्यालयहरुमा खानेपानी, शौचालय, कक्षा कोठा, फर्निचर, विद्युतीकरण, खेलकुँद मैदान निर्माण तथा सुधारका लागि आइ सि टि व्यवस्थापन गर्ने, सवैका लागि खेलकुँद, स्वास्थ्यका लागि खेलकुँद भन्ने अभियानका साथ खेलकुँद प्रतियोगिताहरु सञ्चालन गर्ने, बेसीशहर स्पोर्ट एकडेमी स्थापना गर्ने, एक वडा कम्तिमा एक खेलकुँद

मैदानको अवधारणा अनुरुप कार्यक्रम अघि बढाउने, आर्थिक र सामाजिक गतिविधिहरुमा युवाहरुको संलग्नता बढाउने जस्ता निर्णय गरेको थियो ।

स्वास्थ्यतर्फ निःशुल्क र आधारभूत स्वास्थ्य सेवामा नागरिकको सर्वसुलभ पहुँच पुऱ्याउने, कोरोना नियन्त्रण र उपचारको लागि औषधी, उपकरण तथा अन्य व्यवस्थापकीय कार्यहरु गर्ने, स्वास्थ्य चौकीहरुबाट प्रदान गरिने सेवालाई थप गुणस्तरीय तथा प्रभावकारी बनाउने, विभिन्न स्थानमा विभिन्न वर्गलाई केन्द्रित गरी स्वास्थ्य शिविर सञ्चालन गर्ने, नियमितरुपमा स्वास्थ्य परीक्षण गर्ने गराउने, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम सञ्चालन गर्ने, आधारभूत स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी बनाउने, अति विपन्न विरामीहरुको उपचारको लागि आर्थिक सहयोग उपलब्ध गराउने जस्ता नीति तथा कार्यक्रम तय गरेको थियो ।

सामाजिक विकास समिति तर्फ नै एक घर एक धाराको नीति अनुरुप योजना सञ्चालन गर्ने, सबै नागरिकहरुलाई शुद्ध र स्वच्छ खानेपानी सुविधा उपलब्ध गराउने, सरसफाई सम्बन्धी विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने, लैंगिक समानताको नीति अवलम्बन गर्ने, महिलाहरुको श्रम र समय वचत गर्ने प्रविधिहरु उपयोगमा ल्याउने, जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गर्ने, अपांगता भएकाहरुको सामाजिक र आर्थिक सशक्तिकरण गर्ने, बालमैत्री स्थानीय शासनको मर्म अनुरुप बाल मैत्री वडा र नगरपालिका घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने, सुरक्षित मातृत्व र प्रजनन् सुधार सम्वन्धी कार्यक्रम सञ्चालन गर्ने, महिलाहरुमाथि हुने सबै प्रकारका हिंसा बिरुद्ध कार्यक्रम सञ्चालन गर्ने, सामाजिक कुप्रथा विरुद्ध कार्यक्रम सञ्चालन गर्ने, कला, संस्कृति र साहित्यको उन्नयनका लागि प्रोत्साहित गर्ने, विपन्न महिलाहरुको जिविकोपार्जनमा सहयोग गर्ने, दलित तथा जनजातिहरुको सामाजिक सशक्तिकरण गर्ने विषयहरुलाई प्राथमिकतामा राखेको थियो ।

(३) वन, वातावरण तथा विपद् व्यवस्थापन समिति :

मिति २०७७ जेष्ठ २२ गतेका दिन वन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बैठक समितिका संयोजक एवम् कार्यपालिका सदस्य श्री मन्दिरा दनाईंको अध्यक्षतामा बस्यो । सो समितिको बैठकले बेसीशहर नगरपालिका क्षेत्रभित्र बर्षात्को पानीले ठूलो असर गरिरहेकोले ती क्षेत्रहरु सडक, पुल, खेतबारी, बनजंगल, बृक्षारोपण, नहर, कुलो आदिमा असर गर्न सक्ने भएकोले रोकथामको लागि बजेट व्यवस्थापन गर्न नगरकार्यपालिकालाई अनुरोध गर्ने, वातावरण संरक्षण, फोहोरमैला व्यवस्थापन, नगर सौंन्दर्यताको संरक्षण तथा विकासका लागि ठोस कार्यक्रम सञ्चालन गर्न नगरकार्यपालिकालाई बजेट व्यवस्थापनको लागि अनुरोध गर्ने, हाल विश्वमा फैलदो अवस्थामा रहेको कोरोना भाइरसले उत्पन्न गरेको त्रासका साथै अन्य सरुवा रोगहरुको बारेमा समेत जनचेतना फैलाउनु पर्ने भएकोले सो सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने जस्ता निर्णयहरु गरेको थियो ।

(४) आर्थिक विकास समिति :

२०७७ जेष्ठ २५ गतेका दिन आर्थिक विकास समितिको बैठक समितिका संयोजक एवम् कार्यपालिका सदस्य श्री मनमाया गुरुङको अध्यक्षतामा बस्यो । कोभिड १९ ले गर्दा शिथिल बनेको श्रम तथा आर्थिक क्षेत्रलाई उकास्न योगदान पुग्ने गरी आगामी आव २०७७/०७८ को नीति तथा कार्यक्रम तय गर्नु यस समितिको मूख्य जिम्मेबारी थियो । यसै सन्दर्भमा यस समितिको बैठकले विभिन्न नीति, योजना तथा कार्यक्रम तय

गरेको थियो । तय गरिएका नीतिहरुमा कोभिड-१८ महामारीको अवस्थाले गर्दा रोजगारीको खोजीमा रहेका, रोजगारी गुमाएका, विदेश जान रोकिएका तथा विदेशबाट फर्किएका व्यक्तिहरुको सीप, क्षमता, पूँजी र रुचिका आधारमा कृषि लगायतका अन्य उद्यम सञ्चालनमा सहयोग पुग्ने गरी कार्यक्रम तर्जुमा गर्ने,नागरिकको खाद्य सम्बन्धी हक मौलिक हकमा राखिएकोले यसको लागि कृषि क्षेत्रको व्यवसायीकरण, यान्त्रिकरण र विविधीकरणमा जोड दिई गरिबी निवारणमा उल्लेख्य योगदान पुऱ्याउने, कृषि शिक्षालाई विद्यालय तहदेखि नै समाहित गर्न नगरपालिकाले आवश्यक पहल गर्ने, कृषि क्षेत्रको विकासको लागि सिंचाई, मल, वीउ र प्रविधि सुनिश्चित गर्ने, प्राङ्गारिक मलको प्रयोगलाई बढाउँदै अर्गानिक खेतीलाई प्रोत्साहन गर्ने, मोवाइल एप्स मार्फत किसानका लागि मौसम, बीउविजन, खेती, प्रविधि र बजारमूल्य सम्बन्धी सूचना उपलब्ध गराउने, व्यवसायिक कृषकका अतिरिक्त विपन्न, साना तथा मझौला किसानहरुलाई समेत लक्षित गरी अनुदान र सेवा टेवाका कार्यक्रम सञ्चालन गर्ने, कृषि क्षेत्रको विकासको लागि जग्गा चक्लाबन्दी तथा एकिकृत भूमी व्यवस्थापन प्रणालीलाई प्रोत्साहित गर्ने, पशु नश्ल सुधार कार्यक्रमलाई थप प्रभावकारी बनाउने तथा घाँस विकास कार्यक्रमलाई विशेष जोड दिने, कोभिड-१९ का कारण रोजगारीमा परेको असरलाई मनन् गरी कामका अवसरहरु सिर्जना गर्ने, बाँझो जमिनलाई उपयोग गर्ने नीति अवलम्बन गर्ने, महिला उद्यमीहरुलाई व्यसाय स्थापना गर्न सहयोग गर्ने, लामो र छोटो अवधिका विभिन्न सीपमूलक तालिम कार्यक्रम सञ्चालन गर्ने, कोरोना जोखीम नियन्त्रण हुनासाथ हाल शिथिल देखिएको पर्यटन क्षेत्रलाई छिटो पुनर्स्थापित गर्न पर्यटन क्षेत्रको पूर्वाधार विकास गर्ने, पर्यटन क्षेत्रलाई वातावरणमैत्री, पर्यटकमैत्री बनाउने गरी पूर्वाधार विकास गर्ने,ऐतिहासिक, प्राकृतिक, सांस्कृतिक र धार्मिक दृष्टिकोणबाट महत्वपूर्ण रहेका पर्यटकीय गन्तव्यहरुको विकास गर्ने, सहकारीहरुलाई कृषि उत्पादनसंग जोड्ने तथा उत्पादनमूलक क्षेत्रमा लगानी गर्न प्रोत्साहित गर्ने रहेका छन् ।

(५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन समिति :

२०७७ जेष्ठ २७ गतेका दिन संस्थागत विकास, सेवा प्रवाह र सुशासन समितिको बैठक समितिका संयोजक एवम् कार्यपालिका सदस्य श्री कृष्ण नेपालीको अध्यक्षतामा बस्यो । यस बैठकले समितिसंग सम्वन्धित विभिन्न विषयहरुलाई नीतिगत रुपमा समेट्ने निर्णय गरेको थियो । यस समितिले गरेका नीतिगत विषयहरुमा नगरपालिका, वडा कार्यालय संमेतबाट प्रवाह गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाउने । यसको लागि प्रविधिमैत्री कार्यालय निर्माण गर्ने, नतिजामा आधारित अनुगमन प्रणाली अबलम्बन गर्ने तथा विकास निर्माणका कार्यमा आइपर्ने समस्याको तत्काल समाधान गर्ने संयन्त्र निर्माण गर्ने, नगरपालिकाका कार्यक्रमहरु कम खर्चिलो रुपमा सम्पन्न गर्ने, तालिम आवश्यकता पहिचान वा क्षमता विकास योजना बनाई क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गर्ने, मौजुदा जनशक्तिलाई नगरपालिकाको नीति, कार्यक्रम र उद्देश्यसंग सम्बन्धित हुँदै उक्त उद्देश्य पुरा गर्न मेरो पनि अहम् भूमिका छ भन्ने महशुस गर्दै उत्प्रेरित भएर काम गर्ने वातावरण तयार गर्ने, विकास निर्माण कार्यका मुख्य साझेदार उपभोक्ता समिति भएको कारणले उपभोक्ता समितिहरुलाई योजना सञ्चालन र व्यवस्थापन तथा सकारात्मक सोच सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गर्ने, कुनै पनि प्रकारको अनियमितता शुन्य सहनशिलताको नीतिलाई निरन्तरता दिने,कम्तिमा हरेक २ महिनामा १ पटक जनताको आवाज मेयरको जवाफ कार्यक्रम सञ्चालन गर्ने, नगरपालिकाको गतिविधिहरु समेटिएको बेसीशहर नगर विकास बुलेटिन चौमासिक रुपमा प्रकाशन गर्ने, विगत ३ वर्षमा भएका उपलब्धीहरु गणना गरिनेछ । यसको लागि छुट्टै पुस्तिका प्रकाशन गर्ने, सार्वजनिक सुरक्षा र संरक्षण तथा विकास अवरोधहरुमा नगर प्रहरी परिचालन गर्ने, चेतनामूलक कार्यक्रम, विभिन्न

अभियान तथा विकास निर्माणका क्रममा आउने समस्याहरुलाई समाधान गर्न तथा स्वच्छ वातावरणको लागि टोल सुधार समितिहरुलाई जिम्मेवार बनाई परिचालन गर्ने, नीति, कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन कार्यतालिका बनाई कार्यहरुलाई व्यवस्थित गर्ने, नगरपालिकामा आवश्यकता अनुसारका सफ्टवेयरहरु जडान गरिनेछ । नगरपालिकाको वेभ साइटलाई अझ वढी अद्यावधिक गर्ने, सामाजिक क्षेत्रका विभिन्न विधा र क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्तिहरुलाई सम्मान गर्ने कार्यक्रम अघि बढाइने, नगरपालिकाका कर्मचारी कर्मचारी विचको बैठक, जनप्रतिनिधि र कर्मचारी विचको बैठक, जनप्रतिनिधि जनप्रतिनिधि विचको बैठकलाई थप नियमित र प्रभावकार बनाइने, विषयगत तथा अन्य गठन भएका समितिहरुको कामको औचित्यताको आधारमा बैठकको नियमितता गराई थप प्रभावकारी बनाइने, म कार्यालय अफिस समय भित्रै पस्नेछु, पुरै समय बस्नेछु, अफिस समय पछि निस्कनेछु र टेवलमा नगरपालिकाको मात्रै काम गर्नेछु भन्ने प्रतिवद्धता सहित कार्य गर्ने, योजनाहरुको सार्वजनिक परीक्षणलाई थप प्रभावकारी बनाइनेछ । नगरपालिकाको सामाजिक परीक्षण गर्ने, योजना पुस्तक तथा प्रगति विवरण पुस्तक तथा प्रोफाइल प्रकाशन गर्ने, विभिन्न प्रकृतिका निवेदनहरुको ढाँचा तयार गरी छपाई गरी नगरपालिकामा उपलब्ध गराइने रहेको छ ।

ङ.बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक

२०७७ असार ५ गतेका दिन बेसीशहर नगरपालिका अन्तर्गतको बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक समितिका संयोजक एवम् नगर उपप्रमुख श्री लक्ष्मीदेवी अधिकारीको अध्यक्षतामा बस्यो । यस समितिको बैठकमा आव २०७७।०७८ को कुल बजेटमध्ये चालु खर्च कटाई सशर्त बाहेक रहेको २३ करोड ४२ लाख ३७ हजारमध्ये वडास्तरीय योजना तथा कार्यक्रम सञ्चालनको लागि ७ करोड १० लाख ४ हजार वडातहमा विनियोजन भै सकेको हुँदा बाँकी रकम रु १६ करोड ३२ लाख २३ हजारलाई सामाजिक विकासतर्फ २ करोड ६३ लाख, आर्थिक विकासतर्फ ३ करोड ३ लाख, भौतिक पूर्वाधार विकासतर्फ ९ करोड ६८ लाख, वन, वातावरण तथा विपदतर्फ ६५ लाख २९ हजार र संस्थागत विकास सेवा प्रवाह र सुशासनतर्फ (चालु बाहेक) ३२ लाख ६५ हजार विनियोजन गर्ने निर्णय गरेको थियो ।

सामाजिक विकास अन्तर्गत स्वास्थ्यतर्फ जेष्ठ नागरिक स्वास्थ्य परीक्षण, निःशुल्क स्वास्थ्य शिविर सञ्चालन, कोभिड १९ सम्बन्धी कार्यक्रम सञ्चालन, शब वहान खरीद, महिला स्वास्थ्य स्वयंसेविका प्रोत्साहन कार्यक्रम, स्वास्थ्य संस्थाहरुको सुदृढीकरण कार्यक्रम, विपन्न नागरिक उपचार सहयोग कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । यसै गरी शिक्षातर्फ कोभिड १९ को सन्दर्भमा वैकल्पिक शिक्षा कार्यक्रम, कक्षा ५ र ८ को परीक्षा व्यवस्थापन, बालविकास केन्द्र स.का. सहयोग, प्राविधिक धारका विद्यालयलाई सहयोग, एघार बाह्र कक्षा सञ्चालन भएका तर दरबन्दी नपाएका विद्यालयलाई सहयोग, विद्यालय वर्गिकरण कार्यक्रम, अंग्रेजी माध्यमको सन्दर्भ सामाग्री खरीद सञ्चालन गर्ने निर्णय गरेको थियो । युवा तथा खेलकुँदतर्फ मेयर कप, राष्ट्रपति रनिङ शिल्ड, अन्य खेलकुँद प्रतियोगिता सञ्चालन गर्ने, कभर्ड हल निर्माणमा सहयोग गर्ने, खेलमैदान स्तरोन्नति गर्ने, खानेपानीतर्फ एक घर एक धारा कार्यक्रममा सहयोग गर्ने, स साना खानेपानी योजना सुधार विस्तार गर्ने, खानेपानी पाइप वितरण गर्ने जस्ता कार्यक्रम छनौट गरेको थियो । लैंगिक समानता तथा सामाजिक समावेशीकरणतर्फ महिला, बालबालिका, अपांगता भएका, दलित, जनजाति लक्षित कार्यक्रम सञ्चालन गर्ने, नागरिक संरक्षण र न्यायतर्फ अति विपन्न परिवार आवास सहयोग, कोभिड १९ बाट प्रभावित अति विपन्न राहात सहयोग, न्यायिक समिति सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो ।

आर्थिक विकास अन्तर्गत कृषि तथा पशुपालन तर्फ तरकारी खेती, मौरीपालन, कृषि यान्त्रिकीकरण, माटो परीक्षण, कृषि प्रसार सेवा टेवा कार्यक्रम, ग्रामिण जिविकोपार्जन कार्यक्रम, कृषक सम्मान, च्याउ खेती कार्यक्रम, घाँस विकास कार्यक्रम, नश्ल सुधार कार्यक्रम, दूध र मासुमा आत्म निर्भर कार्यक्रम, क्षमता विकास, यान्त्रिकीकरण कार्यक्रम, विमा सहयोग, घुम्ती गोठ संरक्षण, भेटनरी सामाग्री खरीद तथा पर्यटनतर्फ पुरानकोट गढी टावर निर्माण, गाउँशहर पदमार्ग निर्माण, कर्पुरेश्वर पार्क निर्माण, वराहपोखरी पर्यटकीय पहुँचमार्ग विस्तार, ग्रामीण पर्यटकीय गाउँमा सहयोग जस्ता कार्यक्रम छनौट गरको थियो ।

भौतिक पूर्वाधार अन्तर्गत ठूला प्रकृतिका सडकहरुको साथै अन्य सडक निर्माणलाई प्राथमिकता दिने, वडा नं २,५ र ९ को वडा कार्यालय भवन सम्पन्न गर्ने गरी बजेट विनियोजन गर्ने, सडक कालोपत्रे तथा भवन लागत साझेदारीलाई निरन्तरता दिने, सडक मर्मत सम्भार कोषमा रकम विनियोजन गर्ने, समपुरक योजनाको लागि रकम छुट्याउने, सिंचाई र विद्युतमा पनि रकम विनियोजन गर्ने निर्णय गरेको थियो । वन वातावरण तथा विपद र सेवा प्रवाहतर्फ जलउत्पन्नजन्य प्रकोप नियन्त्रण, फोहरमैला व्यवस्थापन, विपद जोखीम न्यूनीकरण, आवधिक योजना निर्माण, उपभोक्ता समितिहरुलाई तालिम, सार्वजनिक सुनुवाई कार्यक्रम सञ्चालन गर्ने निर्णय गरेको थियो । साथसाथै नगरपालिकाको श्रोतले मात्र नभ्याउने प्रकृतिका योजना तथा कार्यक्रमलाई संघीय तथा प्रदेश सरकारमा अनुरोध गर्ने निर्णय गरेको थियो ।

च. नगरकार्यपालिका बैठक (सातौं नगरसभा तयारी बैठक)

२०७७ असार ७ गतेका दिन बेसीशहर नगरकार्यपालिकाको बैठक बस्यो । नगरप्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा बसेको उक्त बैठक विशेष गरी सातौं नगरसभा समक्ष पेश गर्ने नीति, कार्यक्रम तथा बजेट जस्ता विषयहरुमा केन्द्रित रहेको थियो । यस बैठकको मुख्य एजेण्डा २०७७ असार ८ गते हुने सातौं नगरसभाको प्रथम बैठकमा उप्रपमुखबाट प्रस्तुत गर्ने बेसीशहर नगरपालिकाको आव २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट तर्जुमा, आर्थिक विधेयक २०७७, विनियोजन विधेयक २०७७ माथि छलफल एवम् स्वीकृत गरी नगरसभा समक्ष पेश गर्ने, सातौं नगरसभामा गत आव २०७५/०७६ को यथार्थ आय व्यय, चालु आव २०७६/०७७ को संशोधित आय व्यय तथा आगामी आव २०७७।०७८ को अनुमानित आय व्यय तयार गरी नगरसभामा पेश गर्ने रहेको थियो । यस बैठकमा राजश्व परामर्श समितिले तयार गरेको कर, दस्तुर तथा सेवा शुल्कका दर तथा दायराहरुको बारेमा छलफल गरी आवश्यक संशोधन गरी स्वीकृत गरेको थियो ।

छ. सातौं नगरसभाको प्रथम बैठक (नीति, कार्यक्रम तथा बजेट पेश)

२०७७ असार ८ गतेका दिन बेसीशहर नगरपालिकाको सातौं नगरसभा शुभारम्भ भएको थियो । सोही दिनको नगरसभा बैठकमा बेसीशहर नगरपालिकाका उपप्रमुख श्री लक्ष्मीदेवी अधिकारीले आगामी आ.व. २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट नगरसभासमक्ष प्रस्तुत गर्नु भएको थियो । साथै सोही बैठकमा आ.व. २०७५/०७६ को यथार्थ आय व्यय, आव २०७६/०७७ को संशोधित आय व्यय तथा आव २०७७/०७८ को प्रस्तावित आय व्यय अनुमान पेश गरिएको थियो । यसै गरी आर्थिक ऐन २०७७ तथा विनियोजन ऐन २०७७ समेत नगरसभा समक्ष पेश गरिएको थियो । नगरप्रमुख श्री गुमानसिंह अर्यालयको अध्यक्षतामा बसेको सो नगरसभा बैठकमा नीति, कार्यक्रम तथा बजेट माथि नगरसभासद्दहरुले सुझाव, जिज्ञासा तथा टिप्पणी राख्नु भएको थियो । बैठकको शुरुवातमा प्रमुख प्रशासकीय अधिकृत श्री मोहन प्रसाद मरासिनीले आसन ग्रहण गराउँदै स्वागत तथा बैठकको कार्यसूची वाचन गर्नु भएको थियो । नगरसभासद्हरुले राख्नु भएको सुझाव, टिप्पणी तथा जिज्ञासाउपर नगरप्रमुखबाट जवाफ दिने तथा स्पष्ट

पार्ने कार्य भएको थियो । प्राप्त भएका सुझावहरुलाई नीति, कार्यक्रम तथा बजेटमा समावेश गर्ने निर्णय समेत भएको थियो । अर्को नगरसभा बैठक मिति २०७७ असार १९ गते बस्ने गरी सो दिनको बैठक स्थगन गरिएको थियो । सो बैठकमा कायम रहेका कुल ५९ नगरसभासद्हरुमध्ये ५४ जनाको उपस्थिति रहेको थियो भने ५ जना अनुपस्थित हुनुहुन्थ्यो ।

ज. कार्यपालिका बैठक

मिति २०७७ असार १७ गतेका दिन बेसीशहर नगर कार्यपालिकाको बैठक बस्यो । यस बैठकले असार १९ गते बस्ने नगरसभा बैठकमा प्रस्तुत गर्ने योजनाहरुको सम्बन्धमा छलफल भएको थियो । यस बैठकले आव २०७७।०७८ मा कार्यान्वयन गरिने योजनाहरुलाई आफ्नो तहबाट अन्तिम रुप दिई असार १९ गतेको नगरसभामा पेश गर्ने निर्णय गरेको थियो । सशर्त बाहेकको योजना तथा कार्यक्रम अन्तर्गत नगरस्तरीय योजना २०५ वटा र वडास्तरीय योजना २०३ वटा छनौट गरी नगरसभामा निर्णयार्थ पेश गर्ने निर्णय गरेको थियो । त्यसै गरी नीति,कार्यक्रम तथा बजेटको सम्बन्धमा प्रथम नगरसभा बैठकमा प्राप्त सुझावहरु समावेश गरिएको नीति, कार्यक्रम तथा बजेटलाई अन्तिम रुप दिई नगरसभामा निर्णयार्थ प्रस्तुत गर्ने निर्णय गरेको थियो । आर्थिक र विनियोजन विधेयक २०७७ लाई पनि अन्तिमरुप दिई नगरसभा बैठकमा निर्णयार्थ प्रस्तुत गर्ने निर्णय गरेको थियो । यसै गरी सशर्ततर्फका कार्यक्रमहरुलाई समेत पारित गरी निर्णयार्थ नगरसभामा पेश गर्ने निर्णय गरेको थियो ।

झ.सातौं नगरसभाको दोश्रो बैठक

बेसीशहर नगरपालिकाको सातौं नगरसभाको दोश्रो बैठक मिति २०७७ असार १९ गते नगरप्रमुख श्री गुमानसिंह अर्यालको अध्यक्षतामा सञ्चालन भई सोही दिन सातौं नगरसभा सम्पन्न भएको थियो । नगरसभा समक्ष उपप्रमुख श्री लक्ष्मीदेवी अधिकारीले आ.व. २०७७/०७८ मा सञ्चालन गरिने योजना तथा कार्यक्रमहरु प्रस्तुत गर्नु भएको थियो । त्यसै गरी नीति, योजना तथा बजेटको संशोधित विवरण समेत प्रस्तुत गर्नु भएको थियो । साथै संशोधित आर्थिक र विनियोजन विधेयक २०७७ समेत प्रस्तुत गरिएको थियो । सो नगरसभा बैठकमा तत्काल कायम रहेका कुल ५९ नगरसभासद्हरुमध्ये ५५ जनाको उपस्थिति रहेको थियो भने ४ जना अनुपस्थित रहनु भएको थियो । उक्त नगरसभा बैठकले आव २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट स्वीकृत गरेको थियो । साथै उक्त नगरसभाले विनियोजन विधेयक २०७७, आर्थिक विधेयक २०७७ स्वीकृत गरेको थियो । बेसीशहर नगरपालिकाको गत आव २०७५।०७६ को यथार्थ आय व्यय, चालु आव २०७६।०७७ को संशोधित आय व्यय र आगामी आव २०७७।०७८ को अनुमानित आयव्यय स्वीकृत गरेको थियो । यसका साथै बेसीशहर नगरपालिकाको आव २०७७।०७८ को बार्षिक नगर तथा वडास्तरीय योजना तथा कार्यक्रमहरुलाई छलफल सहित स्वीकृत गरेको थियो । बेसीशहर नगरपालिकाका प्रमुख गुमानसिंह अर्याललेआएका सुझाव तथा जिज्ञासाहरुलाई सम्बोधन गर्नु भएको थियो । सातौं नगरसभाले गरेका निर्णयहरु यसै पुस्तकमा समावेश गरिएको छ ।

३. आ.व. २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट

नगरसभाका सभाध्यक्ष एवम् नगरप्रमुखज्यू
सम्पूर्ण नगरसभासद्ज्यूहरु

१. आज विश्वले नै नोबेल कोरोना महामारीको सामना गरिरहेको र हामी पनि त्यसैको चपेटामा परिरहेको यो विषम र चुनौतीपूर्ण परिस्थितिमा म बेसीशहर नगरपालिकाको तर्फबाट आगामी आव २०७७।०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट यस गरिमामय नगरसभा समक्ष प्रस्तुत गर्न गईरहेको छु । यस अवसरमा सार्वभौमसत्ता, राष्ट्रिय अखण्डता, लोकतन्त्र र जनजीविकाको लागि आफ्नो जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर शहीदहरुप्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछु ।

२. नयाँ संविधान मार्फत स्थानीय तह लगायत तीनै तहका सरकार गठन भई समृद्धि र विकासको यात्रामा क्रमशः अघि बढीरहेको अवस्थामा आज विश्वभर कोभिड १९ महामारीले पचासौं लाख मानिस संक्रमित हुन पुगेका छन् भने लाखौको ज्यान समेत गएको छ । यस महामारीबाट ज्यान गुमाउने सवैमा गहिरो समवेदना प्रकट गर्दै संक्रमित सवैको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु । यो महामारी रोकथाम, नियन्त्रण र उपचारको लागि फ्रन्टलाइनमा खटिनुहुने सवैमा म उच्च सम्मान व्यक्त गर्दछु । मानव जातिमाथि शताब्दीकै ठूलो संकट पैदा भएको यो अवस्थामा हामी विचको संयम, आत्मविश्वास र आपसी सहयोगले कोरोनामाथि विजय प्राप्त गर्न सकिनेछ भन्ने विश्वास लिएको छु ।

३. संविधानको धारा २१४ को स्थानीय तहको कार्यकारिणी अधिकार तथा धारा २३० को गाउँपालिका र नगरपालिकाको राजश्व र व्ययको अनुमान सम्बन्धी व्यवस्था एवम् स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ बमोजिम बेशीसहर नगरपालिकाको आगामी आर्थिक वर्ष २०७७/०७८ को नीति, कार्यक्रम तथा बजेट यस गरिमामय सभा समक्ष पेश गर्दै गर्दा हामीले चालु आर्थिक वर्ष २०७६।०७७ का लागि पाचौं नगरसभाबाट स्वीकृत गरेका नीति, योजना तथा बजेट कार्यान्वयनको अन्तिम चरणमा रहेको कुरा हामी सवैलाई थाहा नै छ । लामो समयको लक डाउनका कारण हाम्रा योजना तथा कार्यक्रम प्रभावित नहुने कुरै भएन । प्रतिकुल परिस्थिति विच हालसम्मको अवस्थाको मूल्याङ्कन र समीक्षा गर्दा उपलब्धीहरु सन्तोषजनक मात्र देखिएको छ ।

सभासद्ज्यूहरु,

हामीले चालु आवको हालसम्म हासिल गरेका प्रमुख उपलब्धीहरु संक्षेपमा उल्लेख गर्ने अनुमति माग्दछु ।

४. चालु आर्थिक वर्षको साउनदेखि जेष्ठ मसान्तसम्म १० वटा कार्यपालिका बैठकहरु सम्पन्न भई कुल १७० वटा निर्णयहरु गरिएका छन् । नगरक्षेत्रको विकास र नगरबासीको सर्वोत्तम हीतलाई ध्यानमा राखी सर्वसम्मतरुपमा यी निर्णयहरु गरिएका छन् भने इमान्दारितपूर्वक कार्यान्वयन समेत गरिएका छन् । साथै चालु आवको हिउँदे नगरसभा (छैठौं नगरसभा) समेत सम्पन्न भएको यहाँहरुलाई अवगत नै छ ।

५. कोरोना संक्रमणको कारण लकडाउन अवधीको चैत १३ देखि बैशाख १८ गतेसम्म नगरकार्यपालिकाको अधिकारप्राप्त तीन सदस्यीय समितिको बैठक ५ पटक बसी कोरोना रोकथाम, नियन्त्रण, उपचार, राहत तथा अन्य व्यवस्थापकीय कार्यको सन्दर्भमा कुल १६ वटा निर्णय गरिएका छन् । क्वारेन्टाइन कक्ष

निर्माण, स्वास्थ्य सामाग्री र उपकरण खरीद, राहत वितरणको मापदण्ड निर्धारण तथा राहत वितरण, सूचना सम्प्रेषण, खाद्य सामाग्रीहरुको मौज्दात तथा आयातको अवस्थाको लगत संकलन र अद्यावधिक, निःशुल्क एम्बुलेन्स सेवा त्यसमा पनि डायलासिस गराउनु पर्ने विरामीहरुलाई प्राथमिकता दिई जिल्ला बाहिरका अस्पतालमा लैजाने कार्य, विपन्न दीर्घरोगीहरुले नियमित सेवन गरेका औषधीहरु निशुल्क उपलब्ध गराउने जस्ता निर्णयहरु गरी कार्यान्वयन समेत गरिएका छन् । साथसाथै मानिसहरुको आकस्मिक तथा अत्यावश्यकीय आवतजावतमा सहजीकरण गर्ने, लकडाउनको सम्वेदनशील समयमा सुरक्षा निकायहरुसंग आवश्यक समन्वय र सहकार्य गर्ने जस्ता कार्यहरु गरिएका छन् । यस्तो महमारीको समयमा कत्ति पनि विचलित नभई नागरिकको स्वास्थ्य, जीवनरक्षा र जीवनयापनको लागि निरन्तर लागि रहेको व्यहोरा जानकारी गराउन चाहन्छु ।

६. स्वास्थ्यतर्फ एम्बुलेन्स खरीद गरी सञ्चालनमा ल्याइएको, लक डाउनको समयमा विपन्न दीर्घरोगीहरुलाई निःशुल्क औषधी वितरण गरिएको, कोरोना भाइसर संक्रमण जोखिम न्यूनीकरणको लागि सवै वडाहरुमा क्वारेन्टाइनहरुको निर्माण, सञ्चालन र व्यवस्थापन गरिएको, हेल्थ डेक्सको स्थापना र सञ्चालन गरिएको, स्वास्थ्य संस्थाहरुको लागि औषधी खरीद तथा वितरण गरिएको, हात्तिपाइले औषधी सेवन कार्यक्रम सञ्चालन गरिएको, पाठेघर सम्बन्धी VIA क्याम्प तथा स्वास्थ्य शिविर सञ्चालन गरिएको, छ । त्यसै गरी मातृशिशु नवजात शिशु, प्रजनन् स्वास्थ

७. य तथा परिवार नियोजन कार्यक्रम, खोप कार्यक्रम, क्षयरोग सम्बन्धी कार्यक्रम, स्वास्थ्य शिक्षा कार्यक्रम, विपन्न नागरिक उपचार सहयोग लगायतका कार्यक्रमहरु सम्पन्न गरिएका छन् ।

८. शिक्षातर्फ ५ वटा विद्यालयहरुमा सूचना तथा सञ्चार प्रविधि (आइसिटी) व्यवस्थापन, ११ वटा विद्यालयहरुमा शैक्षिक सामाग्री खरीद, एउटा विज्ञान प्रयोगशाला स्थापना, नमूना विद्यालयहरुको सूचक निर्धाराण गरी मूल्यांकनको कार्य भै रहेको, विद्यार्थी संख्याको आधारमा शिक्षक व्यवस्थापन गरिएको, विद्यालयहरुको निरीक्षण अनुगमन तथा तथ्यांक सत्यापन सम्बन्धी कार्य सम्पन्न गरिएको, ६ वटा प्र.अ बैठक, शैक्षिक क्यालेण्डर निर्माण, विद्यालयहरुमा रकम निकासा, माध्यमिक र आधारभूत विद्यालयका प्रअहरुसंग करार संझौता तथा अभिमुखीकरण कार्यक्रमहरु सम्पन्न गरिएका छन् । त्यसै गरी राष्ट्रपति रनिङ शिल्ड, युवा परामर्श कार्यक्रम, नगरस्तरीय परीक्षा सञ्चालन, युवा प्रतिभा पहिचान, कक्षा ८ र एसइइ परीक्षामा राम्रो गर्ने विद्यालय र विद्यार्थीहरुलाई पुरस्कृत गरिएको, विद्यालयको भौतिक र शैक्षिक पक्षको अभिलेख व्यस्थापन कार्य तथा विद्यालयहरुको सामाजिक परीक्षण तथा लेखा परीक्षण सम्पन्न गरिएको छ ।

९. कुल ६८ जना व्यक्तिहरुलाई अपांगता परिचय पत्र वितरण गरिएको जसमध्ये पूर्ण अपांगता भएका २४ जना तथा अति अशक्त भएका ३५ जना रहेका, कुल ५३ जना जेष्ठ नागरिकहरुलाई परिचय पत्र वितरण गरिनुको साथै लैंगिक हिंसा बिरुद्धको १६ दिने अभियानमा कार्यक्रम सञ्चालन गरिएको छ । सामाजिक सुरक्षातर्फ कुल ४१७१ जना लाभग्राहीहरुलाई पहिलो र दोश्रो किस्ता गरी रु. ७ करोड ६३ लाख ६९ हजार बैंकमार्फत वितरण गरिएको, सवै किसिमका लाभग्राहीहरुलाई लाभग्राही परिचयपत्र वितरण गरिएको छ ।

१०. युवा स्वरोजगारतर्फ लामो र छोटो अवधीको प्राविधिक तथा सीपमूलक तालिम सञ्चालन गर्ने क्रममा ४५ जना युवाहरुलाई १५ महिने सिभिल, इलेटक्ट्रिकल र कार्पेन्ट्री लेभल २ तालिम तथा २३ जना युवाहरुलाई ३ महिने लेभल १ तालिम सञ्चालन गरिएको छ । ३ महिने तालिम सम्पन्न भएको छ भने १५ महिने तालिम सम्पन्न हुन बाँकी छ ।

११. कृषि यान्त्रिकरणतर्फ ५० प्रतिशत अनुदानमा ११३ थान मिनिटिलर (हाते ट्याक्टर) वितरण गरिएको छ । यसबाट खनजोतमा सुविधा पुग्न गई उत्पादन लागत घट्ने विश्वास गरिएको छ । यसैगरी टनेल तरकारी खेतीको लागि ५० प्रतिशत अनुदानमा कृषकको माग भएजति सिलपोलिन वितरण गरिएको छ । वडा नं २ र ११ तथा १० समेतमा स्थापना गरिएका सुन कागती नर्सरीबाट नगरपालिका भित्र माग भएका १८ हजार विरुवाको माग पुरा गर्नेछ । मौरीतर्फ ३०० वटा खालीघार तथा १०० वटा मौरी सहितको घार ५० प्रतिशत अनुदानमा उपलब्ध गराइएको छ । साथै उत्कृष्ट कृषकहरु छनौट गरी बेसीशहर मेयर कृषि पुरस्कारद्वारा सम्मान गर्ने कार्यक्रम रहेको छ ।

१२. पशुसेवातर्फ व्यवसायिक बाखाफर्म स्थापनाको लागि चालु आवमा १० वटा खोरमा अनुदान प्रदान गरिएको, ११ वटा प्रजनन् बोका, ५ वटा इलेक्ट्रिक च्याफकटर वितरण गरिएको छ । साथसाथै स्थानीय कुखुरा संरक्षण कार्यक्रम ४ वटा, पशु आहारा कार्यक्रम अन्तर्गत जै घाँस वितरण, व्यवसायिक गाई/भैंसी फार्म सुदृढीकरण कार्यक्रम, बाखापालन तालिम, माछा व्यवसाय प्रवर्द्धन कार्यक्रम, बजारीकरण कार्यक्रम, उपचारात्मक सेवा (८२३० वटा) आन्तरिक परजीवि नियन्त्रण, मासुमा आत्मनिर्भर कार्यक्रम, मागमा आधारित पशुसेवातर्फका फुटकर कार्यक्रम सञ्चालन गरिएको छ ।

१३. चालु आवमा कुल २४८ वटा व्यापार व्यवसायहरुको ९ पटक अनुगमन गरिएको, नगरपालिका भित्र रहेका व्यवसायहरुको लगत संकलन गरिएको, जस अनुसार कुल १६१४ वटा व्यवसायहरुमध्ये ३१५ वटा व्यवसायहरुले नगरपालिकाबाट सूचिकृतको प्रमाणपत्र लिएका छन् । कोरोना भाइसर संक्रमणले गर्दा भएको लकडाउनको कारण चालु आवको व्यवसायकरमा ३० प्रतिशत छुट दिइएको छ ।

१४. बजार अनुमगन, विपदजन्य घटना, क्वारेन्टाइन निर्माण तथा सञ्चालन, राहत वितरण, नगरपालिकाको मापदण्ड पालना गराउने, लगत संकलन जस्ता कार्यमा नगरप्रहरी परिचालित भएको छ ।

१५. नगरपालिकाको प्रशासकीय भवनमा पार्टिसन गरी कार्यकक्ष व्यवस्थित बनाउने, बैठक हल निर्माण गर्ने, योजना तथा प्रगति पुस्तक प्रकाशन गर्ने, वेभसाइट अद्यावधिक गर्ने, ग्रुप मेसेज र इमेलमार्फत पत्राचार गर्ने लगायतका कार्यहरु सम्पन्न गर्ने तथा निरन्तर भै रहेका छन् ।

१६. लक डाउनको कारण चैत र बैशाखमा काम हुन नसकेको कारण असारमा योजना सम्पन्न गर्ने दवाव बढेको छ । विद्यमान परिस्थितिको कारण भौतिक पूर्वाधारका योजनाहरु वैशाखभित्रै सम्पन्न गर्ने लक्ष्य पुरा गर्न नसकिएको व्यहोरा सभा समक्ष राख्न चाहन्छु । कुल ४२ वटा पूर्वाधारका योजनाहरु इ विडिङ गरी ठेक्का बन्दोबस्त गरिएकोमा हालसम्म १६ वटा मात्र सम्पन्न भएका छन् ।

१७. स्थानीय उपभोक्ता तथा समुदायको लागत साझेदारीमा सडक कालोपत्रे गर्ने कार्यक्रमले चालु आवमा पनि निरन्तरता पाएको छ । चालु आवमा सामुदायिक भवन निर्माणमा पनि लागत साझेदारीको नीति र कार्यक्रम वमोजिम सामुदायिक भवन निर्माण तथा स्तरोन्नति गरिएको छ । बेसीशहरको मुख्य बजार क्षेत्रमा सडक बत्ती बाल्ने कार्य यसै आवमा सम्पन्न भएको छ ।

१८. पुरानकोट गढीमा सडक पहुँच पुऱ्याई उक्त गढीमा ठेक्का बन्दोबस्तीबाट भ्यूटावर तथा शान्ति स्तुपा निर्माण कार्य थालिएको छ । बराहपोखरी जाने सडक ट्याक निर्माण कार्य निरन्तर अघि बढिरहेको छ । कर्पुरेश्वर पार्क निर्माणाधिन छ भने गाउँशहर लमजुङ दरबार जाने सिंढी निर्माण कार्य अन्तिम चरणमा छ । विशेष अनुदानतर्फ प्राप्त ५० लाखको बाल उद्यान निर्माण कार्य गरिएको छ । ३ वटा वडा कार्यालय भवनहरु (वडा नं २, ५ र ९) निर्माणाधिन अवस्थामा छन् । चालु आवमा कुल २५ किमी

ट्याक खोलिएको, १२ किमी ग्राभेल गरिएको, २५१ मिटर सडक कालोपत्रे गरिएको र १ किमी सडक ढलान गरिएको छ भने ३ किमी पक्की नाला निर्माण गरिएको छ ।

१९. पुनर्निर्माणतर्फ सवै वडाको गुनासो सर्वेक्षण सम्पन्न भएको, १०७ जनाको दोश्रो र १६७ जनाको तेश्रो किस्ता सिफारिश गरिएको भने १६० जनाको अन्तिम निरीक्षण गरिएको छ ।

२०. विभिन्न विपद्जन्य घटनामा पीडित परिवारलाई राहत उपलब्ध गराउँदै आइएको छ । दैनिक रुपमा जनताका समस्या, पीरमर्का तथा गुनासो सुनी आवश्यक सहयोग तथा सम्बोधन गरिएको छ । विपन्नले विकासको स्वाद चाख्न पाउनु पर्ने तर्फ हेक्का राखिएको छ । न्याय समितिका काम कारबाहीहरु नियमित रुपले सुचारु भै रहेका छन् । वडास्तरमा पनि मेलमिलाप केन्द्र स्थापनाको लागि सहयोग गरिएको छ ।

२१. चालु आवको हालसम्म घरनक्शा पासतर्फ ५२ वटा अस्थायी इजाजत पत्र, ५३ वटा स्थायी इजाजत पत्र, ४५ वटा घर निर्माण सम्पन्न प्रमाणपत्र प्रदान गरिएके छ । साथै ५७ वटा घरको अभिलेखीकरण कायम तथा १८ वटा घरनक्शा नामसारी गरिएको छ ।

सभाध्यक्ष महोदय ,

२१. आव २०७७।०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्ने सन्दर्भमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोग ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४, संघीय र प्रदेश सरकारको आ.व. २०७७।०७८ को नीति, कार्यक्रम तथा बजेट, नेपाल सरकारको पन्ध्रौं योजना २०७६।७७-२०८०।८१, बजेटका सिद्धान्त र प्राथमिकता, क्रमागत तथा क्षेत्रगत योजनाहरु, दिगो विकास लक्ष्य (सन् २०१६-२०३०) तथा कोभिड १९ को सन्दर्भमा संघीय मन्त्रालयको योजना तर्जुमा ढाँचा तथा सरोकारवालाहरुबाट प्राप्त सुझावहरुलाई मार्गदर्शन तथा आधारको रुपमा लिइएको व्यहोरा अनुरोध गर्दछु ।

उपस्थित सम्पूर्ण महानुभावहरु

२२. अव म आगामी आव २०७७।०७८ को बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा लिईएका समष्टिगत नीतिहरु निम्न वमोजिम रहेको व्यहोरा अनुरोध गर्दछु ।

२३. नागरिकको जीवनरक्षा र जीवन संरक्षण नगरपालिकाको पहिलो कर्तब्य भएको हुँदा कोरोना भाइरस संक्रमण रोकथाम, नियन्त्रण र उपचारको क्रममा नगरपालिकाले सम्पादन गर्नु पर्ने कार्यमा कुनै पनि संझौता नगरी कार्यसम्पादन गर्ने तथा यसबाट सिर्जित परिस्थितिको सामना गर्ने क्रममा आइपर्ने जस्तोसुकै जिम्मेवारी पनि बहन गरिनेछ ।

२४. विद्यमान नयाँ परिस्थितिमा वडा तथा नगरपालिकाबाट छनौट गरिने योजनाको ढाँचा र प्राथमिकता पनि बदलिएको हुँदा नागरिक सुरक्षा र संरक्षण, स्वास्थ्य सेवा सुदृढीकरण, कृषि क्षेत्रको उत्थान तथा रोजगारी सिर्जना, उद्यमशिलता तथा जीविकोपार्जनमा प्राथमिकता दिइनेछ । साथसाथै भौतिक पूर्वाधार विकासलाई पनि जोड दिइएको छ ।

२५. कोरोना संक्रमणको प्रभावले उच्च जोखीममा परेका अपांगता भएका, गर्भवती र सुत्केरी महिला र बच्चा, अति विपन्न, असहाय नागरिक, जेष्ठ नागरिक, दीर्घरोगी व्यक्ति र उक्त परिवारको लागि राहत तथा रोजगार विमुख हुन परेका युवा जनशक्तिको लागि कामको अवसर सिर्जना गर्नको लागि कार्यक्रम तर्जुमा गरिनेछ ।

२६. नगरबासीको जीवनमा गुणात्मक सुधारको दीर्घकालनीन सोच अनुरुप नगरबासीहरुले विकासको सन्तुलित र न्यायोचित लाभ पाउने गरी उपलब्ध श्रोत र साधनको न्यायोचित वितरणको व्यवस्था मिलाइनेछ । योजना तथा कार्यक्रमबाट देखिने नतिजा तथा परिणाम सूचक समेत तयार गरी योजना तथा कार्यक्रमको प्राथमिकीकरण गरिनेछ ।

२७. संघीय र प्रदेश सरकारबाट राखिएका योजना तथा कार्यक्रमहरु, माननीयहरुबाट विनियोनज हुने योजना तथा कार्यक्रमहरु र नगरपालिकाको योजना तथा कार्यक्रमहरु विच आपसमा परिपुरक तथा तादम्यता हुने गरी कार्यान्वयन गर्नको लागि नगरपालिकाको तर्फबाट प्रभावकारी समन्वयको प्रयास गरिनेछ ।

२८. लागत इष्टिमेट गर्नुपर्ने योजनाहरुको लागत इष्टिमेट तयार गरी उपभोक्ता समिति वा निर्माण व्यवसायीहरुसंग पहिलो चौमासिक अवधी भित्रै संझौता गरी कार्यान्वयन शुरु गरिनेछ । साथै विविध कारणले संझौता हुन नसकेका वा कार्यान्वयन हुन नसकेका योजनाहरुको रकमान्तर कार्य चैत मसान्त भित्रै गरिसक्नु पर्ने व्यवस्था मिलाइनेछ ।

२९. नगरपालिकाको उपलब्ध श्रोत र साधनले मात्र सम्पन्न हुन नसक्ने तथा विस्तृत परियोजना प्रतिवेदन (DPR) तयार भएका योजना कार्यान्वयनका लागि संघ र प्रदेश सरकारसंगको सह लगानीमा समपुरक अनुदान परिचालन गरी सम्पन्न गर्न जोड दिइनेछ ।

३०. विगतका नगरसभा तथा कार्यपालिकाबाट निर्णय भएका तथा हुन सक्ने दीर्घकालीन महत्व राख्ने ज्यार्खाङफेदी नाल्माफेदी सुरुङमार्ग, बेसीशहर गाउँशहर केबलकार, बेसीशहर, बराहपोखरी केवलकार निर्माण, सहजी रंगशाला निर्माण जस्ता नगरपालिकाको क्षमताभन्दा बाहिरका योजनाहरुको सम्भव्यता अध्ययनको लागि संघ तथा प्रदेश सरकार र नीजिक्षेत्रसंग आवश्यक पहल गरिनेछ ।

सभासद्ज्यूहरु,

३१. अव म नगरपालिकाले आगामी आव २०७७।०७८ को लागि लिएका क्षेत्रगत नीति तथा कार्यक्रमहरु प्रस्तुत गर्न गइरहेको छु ।

स्वास्थ्य तथा पोषण :

३१ मानव जातिमाथि नै धावा बोलेको कोरोना संक्रमणको कारणले आज स्वास्थ्य क्षेत्रमा थप चुनौती र समस्याहरु सिर्जना भएको सर्वविदितै छ । एकातिर विद्यमान कोरोना महामारी नियन्त्रण र उपचारको लागि आवश्यक पर्ने औषधी, उपकरण तथा उपचार सामाग्रीको उपलब्धताको साथै अन्य व्यवस्थापकीय पक्षलाई ध्यान दिनु परेको छ भने अर्को तिर सिंगो स्वास्थ्य प्रणालीमा सुधार गर्दै जानु पर्ने आवश्यकता पनि छ । यसै परिप्रेक्ष्यमा आगामी आव २०७७।०७८ को नीति र कार्यक्रममा स्वास्थ्य सेवा क्षेत्रलाई उच्च प्राथमिकतामा राखिएको छ । राज्यबाट आधारभूत स्वास्थ्य सेवा निःशुल्क प्राप्त गर्ने नागरिकको मौलिक हक सुनिश्चित गर्नको लागि बेसीशहर नगरपालिकाबाट स्वास्थ्य सेवा प्रवाह र स्वास्थ्य संस्थाहरुको सुदृढीकरण लगायत आफ्नो दायराभित्र पर्ने स्वास्थ्य सम्बन्धी यावत् कार्यलाई सुव्यवस्थित रुपमा सञ्चालन गदै लगिनेछ ।

३२. ग्रामिण क्षेत्रका सवै नागरिकको स्वास्थ्य सेवामा सहज पहुँचको लागि घुम्ती स्वास्थ्य सेवा कार्यक्रम एवम् साधरण तथा विशेषज्ञ सेवा सहितको स्वास्थ्य शिविरहरु सञ्चालन गरिनेछ । जेष्ठ नागरिकको स्वास्थ्य परीक्षणलाई प्राथमिकतामा राखी घुम्ती स्वास्थ्य सेवा कार्यक्रम लगिनेछ । नियमितरुपमा आफ्नो स्वास्थ्य परीक्षण गराउनेतर्फ सम्पूर्ण नगरबासीहरुलाई उत्प्रेरित गरिनेछ ।

३३. नेपाल सरकारको निरोगी नेपाल अभियानलाई सार्थक तुल्याउन आवश्यक कार्य गरिनेछ । आफ्नो स्वास्थ्य आफ्नै दायित्व स्वरुप सन्तुलित आहार, शारिरीक व्यायाम, व्यक्तिगत सरसफाईलाई समेत जोड दिनको लागि चेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । कुपोषणको अन्त्यका लागि बहुक्षेत्रीय पोषण योजनाको लक्ष्य मुताविक पोषण लक्षित एवम् पोषण सम्वेदनशील कार्यक्रमलाई सवै वडाहरुमा सञ्चालन गरिनेछ । गर्भवती तथा सुत्केरी महिलाहरुको स्वास्थ्य जाँचलाई अनिवार्य गरिनेछ ।

३४. बेसीशहरस्थित लमजुङ जिल्ला सामुदायिक अस्पताललाई सुविधा सम्पन्न अस्पतालको रुपमा स्तरोन्नतिको लागि अवश्यक समन्वय र सहयोग गरिनेछ । सो अस्पतालमा मृगौलाका बिरामीहरुको लागि डायलसिस सेवा शुरु गर्न अवश्यक पहल गरिनेछ । साविकको जिल्ला अस्पतालको स्तरोन्नतिको लागि संघीय र प्रदेश सरकारबाट विनियोजित श्रोत अपुग भएमा परिपुरक सहयोग उपलब्ध गराइनेछ । चण्डीस्थान र चिसापानी स्वास्थ्य चौकी भवन निर्माणको लागि योजना माग गरि पठाइएको जानकारी गराउँदछु । सवै स्वास्थ्य चौकी र शहरी स्वस्थ्य केन्द्रहरुको आधारभूत पूर्वाधार सुधार, मर्मत सम्भार तथा स्तरोन्नतिको लागि आवश्यक सहयोग पुऱ्याइनेछ । स्वास्थ्य संस्थाहरुको सेवालाई प्रभावकारी बनाउने क्रममा स साना व्यवस्थापकीय अभावमा अड्किन दिइने छैन । साथै स्वास्थ्य संस्थामा फोहरमैला व्यवस्थापन, खानेपानी, विजुली महशुल, कम्प्युटर, इन्टरनेट जस्ता कार्यहरुको लागि पनि बजेटको व्यवस्था मिलाइनेछ ।

३५. ३ वर्षभित्र सवै नागरिकमा स्वास्थ्य विमा पुऱ्याउने नेपाल सरकारको लक्ष्य वमोजिम आगामी आवमा हुने स्वास्थ्य विमा सम्बन्धी कार्यक्रमलाई उच्च महत्व दिई आवश्यक सहयोग गरिनेछ । बजेट सीमाभित्र रही असहाय र आर्थिक अवस्था कमजोर भएका विरामीहरुको स्वास्थ्य उपचारार्थ आर्थिक सहयोग प्रदान गरिनेछ । निश्चित सुचक र मापदण्ड बनाई निजी अस्पताल, क्लिनिकहरुको नियमन गरिनेछ । महिला स्वास्थ्य स्वयंसेविकाहरुको भूमिका र योगदानको उच्च मूल्यांकन गरी प्रोत्साहित गरिनेछ । साथै सवै स्वाथ्यकर्मीहरुको मनोवल उच्च राख्ने विषयमा नगरपालिकाले आवश्यक भूमिका निर्वाह गर्नेछ ।

३६. निःशुल्क प्राप्त हुने औषधीहरुको समयमै नियमितरुपमा उपलब्ध गराउने, कोरोना संक्रमण नियन्त्रण र उपचार गर्ने, सुरक्षित मातृत्व कार्यक्रम सञ्चालन गर्ने, स्वास्थ्य सामाग्री र उपकरण खरीद, आमा सुरक्षा कार्यक्रम, महामारीजन्य रोग नियन्त्रण, उपचारात्मक सेवा प्रवाह, पोषण सुधार, प्राथमिक स्वास्थ्य सेवा आदि जस्ता कार्यक्रमहरु स्वास्थ्य क्षेत्र अन्तर्गत सञ्चालन गरिनेछ ।

शिक्षा

३७. सभ्य, मर्यादित र समृद्ध जीवनको आधार समेत शिक्षा भएकोले यसलाई मौलिक हकको रुपमा स्वीकारिएको हुनुपर्दछ । कोरोना संक्रमणको जोखिमले गर्दा लामो समय विद्यालय सञ्चालन हुन नसकेको परिस्थितिविच हामी गुज्रिरहेका छौं । यो जोखिम छिट्टै नियन्त्रणमा आई विद्यालयहरु पूर्ववत रुपमा सञ्चालन हुने अपेक्षा लिइएको छ । विपद्को यो समयमा औपचारिक शिक्षा प्राप्तिका वैकल्पिक विधिहरुको समेत खोजी र प्रयोग भै रहेको छ तर पर्ख र हेर कै स्थितिमा रहेका छौं ।

३८. सवैका लागि गुणस्तरीय शिक्षामा पहुँच सुनिश्चित गर्नु, विषयगत र क्षेत्रगत शिक्षकहरुको व्यवस्थापन गर्नु, बालबालिकाहरुलाई विद्यालयमा टिकाइ राख्नु, बजारको माग अनुसारको जनशक्ति तयार गर्नु, प्राविधिक धारको शिक्षालाई व्यवस्थित बनाएर लैजानु, विद्यालयहरुमा उपयुक्त पूर्वाधारको विकास गर्नु, प्रविधिमैत्री र बालमैत्री वातावरण तयार गर्नु, बालबालिकाहरुको सर्वाङगीण विकास गर्नु शिक्षा क्षेत्रका

मुख्य मुख्य कार्यभार भएकोले बेसीशहर नगरपालिकाको आगामी आर्थिक वर्षको शिक्षातर्फको नीति तथा कार्यक्रम पनि यिनै सवालहरुको सेरोफेरोमा रहेको व्यहोरा अनुरोध गर्दछु ।

३९. पूर्वाधार भएका माबि तहका विद्यालयहरुमा प्राविधिक र व्यवसायिक धारको विद्यालय सञ्चालनका लागि प्रोत्साहित गर्ने, निःशुल्क र आधारभूत शिक्षामा शत प्रतिशत वालबालिकाहरुको पहुँच सुनिश्चित गर्ने, माथिल्लो तहका स्थायी शिक्षकहरुमध्येबाट उत्कृष्ठ कार्यक्षमता भएको शिक्षकहरुलाई प्र.अ. मा नियुक्त गर्ने, शैक्षिक उपलब्धी अभिबृद्धिका लागि प्रअहरुसंग कार्यसम्पादन करार गर्ने, सरोकारवालाहरुको विचमा अन्तर्क्रिया र छलफल गर्ने जस्ता नीति र कार्यक्रम तय गरिएको छ । साथै कक्षा १२ सम्म सञ्चालन भई दरबन्दी नपाएका विद्यालयहरुमा शिक्षक व्यवस्थापन मिलाउने कार्यमा आवश्यक कार्य गरिनेछ । विद्यालय एकिकरण तथा तहगत एकिकरणका कार्यहरुलाई पनि आवश्यकतानुसार अघि बढाइनेछ ।

४०. मूल्यांकनको निश्चित मापदण्ड तयार गरी सामुदायिक र संस्थागत विद्यालयहरुको बर्गिकरण गर्ने, विद्यालय वर्गिकरणको आधारमा संस्थागत विद्यालयहरुले लिन पाउने अधिकतम् शुल्कको सीमा तोक्ने, विद्यालयहरुमा शुद्ध पिउनेपानी, व्यवस्थित शौचालय, बालमैत्री फर्निचर, सुरक्षित खेलमैदान तथा प्रविधिको प्रयोग बढाउने गरी कामर्यक्रमहरु सञ्चालन गरिनेछ । विद्यालय तहदेखि नै खेलकुँद, स्काउट, योगाभ्यास जस्ता कार्यक्रमहरु सञ्चालन गर्ने, प्रारम्भिक बाल विकास केन्द्रहरुलाई व्यवस्थित बनाउने, विपन्न जेहन्दार विद्यार्थीहरुलाई छात्रबृत्ति प्रदान गर्ने, सृजनात्मक क्षमतालाई प्रोत्साहन गर्ने विषयलाई प्राथमिकतामा राखिनेछ ।

४१ कोभिड १९ संक्रमणको जोखिम रैरहेमा डिजिटल पाठ्यसामाग्रीहरु विकास गर्ने, भर्चुअल कक्षा सञ्चालन गर्ने टेलिभिजन एवम् रेडीयोमार्फत कक्षा सञ्चालन गर्ने जस्ता बैकल्पिक शिक्षा प्रणालीको उपयोग गरिनेछ ।

४२. बेसीशहरमा प्राविधिक शिक्षालयको स्थापना गर्न पहल गरिनेछ । बेसीशहरमा रहेको मर्स्याङ्दी सामुदायिक क्याम्पसलाई बहु विषय शिक्षण केन्द्रको रुपमा विकास गर्नको लागि सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

युवा तथा खेलकुँद

४३. "सवैका लागि खेलकुँद, स्वास्थ्यका लागि खेलकुँद" भन्ने अभियानका साथ खेलकुँद सम्बन्धी प्रतियोगिता सञ्चालनका लागि स्थानीय खेलकुँद सम्बन्धी संघ/संस्थाहरुलाई प्रोत्साहित गरिनेछ ।

४४. सहजी खेल मैदानलाई सहजी रंगशालाको रुपमा परिणत गर्ने गरी पूर्वाधार विकास गरिनेछ । यसको लागि बाह्य श्रोत समेत खोजी गरिएको छ । त्यसै गरी निर्माणधिन कभर्ड हलको निर्माण कार्य श्रोतको खोजी गर्दै आगामी आवमा जारी रहनेछ । प्रत्येक वडामा कम्तिमा १/१ वटा खेलकुँद मैदान निर्माण सुधारको लागि कार्यक्रम राखिनेछ ।

४५. बेसीशहर मेयर कप खेलकुँद प्रतियोगिता सञ्चालन गरिनेछ भने त्रिवेणी कप खुल्ला राष्ट्रिय फुटबल प्रतियोगिता तथा राष्ट्रपति रनिङ शिल्ड लगायत अन्य खेलकुँद प्रतियोगिताहरुमा यथोचित सहयोग पुऱ्याइनेछ ।

४६. कोरोना संक्रमणको कारण रोजगारको खोजीमा रहेका युवाहरुलाई स्वरोजगारमूलक तालिममा सहभागी हुने अवसर प्रदान गरिनेछ । विभिन्न सीपमूलक तालिम प्राप्त युवाहरुलाई उद्यम व्यवसाय सञ्चालन गर्न उत्प्रेरित गरिनेछ । शासकीय प्रक्रियामा युवाहरुको सहभागिता बृद्धि गर्ने, युवाद्वारा सञ्चालित उद्यम व्यवसायमा सहयोग गर्ने, सामाजिक कुरीति, विभेद र विसंगित विरुद्ध युवा परिचालन गर्ने नीति लिइनेछ ।

खानेपानी तथा सरसफाई

४७. खानेपानी तथा सरसफाई मावन जीवनको विविध पक्षमा प्रभाव पार्न सक्ने क्षेत्र भएकोले सवै नगरबासीहरुलाई सुविधाजनकरुपले स्वच्छ, र सुरक्षित खानेपानीको व्यवस्था गर्ने कार्यमा नगरपालिकाले विशेष ध्यान दिनेछ । दिगो विकासको मुख्य आधार स्वच्छ खानेपानी र सरसफाईयुक्त व्यवहार भन्ने नारालाई आत्मसात् गर्दै एक घर एक धाराको अवधारणा वमोजिम खानेपानी योजनाहरु सञ्चालन गरिनेछ । जीर्ण र क्षतिग्रस्त खानेपानी आयोजनाहरुको बृहत मर्मत तथा सुधार विस्तार गर्दै परम्परागत ढुंगेधारा तथा मूलहरुको संरक्षण गरिनेछ । ठूला प्रकतिका खानेपानी आयोजनाहरु संघ र विशेष गरी प्रदेशस्तरबाट सञ्चालन गरिने नीति रहेको हुँदा स साना खानेपानी आयोजना र मर्मत सुधारका कार्यक्रमहरु नगरपालिकास्तरबाट कार्यान्वयन गरिनेछ ।

४८. पिउने पानीको शुद्धिकरणको लागि कम्तिमा एक घर एक फिल्टर जडान गरी पानीजन्य संक्रमणबाट बच्न सवै नगरबासीमा अपिल गर्दै कार्यक्रम सञ्चालन गरिनेछ । घर र सार्वजनिक धाराबाट निस्कने फोहरपानीको व्यवस्थापनमा पनि उचित ध्यान पुऱ्याइनेछ । सवै नगरबासीलाई आधारभूत सरसफाई सेवा उपलब्ध गराउनको लागि सरसफाईमा युवा क्लव तथा टोल विकास संस्थाहरु प्रभावकारी रुपले परिचालन गरिनेछ । पूर्ण सरसफाईको अभियानलाई सफल पार्न स्थानीय गैरसरकारी संस्था तथा सामाजिक संगठनहरुसंग आपसी सहकार्य गरिनेछ ।

४९. जलश्रोतको बहु उपयोग र पुनरुपयोगलाई प्रोत्साहन गरिनेछ । खानेपानीको श्रोत संरक्षणको लागि श्रोतको नजिक रहेका समुदायहरुलाई अभिप्रेरित गरिनेछ । नगर क्षेत्रभित्रबाट निस्कने फोहरमैलाको संकलन, पुन उपयोग, प्रशोधन र विसर्जनका लागि सार्वजनिक निजी साझेदारी अवधारणा अनुसार काम अगाडी बढाइनेछ ।

लैंगिक समानता तथा सामाजिक समावेशीकरण

५०. महिलामाथि हुने सवै प्रकारका हिंसा र कुप्रथा विरुद्ध कार्यक्रम सञ्चालन गर्ने, लैंगिक खण्डीकृत तथ्यांक राख्ने प्रणालीको विकास गर्ने, विपन्न महिलाहरुको जिविकोपार्जनमा सहयोग गर्ने, हिंसा पीडित महिलाहरुको उद्धार गर्ने, महिलाहरुको सामाजिक र आर्थिक सशक्तिकरणको लागि महिलासंग उपमेयर कार्यक्रम सञ्चालन गर्ने गरी आगामी आवको बजेट विनियोजन गरिनेछ ।

५१. बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउने, जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकालाई संरक्षण गर्ने, बाल विवाह र बालश्रम न्यूनीकरण गर्ने, बालमैत्री पूर्वाधारको विकास गर्ने र सिंगो बालमैत्री वडा घोषणालाई मद्धत पुऱ्याउने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ । बालबालिकाको लागि खेलकुँद लगायत अतिरिक्त क्रियाकलापहरुमा सहभागी गराउन विद्यालयहरुलाई सहयोग गरिनेछ । सवै वडाहरुमा बालमैत्री तालिमहरु सञ्चालन गरिनेछ । बालबालिकाको विकासको लागि अभिभावक शिक्षालाई समेत प्राथमिकता दिइनेछ ।

५२. अपांगता भएका व्यक्तिहरुको आवागमनलाई सरल बनाउन सहायता सामाग्रीहरु उपलब्ध गराउने, अपांगता भएका व्यक्तिहरु वा व्यक्तिका परिवारजनको आय आर्जनमा टेवा पुग्ने खालका कार्यक्रम सञ्चालन गर्ने, आवश्यक स्वास्थ्योपचारमा मद्धत गर्ने, अपांगता परिचय पत्र लिन बाँकी रहेका व्यक्तिहरुलाई परिचय पत्र उपलब्ध गराउने, परिचय पत्र नविकरण गर्ने जस्ता कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

५३. जेष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई उपयोग गर्न अन्तर्क्रिया तथा जेष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ । आफ्ना आमाबाबुलाई सन्तानले स्वतस्फूर्त अनिवार्य हेरचाह गर्ने पद्धतिको विकासको लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । जेष्ठ नागरिक दिवा सेवा केन्द्र वा जेष्ठ नागरिक मिलन केन्द्र सञ्चालन गर्न चाहने सामुदायिक संगठनलाई प्रस्तावनाको आधारमा सहयोग गरिनेछ ।

५४. आर्थिक र सामाजिक रुपले पछाडि परेका विपन्न दलित समुदायको सामाजिक र आर्थिक सशक्तिकरण हुने तथा प्रत्यक्ष फाइदा पुग्ने खालका कार्यक्रम सञ्चालनमा जोड दिइनेछ । साथै जातीय विभेद उन्मुलनका लागि सहयोग पुग्ने किसिमका कार्यक्रमहरु सञ्चालनमा जोड दिइनेछ ।

सामाजिक सुरक्षा र न्याय

५५. कोरोना महामारीले जोखीममा पर्न गएका विपन्न गर्भवती र सुत्केरी महिला तथा अपांगता भएका व्यक्तिहरुलाई राहतको व्यवस्था गरिनेछ । गरिबीको रेखामुनि रहेका अति विपन्न घरपारिवारहरुलाई परिचयपत्र उपलब्ध गराइनेछ । जीर्ण, कच्ची तथा जोखीमपूर्ण घरमा जीवन गुजारा गरिरहेका विपन्न परिवारको आवास सुधारको लागि जस्तापाता लगायतको जिन्सी सामाग्री सहयोग उपलब्ध गराइनेछ ।

५६. नेपाल सरकारले उपलब्ध गराउँदै आएको सामाजिक सुरक्षा भत्तालाई स्थानीय तह मार्फत वितरण गर्ने क्रममा बेसीशहर नगरपालिकाले बैंकिङ प्रणालीबाट भत्ता उपलब्ध गराएको स्थितिमा बैंकहरुलाई समुदायमै पुगेर वितरण कार्यमा सहजता ल्याउन आवश्यक सहयोग प्रदान गरिनेछ । सामाजिक सुरक्षा भता पाउनेहरुको नामावली सफ्वेयर मार्फत अद्यावधिक गर्ने कार्य निरन्तर भइरहने व्यहोरा अनुरोध गरिन्छ ।

५७. उपप्रमुखको संयोजकत्वमा रहेको न्यायिक समितिलाई थप सक्रिय र व्यवस्थित बनाउँदै लगिनेछ । वडास्तरमा स्थापना गरिएका मेलमिलाप केन्द्रहरुलाई सञ्चालनमा ल्याई कतिपय विवादहरुलाई मध्यस्थकर्तामार्फत वडास्तरमै मिलाउने परिपाटीको विकास गरिनेछ ।

संस्कृति र कला साहित्य

५८. नगरक्षेत्र भित्र परम्परागतरुपमा रहेका धार्मिक र सांस्कृतिक रुपले महत्व राख्ने सवै मौलिक संस्कृतिको जगेर्ना गर्नको लागि आयोजना गरिने पर्व महोत्सव लगायतका कार्यक्रममा नगरपालिकाको साथ र सहयोग रहनेछ । बेसीशहरको मौलिक पहिचान वोकेका सबै सम्प्रदायको मौलिक लोकसंस्कृति, भेषभूषा, परम्परागत प्रयोग सामाग्री आदिको संरक्षण र सम्वर्द्धन गरिनेछ । यसको लागि सांस्कृतिक संग्रहालय स्थापनामा जोड दिइनेछ ।

५९. कला साहित्य समाजको ऐना हो, समकालिन समाजको कोमल शैलीबाट चित्रण गर्ने माध्यम पनि हो र सभ्य समाजको गहना पनि हो । बेसीशहर नगरपालिका कला साहित्यको माध्यमबाट समाजको रुपान्तरणमा योगदान दिन सकिन्छ भन्ने मान्यतामा रहेको हुँदा कला साहित्यको उन्नयनको लागि सञ्चालन हुने कार्यक्रममा आवश्यक सहयोग गर्ने नीतिलाई निरन्तरता दिइनेछ । कला र साहित्यका विधाहरुमा कलम र कूची चलाउने सवै सर्जकहरुलाई सम्मान गर्ने तथा सर्जकका कृतिहरुलाई संरक्षण गर्दै जाने नीति लिइएको छ ।

कृषि

६०. समृद्धि हासिल गर्ने प्रमुख आधारको रुपमा रहेको कृषि क्षेत्रले देशको कुल ग्राहस्थ उत्पादनको २७ प्रतिशत योगदान पुऱ्याएको देखिन्छ । दिगो विकास लक्ष्यले लिएको भोकमरीको अन्त्य तथा नेपालको संविधानले

प्रत्याभुत गरेको खाद्य सम्बन्धी मौलिक हकलाई सुनिश्चित गर्नको लागि पनि हामीले कृषि क्षेत्रको विकास गर्नु अपरिहार्य छ । अझ झन् कोभिड-१९ ले प्रभावित पारेको ठूलो श्रमशक्तिलाई कृषितर्फ आकर्षण गर्नु हाम्रो मुख्य चुनौती र अवसर हो । कृषि क्षेत्रको विकासको लागि कृषिको यान्त्रिकीकरण, आधुनिकीकरण र व्यवसायीकरण गर्दै कृषकहरुलाई सिंचाई, मल, बीउ, पूँजी र प्रविधको सहज पहुँच पुऱ्याई कृषि उत्पादन बढाउने र कृषि पेशामा रोजगारी सिर्जना गर्ने गरी कार्यक्रमहरु तय गरिनेछ ।

६१. २४ सै घण्टा कृषि कार्यमा संलग्न भएर पनि बाह्रै महिना खान नपुग्ने स्थिति आज पनि विद्यमान छ । कृषितर्फका हालसम्मका अनुदानका प्याकेजले मात्रै पनि समस्याको हल हुन सकेको देखिंदैन । उत्पादन लागत बढी पर्न गएको कारण कतिपय कृषकहरु कृषि पेशाबाट विमुख हुँदै जमिनहरु बाँझो राख्न बाध्य भएको पाइन्छ । यी सवै यथार्थतालाई मध्यनजर राखी एकातिर व्यवसायिक कृषकहरुलाई यान्त्रीकीकरण र व्यवसायीकरणमा मद्दत पुऱ्याउनु पर्दछ भने अर्कोतिर साना र मझौला कृषकहरुलाई पनि सेवाटेवाको कार्यक्रम मार्फत क्रमशः स्तरोन्नति गर्दै लैजानु पर्ने देखिन्छ । कृषि कर्ममा लागिरहेका अति विपन्न कृषकहरुलाई समेत सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ । नगरपालिकाका कृषि कार्यक्रमहरु यिनै विषयहरुतर्फ केन्द्रित गरिनेछ ।

६२. कृषिको उत्पादनमा अनुदान दिने नीति अबलम्बन गर्ने कि भन्ने सोचमा नगरपालिका रहेको थियो । तर त्यसको लागि सवै वडामा कृषि सहकारी जस्ता भरपर्दो खरीद संयन्त्र एवम् सञ्जालको विकास हुनु जरुरी छ । कृषकले बिक्री गरेको उत्पादनको यथार्थ तथ्यांक उपलब्ध गराउने दिगो खालको संगठनको आवश्यकता पर्दछ । यस्ता संस्थाहरु उत्पादनको बढोत्तरी भए पछि स्वतस्फूर्त रुपमा स्थापना हुँदै पनि जानेछन् र एक दिन उत्पादनमा अनुदान दिने स्थितिमा पुग्नेछौं भन्ने लागेको छ ।

६३. **"स्थानीय उत्पादन नै राम्रो- बेसीशहरको बजार हाम्रो"** को मर्म अनुरुप स्थानीय बजारमा बाहिरी आयातलाई न्यूनीकरण गरी आन्तरिक उत्पादनले स्थानीय बजारको मुख्य हिस्सा ओगट्ने उद्देश्यका साथ कृषि सम्वन्धी कार्यक्रम सञ्चालन गरिनेछ । यसको लागि कृषितर्फ व्यवसायिक तरकारी खेती प्रवर्द्धन कार्यक्रम, खाद्य सुरक्षा तथा पोषण सुधार कार्यक्रम, सघन बाली विकास कार्यक्रम, यान्त्रिकिकरण कार्यक्रम, पालिकास्तर बीउ आत्मनिर्भर आयोजना, ग्रामीण जिविकोपार्जन सहयोग कार्यक्रम, कृषि प्रसार सेवा टेवा कार्यक्रम, बेरोजगार युवा लक्षित कृषि प्याकेज जस्ता कार्यक्रमहरु प्रस्ताव गरिएको छ । यसै गरी पशुसेवातर्फ घाँस विकास कार्यक्रम, नश्ल सुधार कार्यक्रम, दूध र मासुमा आत्मनिर्भर कार्यक्रम, बजारीकरण कार्यक्रम, गोठ सुधार कार्यक्रम, उपचार सेवा, यान्त्रिकिकरण कार्यक्रम, कुखुरा तथा माछा विकास, चरनखर्क सुधार, युवा व्यवसाय शुरुवात जस्ता कार्यक्रमहरु अघि सारिनेछ । मापदण्ड निर्धारण गरी स्थलगत अनुगमन समेतका आधारमा कृषि/पशु अनुदान उपलब्ध गराइनेछ । कृषकहरुलाई घरदैलो तथा खेतबारीमा नै प्राविधिक सहयोग गर्नको लागि कृषि र पशुसेवातर्फ जनशक्ति थप गरिनेछ ।

६४. जग्गा चक्लाबन्दी, गह्रा सुधार तथा बाँझो जमिनमा खेती गर्ने कार्यक्रमलाई प्रोत्साहन गर्ने नीति लिइएको छ । उत्पादन बढाउनको लागि समुदायमा कम्पोष्ट मल बनाउने तरिका र प्रविधीबारे स्थानीय स्तरमा अभिमुखीकरण गरिनेछ । वडाहरुमा उत्पादित कृषि उपजहरु बजारमा लैजानु अघि संकलन गर्ने संकलन केन्द्रहरुको विकास गर्नु पर्ने देखिन्छ । यसको लागि भै रहेका सामुदायिक भवनलाई उपयोग गर्न पनि सकिने वा आवश्यकता अनुसार तरकारी संकलन केन्द्र निर्माण गर्ने नीति लिइएको छ । मोवाइल एप मार्फत कृषि सम्बन्धी जानकारी र सूचना उपलब्ध गराउने संघीय सरकारको नीतिलाई नगरपालिकाले उच्च महत्व दिई आवश्यक सहयोग पुऱ्याउने नीति लिइएको छ ।

६५. पशु तथा बाली विमाका लागि कृषकहरुलाई प्रेरित गरी जोखिम न्यूनीकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ । विभिन्न सूचकहरुको आधारमा उत्कृष्ट कृषक छनौट गरी "नगरपालिका मेयर कृषि पुरस्कार" द्वारा सम्मानित गरिने छ । कृषि तथा पशुमा सुलभ ब्याजमा सहज रुपमा कृषकले ऋण प्राप्त गर्नको लागि वित्तिय संस्थाहरुसंग आवश्यक सहकार्य र समन्वय गरिनेछ ।

उद्योग वाणिज्य, सहकारी

६६. आर्थिक विकासको प्रमुख आधारस्तम्भको रुपमा उद्योग वाणिज्य क्षेत्र रहेको हुँदा नीजि क्षेत्रलाई उद्योग व्यवसाय स्थापना र सञ्चालनमा सहज वातावरण तयार गर्दै आवश्यक सहजीकरणको लागि नगरपालिकाबाट भूमिका निर्वाह गरिनेछ । प्रदेश सरकारको एक स्थानीय तह एक औद्योगिक ग्रामको योजना वमोजिम नगरपालिकाबाट हाल प्रस्ताव गरिएको स्थानलाई यथावत राखी अझ उपयुक्त स्थानको खोजी गरिनेछ । व्यापार पूर्वाधारको विकासमा पनि नीजि क्षेत्रको सहाभागितालाई प्रवर्द्धन गरिनेछ ।

६७. उपभोक्ता अधिकार र हितको संरक्षणका लागि उपलब्ध खाद्य तथा अन्य बस्तु र सेवाको गुणस्तरीयताको सुनिश्चित गर्न वजार अनुगमन सम्बन्धी नीति तथा मापदण्ड अनुरुप वजारको अनुगमन र नियमनलाई थप प्रभावकारी बनाई निरन्तरता दिइनेछ । सूचिकृत गरिएका सवै व्यापार व्यवसायहरुलाई नगरपालिकामा अनिवार्य दर्ता गराई नगरपालिकाको छाता भित्र ल्याउने र सुरक्षण दिने व्यवस्था मिलाइनेछ ।

६८. नयाँ उद्यमीहरुको सिर्जना गर्ने, भैरहेका उद्यमीहरुको स्तरोन्नति गर्ने तथा उद्यमीहरुलाई प्रविधि हस्तान्तरणका कार्यहरु गरी सशर्त अनुदान समेतबाट लघु उद्यम विकास कार्यक्रम सञ्चालन गरिनेछ । सहकारी संस्थाहरुमा रहेको शेयर सदस्यको पूंजीलाई सदुपयोग गरी सदस्यहरुको आर्थिक, सामाजिक विकासमा योगदान दिने खालका कार्यक्रम संचालन गर्न प्रोत्साहित गरिनेछ । सञ्चालन भएका सहकारीहरुलाई अनिवार्यरुपमा सामाजिक उत्तरदायित्व पुरा गर्न लगाइनेछ ।

श्रम तथा रोजगारी

६९ रोजगारी पनि सिर्जना हुने स्थानीय विकास निर्माणको कार्य पनि सम्पन्न हुने हुँदा नगरपालिकाको सार्वजनिक विकास निर्माणका योजनाहरु सम्भव भएसम्म स्थानीय श्रममूलक प्रविधिबाट गर्ने गरी प्राथमिकता दिइनेछ । यसै मर्म अनुरुप सञ्चालित प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गरी बेरोजगारको सूचीमा रहेका व्यक्तिहरुलाई रोजगारी सिर्जना गरी विकास निर्माण कार्य अघि बढाइनेछ । साथै कृषि,पशु लगायतको क्षेत्रमा उद्यमशिलता प्रवर्द्धन गरी स्वरोजगार सिर्जना गरिनेछ ।

७०. नगरपालिका भित्र रहेको रोजगार सेवा केन्द्रलाई सूचना बैंक र रोजगार अभिलेख केन्द्रको रुपमा समेत व्यवस्थपन गरिनेछ । व्यक्तिहरुको सीप, अनुभव र रुचिको अभिलेख राखी नीजि क्षेत्र र प्रतिष्ठानलाई आवश्यक पर्ने जनशक्ति उपलब्ध गराउन सहयोग पुऱ्याइनेछ ।

७१. कोरोना महामारीले गर्दा रोजगारी गुमाएका, विदेश जानबाट रोकिएका, विदेशबाट फर्किएका व्यक्तिहरुको लागि नयाँ उद्यम तथा व्यवसाय स्थापना र सञ्चालन गर्न बजेट विनियोजन गरिनेछ । साथै सीप, क्षमता र रुचिका आधारमा लामो र छोटो अवधीका विभिन्न खाले सीपमूलक तालिमहरु सञ्चालन गरिनेछ । आवश्कतानुसार सीप रुपान्तरण समेत गरेर तालिम प्रदान गर्न सकिनेछ । साथै तालिम प्राप्त व्यक्तिहरुलाई उद्यम व्यवसाय सञ्चालनको लागि आर्थिक अवस्था हेरी सहुलियत दरमा मेसिन, औजारहरु उपलब्ध गराइनेछ साथै शुरुवाती बीउपूँजीको लागि सहुलियत दरमा ऋण उपलब्ध हुने व्यवस्थाको लागि वित्तिय संस्थाहरुसंग समन्वय गरिनेछ ।

पर्यटन

७२. नगरपालिकाले पर्यटन विकास योजना समेत निर्माण गरी पर्यटन क्षेत्रको क्रमिक विकास गर्दै आइएकोमा विद्यमान कोरोना संक्रमणको जोखिमले यो क्षेत्र राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमै शिथिल बनेको देखिन्छ । कोरोना जोखिम नियन्त्रण हुनासाथ यस क्षेत्रलाई शिघ्र पुनर्स्थापित गर्नको लागि आवश्यक पर्यटकीय पुर्वाधार निर्माण गर्ने कार्यलाई जारी राखिनेछ । पर्यटन क्षेत्रको पुनरुत्थानको लागि कसरी जान सकिन्छ भन्ने बारे सरोकारवालाहरु र विज्ञ समुहसंगको सहभागितामा विचार गोष्ठी समेत आयोजना गरी आवश्यक रणनीति तयार गरिनेछ ।

७३. बेसीशहर नगरपालिकासंग प्रख्यात होमस्टे गाउँहरु छन्, ऐतिहासिक किल्ला र गढी छन्, बराहपोखरी जाने रुटहरु छन्, सांस्कृतिक सम्पदाहरु छन्, धार्मिक स्थलहरु छन्, सुविधासम्पन्न पर्यटकीय होटलहरु छन् । यिनै सम्पतिलाई उजागर गर्दै पर्यटकीय गतिविधि विस्तार र विविधीकरण गर्दै लगिनेछ । शाह वंशको उद्‌गमस्थल गाउँशहर स्थित लमजुङ दरबार क्षेत्रलाई विश्व सम्पदा सूचीमा समावेश गर्न पहल गरिनेछ ।

७४. पर्यटकीय क्षेत्रको वातावरणलाई स्वच्छ राख्ने, सरसफाईमा ध्यान दिने, सूचना प्रविधि सुदृढ पार्ने, सुरक्षाको प्रवन्ध मिलाउने, पहुँच मार्गको स्तरोन्नति गर्ने, पर्यटकीय उपजमा Value add गर्दै लैजाने, पर्यटकीय गाउँको खानपान एवम् बसाई व्यवस्थपनलाई परिस्कृत बनाउने जस्ता कार्यहरुमा ध्यान दिइनेछ । यसको लागि तालिम तथा भ्रमणको पनि व्यवस्था मिलाइनेछ ।

७५. पुरानकोट गढीमा निर्माणधिन स्तुपा सहितको भ्यू टावरलाई आगामी वर्ष सम्पन्न गरिनेछ । बेसीशहर बाँझाखेत चित्रेडाँडा बराहपोखरी सम्मको सडक निर्माण कार्यलाई बराहपोखरीमा सडक नपुगेसम्म निरन्तरता दिइनेछ । यसको लागि बाह्य श्रोतको पनि खोजी गरिएको छ । साथै प्रदेश सरकारसंग समेत साझेदारी गरिएको बेसीशहरदेखि लमजुङ दरबार सम्मको पक्की पदमार्ग निर्माण कार्यलाई पनि निरन्तरता दिइनेछ । बेसीशहरको कर्पुरेश्वर पार्कलाई आगामी वर्ष सम्पन्न गरिनेछ ।

सडक यातायात

७६. विगत केही वर्षदेखि सवै गाउँबस्तीहरुको पहिलो प्राथमिकतामा सडक यातायात पर्ने गरेको छ र पर्नु पनि स्वभाविक छ किनभने विकासको मुख्य पूर्वाधार तथा पहिलो शर्त सुविधायुक्त र सुरक्षित सडक सञ्जालको विकास नै हो । बेसीशहर नगरपालिकाले पनि यसैलाई हृदयंगम गरी सडक यातायातको स्तरोन्नतिमा जोड दिएर जाने रणनीति लिएको छ । तर पहाडी भिरोलो भुभागमा सडक निर्माण कार्यको लागि लाग्ने लागत र विनियोजन गरिने रकम विच सन्तुलन कायम गर्ने विषय श्रोतको कारण चुनौतीपूर्ण छ । जसले गर्दा सवै सडक योजनाहरु विगत लामो समयदेखि सम्पन्न हुन नसकी अधुरो अवस्थामा नै रहन पुगेका छन् ।

७७. नगरपालिका भित्रका मुख्य मुख्य सडकहरुमा संघ, प्रदेश र नगरपालिकाको श्रोतमा दोहोरोपना हुन नदिई रकम विनियोजन गरिनेछ । यदि दोहोरोपना औचित्यपूर्ण भएमा चेनेज छुट्याएर मात्र निर्माण कार्य अघि बढाइनेछ । सडक स्तरोन्नतितर्फ कम्तिमा ८० प्रतिशत रकम पक्की नाली, टेवा पर्खाल, ग्राभेलिङ जस्ता संरचना (structure) निर्माणमा लगानी गर्ने व्यवस्थालाई पूर्ण रुपमा पालना गरिनेछ । बर्षात्‌को कारण क्षतिग्रस्त हुने सडकहरुमा मनसुन सकिएपछि मर्मत सम्भार कोषबाट सडक सुचारु गर्ने सम्मको मर्मत कार्य गरिनेछ । प्रदेश र संघस्तरका सडक योजनाहरुमा भएका कार्यहरुमा पनि नगरपालिकाको

निगरानी बढाइनेछ । प्रदेश र संघीय सरकारको सडक लगायतका पूर्वाधार योजनाहरुमा साझेदारी गर्नको लागि समपुरक कोषमा रकम विनियोजन गरिनेछ ।

७८. कोरोना संक्रमणका कारण गाउँबस्तीमा युवा जनशक्तिको उपलब्धता साविकभन्दा बढी हुन सक्ने अवस्था सिर्जना भएकोले सडक निर्माण तथा स्तरोन्नतिको कार्यमा श्रममूलक प्रविधिको उपयोग बढी हुने गरी कार्य गरिनेछ । नगरपालिकाको केन्द्रबाट वडा कार्यालयसम्म पुग्ने सडकहरु कुनै पनि अवस्थामा अवरुद्ध हुन नदिई बाह्रै महिना सञ्चालनमा ल्याइनेछ । बजार क्षेत्रमा स्थानीय समुदायसंगको लागत साझेदारीमा सडक कालोपत्रे गर्ने नीतिलाई निरन्तरता दिइनेछ । आगामी आर्थिक वर्ष भित्र नगर यातायात गुरु योजना निर्माण कार्य सम्पन्न गरिनेछ । बेसीशहर नगरपालिकाको ११ वटै वडा जोड्ने बाहिरी चत्रपथ (Outer Ringroad) को अवधारणा अनुरुप विस्तृत परियोजना प्रतिवेदन तयार गरिनेछ । शहरी पूर्वाधार तर्फका कार्यहरुलाई क्रमशः व्यवस्थिति बनाउँदै लगिनेछ । भित्री सडकहरुमा पक्कीनाला मर्मतको कार्य अघि बढाइनेछ । सडक मापदण्डमा तीन तहका सरकार विच एकरुपता कायम गर्न आवश्यक पहल गरिनेछ ।

७९ घर तथा अन्य संरचना निर्माण गर्दा सडक मापदण्डको पालना गर्न सवै नगरबासीहरुमा अपिल गरिएकोमा यदि कहीं कसैले सडक मापदण्ड मिच्न खोजेमा तुरुन्त कारबाहीको दायरामा ल्याइनेछ । सडक निर्माण कार्यको कार्यान्वयन उपभोक्ता समितिमार्फत वा ठेक्का बन्दोबस्तीबाट समयमै गरिनेछ । बेसीशहरको आउटर रिङ रोडको कार्यमा आवश्यक सहयोग हुन संघीय र प्रदेश सरकारमा अनुरोध गरिनेछ । बेसीशहर नाल्माफेदी सुरुङमार्ग सम्भाव्यता अध्ययनको लागि संघीय तथा प्रदेश निकायहरुसंग अनुरोध गरिनेछ ।

सिंचाई

८०. कृषिसंग प्रत्यक्ष सम्बन्ध राख्ने क्षेत्र भएको हुँदा सिंचाई प्रणालीको विकासमा जोड दिई कृषि उत्पादन बढाउने नीति लिइएको छ । नगरपालिकाको कृषियोग्य भूमिमा सम्भाव्यताको आधारमा बाह्रै महिना सिंचाई सुविधा उपलब्ध गराउन प्राथमिकता दिइनेछ । गाउँबस्तीहरुमा खोला खोल्सीहरुबाट परम्परागत रुपमा सञ्चालन हुँदै आएका सिंचाई कुलोहरुको स्तरबृद्धि गरिनेछ । सिंचाई प्रणालीहरुको निर्माण, मर्मतसम्भार तथा स्तरोन्नति गर्दा श्रममूलक प्रविधिबाट गर्नको लागि प्राथमिकता दिइनेछ । मझौला तथा साना सिंचाई प्रणालीमा जोड दिंदै प्राविधिक एवम् आर्थिक दृष्टिले उपयुक्त सिंचाई प्रविधिको उपयोगमा समेत जोड दिइनेछ ।

८१ सडक संरचना निर्माणको क्रममा परम्परागत रुपमा पानी बग्ने रुटमा फेरबदल आउन सक्ने कारणले गराफाँटहरुमा सडकपानी कटाएर सिंचाई गर्न कठिन भएको हुँदा सडक निर्माण तथा स्तरोन्नतिको क्रममा क्रस पाइपहरु राखी सिंचाई सुविधालाई अविच्छिन्न बनाउन आवश्यक देखिएको छ । यसको लागि सिंचाई पाइपहरुमा उपभोक्तासंगको लागत साझेदारी गरी क्रस पाइपहरु राखिनेछ । नयाँ निर्माण गर्ने सडकहरुमा लागत इष्टिमेटमै पाइपहरुको व्यववस्था मिलाइनेछ । वाढी पहिरोको कारण कुलोहरु अवरुद्ध भई खनेर ल्याउन कठिन हुने स्थानमा सिंचाई पाइपको लागि पनि उपभोक्तासंग लागत साझेदारी गरिनेछ । केही ठूला तथा मझौला प्रकृतिका सिंचाई योजनाहरु प्रदेश सरकारबाट समेत सम्बोधन हुने हुँदा सोही अनुसार सिंचाई क्षेत्रमा बजेट विनियोजन गरिनेछ ।

भवन तथा शहरी विकास

८२. शहर तथा मानव बस्तीलाई सुरक्षित, वातावरणमैत्री, विपद प्रतिरोधी, सुन्दर, सफा, आधुनिक पूर्वाधारयुक्त बनाउने लक्ष्य वमोजिम **"हामी सवैको रहर- सुविधायुक्त व्यवस्थित बेसीशहर"** को अवधारणालाई

निरन्तरता दिंदै भवन तथा शहरी विकास मन्त्रालयले तयार गरेको नगरपालिकाको एकिकृत शहरी पूर्वाधार विकास योजना समेतलाई आधार मानी शहरी पूर्वाधार विकासका कार्यहरु अघि बढाइनेछ ।

८३. एकिकृत शहरी भौतिक पूर्वाधार विकासको अवधारणा अनुरुप गरिने कार्यहरुको लागि सवै सरोकारवाला निकायहरु विच आपसी सहकार्य र तालमेल मिलाउनको लागि आवश्यक समन्वय र सहजीकरण गरिनेछ । खानेपानी तथा ढल निकास विभागसंग साझेदारी गर्दै ढल निकासको प्रवन्ध मिलाइनेछ ।

८४. चालु आवबाट स्थानीय समुदायसंग ५०/५० को लागत साझदारीमा सामुदायिक भवन निर्माण, स्तरोन्नति तथा मर्मतको लागि नगरपालिकाले व्यहोर्ने अधिकतम सीमा प्रति योजना रु ५ लाख कायम राख्ने नीतिलाई आगामी आव २०७७।०७८ मा पनि निरन्तरता दिइनेछ । समुदायमा रहेका सामुदायिक भवनहरुलाई बहुउद्देश्यीय बनाउनेतर्फ ध्यान दिइनेछ ।

८५. सुरक्षित बसोबास र व्यवस्थित बस्ती निर्माणका लागि राष्ट्रिय भवन संहिता तथा मापदण्ड, २०७२ को पुर्ण पालना गरिनेछ । प्राविधिक हिसावले सुरक्षित एवम् उपयुक्त, आर्थिक दृष्टिले सम्भाव्य तथा वातावरणीय दृष्टिले सन्तुलित बस्ती विकास र भवन निर्माणलाई प्राथमिकता दिइनेछ । भूकम्पको सर्वेक्षणमा पूर्ण क्षतिमा परेको घर नभत्काई अनुदानबाट अर्को घर बनाएका व्यक्ति र परिवारहरुलाई उक्त पुरानो घरको जोखीम आफैंले मात्र बहन गर्नु पर्ने बारेमा सचेत गराइनेछ ।

विद्युत/ऊर्जा

८६. विद्युत लाइन आउने जाने भै रहने समस्याको दीर्घकालिन समाधानको लागि नगरपालिकाले सरोकारवालाहरुसंग समन्वय बैठक राखी समस्याको समाधानको कार्ययोजना तयार गरिनेछ । विद्युतको समस्याहरुबारे सवै वडाहरुबाट प्राप्त भएका समस्याको समाधानको लागि बजेट विनियोजन गरिनेछ । खाना पकाउने इन्धनको लागि विद्युतीय (इन्डक्सन) चुलो दीर्घकालिन दृष्टिकोणले बढी उपयोगी हुने देखिएको हुँदा उपभोक्ताहरुलाई उक्त चुलोको उपयोग बढाउन प्रोत्साहित गरिनेछ ।

८७. काठका पोलहरु पूर्णरुपमा हटाई स्टिलका विद्युत पोलहरु जडान गर्ने, नयाँ घर संरचनाहरु बनेका स्थानमा विद्युतीकरणको लागि माग वमोजिम स्टिल पोल उपलब्ध गराउने । खुला विद्युतीय तारहरु भएको स्थानमा इन्सुलेसन तारहरु राख्ने कार्य अघि बढाइनेछ । राष्ट्रिय ग्रामीण तथा नवीकरणीय ऊर्जा कार्यक्रमलाई समयमै सम्पन्न गरिनेछ ।

सूचना प्रविधि तथा सञ्चार

८८. सञ्चार गृहहरुको संस्थागत पूर्वाधार सुदृढीकरणको लागि यथासक्य सहयोग गर्ने तथा ल्याण्डलाइन टेलिफोन सेवा, मोवाइल तथा इन्टरनेट सेवाको विस्तार र गुणस्तर बृद्धिमा नेपाल टेलिकम तथा अन्य सेवा प्रदायक संस्थाहरुसंग आवश्यक समन्वय गरिनेछ ।

वन, वातावरण तथा विपद व्यवस्थापन

८९. प्रकृतिबाट निःशुल्क प्राप्त वातावरणीय सेवा दिगोरुपमा प्राप्त गरिरहन तथा वातावरणलाई स्वच्छ हराभरा बनाईराख्नको लागि जैविक विविधता संरक्षण, भूक्षय नियन्त्रण, भूमीको समुचित उपयोग, जलाधार संरक्षण जस्ता कार्य स्थानीय समुदायको अग्रसरतामा सञ्चालन गरिनेछ । मर्स्याङ्दी नदीले बेसीशहरको स्वच्छता र सौन्दर्यतामा ठूलो योगदान पुऱ्याएको हुँदा यस क्षेत्रमा जलविद्युत योजना सञ्चालन गर्ने विषयमा सरोकारवालाहरु विच सघन छलफल गरिनेछ ।

९०. सामुदायिक वन तथा वनजन्य क्षेत्रबाट स्थानीय उपभोक्ताले बढी भन्दा बढी लाभ पाउने गरी सामुदायिक वनभित्र फलफुल खेती, काष्ठजन्य तथा डालेघाँसका विरुवा रोपण गरी आयआर्जनमा योगदान पुग्ने क्रियाकलाप संचालन गर्न प्रोत्साहन गरिनेछ ।

९१ कोभिड १९ महामारी नियन्त्रण लगायत फैलन सक्ने अन्य सरुवाजन्य रोगको महामारी नियन्त्रणको लागि आवश्यक सतर्कता अपनाइने छ, जनचेतनामूलक कार्य गरिनेछ र सामना गर्न सक्ने क्षमता विकास गरिनेछ ।

९२. जलउत्पन्नजन्य प्रकोप खास गरी बर्षातको समयमा भवन संरचना, खेतबारी, सडक, खानेपानी मुहान तथा संरचना, पुलपुलेसा, कुलो, पैदलमार्ग आदिमा क्षति पुग्न सक्ने र बाढी पहिरो जानसक्ने भएकोले रोकथाम तथा नियन्त्रणको लागि बजेट व्यस्थापन गरिनेछ । नगरपालिकाको विपद व्यवस्थापन तथा जलवायु उत्थानशील योजना अनुरुप आवश्यक कार्य गर्दै लगिनेछ ।

९३. विपद्जन्य घटना सकेसम्म हुन नदिनको लागि पूर्व सावधानीहरु बारे कार्यक्रम सञ्चालन गरिनेछ । प्राकृतिक वा गैर प्राकृतिक विपदका घटना घटिहालेमा उद्धार, राहत र पुनर्स्थापनाको लागि यसै वर्ष बनेको पूर्व तयारी तथा प्रतिकार्य योजनालाई कार्यान्वयनमा ल्याइनेछ । आपतकालिन कार्य सञ्चालन केन्द्रलाई पनि व्यवस्थित रुपमा राखिनेछ ।

९४. आगलागी, बाढी पहिरो, दुर्घटना आदिका कारणले व्यक्ति तथा परिवारमा पुगेको मानवीय तथा आर्थिक क्षतिलाई थोरै भएपनि राहत दिलाउन नगरपालिकाबाट यथाशक्य आर्थिक सहयोग प्रदान गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।

९५. जनसमुदायस्तरसम्म विपद पूर्वतयारी तथा प्रतिकार्य क्षमता विकासका लागि प्रत्येक वडातहमा सचेतना लगायतका कार्यक्रम सञ्चालन गरिनेछ । साथै खोज, राहत तथा उद्धारका लागि सुरक्षा निकायहरू परिचालित हुने सन्दर्भमा उक्त निकायहरुको क्षमता विकास तथा आवश्यक सामान, उपकरण उपलब्ध गराउने कार्यमा आवश्यक सहयोग गरिनेछ ।

संस्थागत विकास, सेवा प्रवाह र सुशासन

९६. नगरपालिका तथा वडा कार्यालय संमेतबाट प्रवाह गरिने सेवा सुविधालाई छिटो, छरितो र प्रभावकारी बनाउने, कार्यालयको सेवालाई प्रविधिमैत्री बनाउने, नगरपालिकाका कार्यक्रमहरु कम खर्चिलो रुपमा सम्पन्न गर्ने, तालिम आवश्यकता पहिचान वा क्षमता विकास योजना बनाई जनप्रतिनिधि तथा कर्मचारीहरुलाई क्षमता अभिबृद्धिका कार्यक्रम सञ्चालन गरिनेछ ।

९७. उपलब्ध जनशक्तिलाई नगरपालिकाको नीति, कार्यक्रम र उद्देश्यसंग एकाकार हुँदै उक्त उद्देश्य पुरा गर्न मेरो पनि अहम् भूमिका छ भन्ने महशुस गर्दै उत्प्रेरित भएर काम गर्ने वातावरण तयार गरिनेछ । म कार्यालय दश बजे भित्रै पस्नेछु, पुरै समय बस्नेछु, ५ बजे पछि निस्कनेछु र टेवलमा नगरपालिकाको मात्रै काम गर्नेछु भन्ने प्रतिवद्धता सहित कार्य गर्ने वातावरण सृजना गरिनेछ ।

९८. विकास निर्माण कार्यका मुख्य साझेदार उपभोक्ता समिति भएको कारणले उपभोक्ता समितिहरुलाई योजना कार्यान्वयन र व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ भने उपभोक्ता समिति लगायत योजना कार्यान्वयन गर्ने निकाय र प्राविधकहरुलाई कामको आधारमा पुरस्कार र दण्ड को व्यवस्था गरिनेछ । टोल सुधार समितिहरुलाई चेतनामूलक कार्यक्रम, विभिन्न अभियान तथा विकास निर्माणका क्रममा आउने समस्याहरुलाई समाधान गर्न जिम्मेवार बनाई परिचालन गरिनेछ ।

९९. नतिजामा आधारित अनुगमन प्रणाली अबलम्बन गर्ने तथा विकास निर्माणका कार्यमा आइपर्ने समस्याको तत्काल समाधान गर्ने संयन्त्र निर्माण गरिनेछ तथा कुनै पनि प्रकारको अनियमितता शुन्य सहनशिलताको नीतिलाई कडाईका साथ पालना गरिनेछ । कम्तिमा हरेक २ महिनामा १ पटक जनताको आवाज मेयरको जवाफ कार्यक्रम अन्तर्गत सार्वजनिक सुनुवाई वडास्तरमा सञ्चालन गरिनेछ ।

१००. विगत ३ वर्षमा भएका कार्यहरुलाई लिएर मध्यावधी समीक्षा गरिनेछ र समीक्षा प्रतिवेदन प्रकाशन गरिनेछ । नगरपालिकाको गतिविधिहरु समेटिएको बेसीशहर नगर विकास बुलेटिन चौमासिक रुपमा प्रकाशन गरिनेछ । नीति, कार्यक्रम तथा योजनाहरुको कार्यान्वयन कार्यतालिका बनाई कार्यहरुलाई व्यवस्थित गरिनेछ । पहिलो चौमासिक अवधिभित्र ठेक्काबन्दोबस्तीका कार्यहरु सम्पन्न गरिनेछ । योजना तथा प्रगति विवरण पुस्तक तथा प्रोफाइल प्रकाशन गरिनेछ । आगामी आ.व भित्र नगरपालिकाको आवधिक योजना निर्माण गरिनेछ ।

१०१. नगरपालिकामा आवश्यकता अनुसारका सफ्टवेयरहरु जडान गरिनेछ । नगरपालिकाको वेभ साइटलाई अझ वढी अद्यावधिक गरिनेछ । नगरपालिकाका कर्मचारी विचको बैठक, जनप्रतिनिधि र कर्मचारी विचको बैठक, जनप्रतिनिधि विचको बैठकलाई थप नियमित र प्रभावकारी बनाइनेछ । विषयगत तथा अन्य गठन भएका समितिहरुको कार्यमहत्वको आधारमा बैठकको नियमितता गराई थप प्रभावकारी बनाइनेछ । आफ्नो घरको तगारोबाट निस्कने वित्तिकै जनताले भेट्न र गुनासो राख्न पाउने पहिलो सरकार वडा भएकोले वडा कार्यालयहरुको क्षमता विकास र सुदृढीकरणमा जोड दिइनेछ ।

१०२. सामाजिक क्षेत्रका विभिन्न विधा र विषयमा उल्लेख्य योगदान पुऱ्याउने व्यक्तिहरुलाई सम्मान गर्ने कार्यक्रम अघि बढाइनेछ । योजनाहरुको सार्वजनिक परीक्षणलाई थप प्रभावकारी बनाइनेछ । नगरपालिकाको सामाजिक परीक्षण गरिनेछ । नगरपालिकाको आन्तरिक राजश्व परिचालनलाई दीगो र प्रभावकारी बनाइनेछ । नगरपालिका भित्र स्थापना र सञ्चालन भएका खानेपानी लगायतका उपभोक्ता समितिहरुलाई नगरपालिकाको छाताभित्र ल्याइनेछ ।

१०३. नगरपालिकाको बजेट, खर्च, प्रगति विवरण तथा सम्पूर्ण काम कारबाही र गतिविधिहरुलाई वेभसाइट, मोवाइल एप, पत्रकार भेटघाट, सञ्चार माध्यम तथा बुलेटिन मार्फत सार्वजनिक गरिनेछ । गैर सरकारी संस्था र सामाजिक संस्थाहरुको नियमनका लागि कार्यविधि बनाई कार्यान्वयन गरिनेछ । संस्थाहरुको कार्यक्षमता र विज्ञताको आधारमा साझेदारीमा क्रियाकलापहरु संचालन गर्न प्रोत्साहन गरिनेछ । साथै गैर सरकारी संस्थाबाट संचालित कार्यक्रमहरुको निश्चित सुचक र मापदण्ड बनाई अनुगमन गरिनेछ ।

१०४. वडाहरुमा सिसी क्यामेरा जडान, MIS तालिम सञ्चालन, वडाहरुमा ल्यापटपको व्यवस्थापन, स्वस्थ्य चौकीहरुमा कम्प्युटर जडान, डिजिटल बोर्डको स्थापना जस्ता कार्यहरु गरिनेछ । कार्यालयको अभिलेख व्यवस्थापनलाई चुस्त दुरुस्त राख्न Main server को व्यवस्थापन गरी विद्युतिय प्रविधिको प्रयोगलाई अवलम्वन गरिनेछ र कार्यालयबाट प्रदान गरिने सवै प्रकारका सेवाको सम्भव भएसम्म Software निर्माण गरी प्रयोगमा ल्याइनेछ साथै वडाबाट हुने सबै प्रकारका सेवाहरुलाई Main server मा आवद्ध हुने व्यवस्था मिलाइनेछ ।

अध्यक्ष महोदय,

१०५. अब म, बजेटमा उल्लिखित क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न आवश्यक पर्ने बजेट विनियोजन र श्रोत अनुमान प्रस्तुत गर्न चाहन्छु ।

१०६. माथिका क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयन गर्न जम्मा रु. ७६ करोड १९ लाख ५७ हजार १८० खर्च हुने अनुमान गरेको छु । जसमध्ये, चालुतर्फ ४७ करोड ७५ लाख ४४ हजार र पुँजीगत तर्फ रु. २८ करोड ४४ लाख १३ हजार १८० विनियोजन प्रस्ताव गरेको छु । कुल बजेटमा चालु खर्च तर्फ ६२.६७ प्रतिशत र पुँजीगत तर्फ ३७.३३ प्रतिशत रहेको छ । यसरी चालु खर्चको प्रतिशत बढी देखिनुमा सामाजिक सुरक्षा भत्ता, शिक्षकहरुको तलव भत्ता समेत समावेश भएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

१०७. आगामी आर्थिक वर्षको व्यय अनुमानको विवरण (शिर्षकगत र श्रोत गत समेत) र नगरपालिकाको विनियोजन विधेयक, २०७७ यसैसाथ पेश गरेको छु । गत आर्थिक वर्ष २०७५/०७६ को यथार्थ आय व्यय र चालु आर्थिक बर्ष ०७६/०७७ को जेठ सम्मको आय/व्ययको प्रगति विवरण यसैसाथ पेश गरेको छु ।

१०८. आगामी आर्थिक बर्षका लागि अनुमान गरिएको खर्च वेहोर्ने श्रोत मध्ये आन्तरिक श्रोत/राजश्वबाट रु. ३ करोड ५० लाख ८० हजार, अन्तर सरकारी वित्तीय हस्तान्तरण अन्तरगत संघीय र प्रदेश सरकारबाट रु. २४ करोड ७२ लाख ९८ हजार, शिक्षा, स्वास्थ्य, कृषि, पशुसेवा, उर्जा, लघुउद्यम, गरिवी निवारण, राष्ट्रिय परिचयपत्र, व्यवस्थापन लगायतका लागि शशर्त अनुदानको रुपमा रु. २७ करोड ७९ हजार विविध कार्यक्रम (सामाजिक सुरक्षा भत्ता, सडक बोर्ड, संघीय र प्रदेश समपुरक तथा विशेष अनुदान) लगायत अन्य अनुदानबाट रु. १४ करोड ९५ लाख र चालु बर्षको असार मसान्त सम्म खर्च भई बाँकी रहने नगद मौज्दातबाट अनुमानित रु. ६ करोड व्यहोरिनेछ ।

अध्यक्ष महोदय,

११०. अब म आर्थिक बर्ष २०७७/०७८ का लागि राजश्वका नीति प्रस्तुत गर्न चाहन्छु ।

१११. स्थानीय सरकार संचालन ऐन, २०७४ ले पालिकाहरुलाई सम्पतीकर, भुमिकर (मालपोत), घरजग्गा बहाल कर, व्यवसाय कर, बहाल विटौरी शुल्क, पार्किङ्ग शुल्क, जडिबुटी कवाडी र जीवजन्तु कर, सेवा शुल्क, प्राकृतिक श्रोत ढुङ्गा, गिटी, बालुवा, माटो विक्री, सामुदायिक बन लगायतबाट कर तथा शुल्क लगाई आन्तरिक श्रोत संकलन गर्न पाउने अवस्था छ । तसर्थ, पालिकाको अधिकार क्षेत्रभित्रका करका आधार फराकिलो बनाउने, करको दायरामा नआएकालाई दायरामा ल्याई कर तथा गैर कर राजश्वको अधिकतम परिचालन गर्ने नीति लिइएको छ ।

११२. सम्पती कर, मालपोत तथा भुमिकरका दरलाई समयसापेक्ष र बैज्ञानिक बनाउदै लैजाने क्रममा सम्पतीको मुल्याङ्कन र करको दरमा सामान्य परिवर्तन गरिएकोछ । व्यवसायकर र घरबहाल करको दायरा बढाई नगरपालिकाको आम्दानीको मुख्य श्रोतको रुपमा विकास गरिनेछ । कर प्रशासनलाई सेवाग्राहीमैत्री र प्रविधिमैत्री बनाउदै लगिनेछ ।

सभासद्ज्यूहरु

११३. नीति,कार्यक्रम तथा बजेट नगरसभाबाट पारित हुने अवस्थासम्म पुग्दा आवश्यक परिमार्जन हुन सक्ने व्यहोरा समेत अनुरोध गर्दछु । साथसाथै नेपाल सरकारको आम्दानीमा संकुचन आउने तथा कोभिड

रोकथाम, नियन्त्रण र उपचारको लागि लगानी बढाउनु पर्ने विशेष परिस्थिति सिर्जना भएमा हाम्रा योजना तथा कार्यक्रमहरु प्रभावित हुन सक्ने जोखिम पनि रहेको व्यहोरा निवेदन गर्दछु ।

नीति, कार्यक्रम तथा बजेट तर्जुमाको सन्दर्भमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा महत्वपूर्ण सुझाव प्रदान गर्नुहुने सवै राजनीतिक दल, माननीय सांसदज्यूहरु, कार्यपालिकाका साथीहरु, समाजसेवी, बुद्धिजीवि लगायत सम्पूर्ण सरोकारवाला निकायहरुमा हार्दिक आभार व्यक्त गर्दछु । अन्त्यमा विद्यमान परिस्थितिमा कोभिड १९ को जोखीमबाट सुरक्षित रहँदै नगरपालिकाको विकास र प्रगतिमा लाग्न सवैमा हार्दिक आह्वान गर्दछु । धन्यवाद । २०७७ असार ८

लक्ष्मीदेवी अधिकारी
उपप्रमुख, बेसीशहर नगरपालिका, लमजुङ
गण्डकी प्रदेश, नेपाल ।

तालिका १ : आव २०७७।०७८ को कुल अनुमानित आय

क्र.सं	शीर्षक	अनुमानित आय (रु हजारमा)	कैफियत
१.	संघीय समानीकरण अनुदान	१३४३००	१३ करोड ४३ लाख
२.	प्रदेश समानीकरण अनुदान	१२३८९	१ करोड २३ लाख ८९ हजार
३.	संघीय राजश्व बाँडफाँड	९१५०१.१८०	९ करोड १५ लाख १ हजार १८०
४.	प्रदेश राजश्व बाँडफाँड	९१०८	९१ लाख ८ हजार
५.	आन्तरिक आय	३५०८०	३ करोड ५० लाख ८० हजार
६.	आव २०७६।७७ बाट जिम्मेबारी सर्ने	६००००	६ करोड
७.	सशर्त अनुदान संघ	२६५०७९	२६ करोड ५० लाख ७९ हजार
८.	सशर्त अनुदान प्रदेश	५०००	५० लाख
९.	समपुरक अनुदान संघ	१५०००	१ करोड ५० लाख
१०.	समपुरक अनुदान प्रदेश	५०००	५० लाख
११.	विशेष अनुदान संघ	५०००	५० लाख
१२.	सामाजिक सुरक्षा	१२००००	१२ करोड
१३.	सडक बोर्ड	४५००	४५ लाख
	कुल जम्मा	७६,१९,५७	७६ करोड १९लाख ५७ हजार १८०

आ.व.०७७/७८ को श्रोतगत चालु तथा पुजीगत बाडफांड विवरण

रकम रु. हजारमा

सि.नं.	वजेटको श्रोत	अनुमानित रकम	श्रोतगत बांडफांड		कैफियत
			चालु	पुजीगत	
१	नगरपालिका आन्तरिक राजश्व	३५०८०	२७५७०	७५१०	
२	समानीकरण अनुदान/संघीय सरकार	१३४३००	०	१३४३००	

२	राजश्व बाडफाड/संघीय सरकार	९१५०१	७१९५१	१९५५०	
४	समानीकरण अनुदान/प्रदेश सरकार	१२३८९	०	१२३८९	
५	राजश्व बाडफाड/प्रदेश सरकार	९१०८	८६२०	४८८	
५.१	**शशर्त अनुदान/संघीय सरकार**	०		०	
५.२	शिक्षा/सबैका लागि शिक्षा/	१९७७००	१९५६००	२१००	
५.३	स्वास्थ्य	४७८००	४७८००	०	
५.४	कृषि	३७००	०	३७००	
५.५	पशूसेवा	१००	०	१००	
५.६	लघु उद्यम विकास कार्यक्रम	३८००	०	३८००	
५.७	राष्ट्रिय ग्रामिण नवीकरणीय उर्जा कार्यक्रम	८००	०	८००	
५.८	गरिव घरपरिबार पहिचान तथा परिचयपत्र वितरण	१००	१००	०	
५.९	महिला बालबालिका तथा जेष्ठ नागरिक कार्यक्रम	३००	३००	०	
५.१०	राखेप राष्ट्रपति रनिङ.सिल्ड प्रतियोगिता	१००	१००	०	
५.११	राष्ट्रिय परिचय पत्र तथा पंजीकरण कार्यक्रम	३९००	३९००		
५.१२	प्रधानमन्त्री रोजगार कार्यक्रम	६३००	११२४	५१७६	
६	प्रदेश शशर्त अनुदान	५०००	०	५०००	
७	एक गाउं एक कृषि प्राविधिक कार्यक्रम	४७९	४७९	०	
८	आ.व. ०७६/०७७ मा खर्च नभई जिम्मेबारी सर्ने	६००००	०	६००००	
९	सडक बोर्ड	४५००	०	४५००	
१०	सामाजिक सुरक्षा भत्ता	१२००००	१२००००	०	
११	संघीय समपुरक तथा विशेष अनुदान	२००००	०	२००००	
१२	प्रदेश समपुरक अनुदान	५०००		५०००	
	जम्मा	**७६१९५७**	**४७७५४४**	**२८४४१३**	
	प्रतिशतमा	**१००**	**६२।६७**	**३७।३३**	

तालिका ३ : कुल बजेटको विषयगत क्षेत्र अनुसार बाँडफाँड प्रस्ताव (रकम रु. हजारमा)

क्र.सं	शीर्षक	बजेट रु हजारमा	प्रतिशत
क	आर्थिक विकास	५०६७९	६.६५
ख	सामाजिक विकास	४०५३९३	५३.२०
ग	पूर्वाधार विकास	१८१६०९	२३.८३
घ	वातावरण तथा विपद व्यवस्थापन	१०७००	१.४०
ङ	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	११३५७६	१४.९१
	कुल जम्मा	७६,१९,५७	१००

४. बेसीशहर नगरपालिकाको आर्थिक ऐन २०७७

प्रस्तावनाः

बेसीशहर नगरपालिकाको आर्थिक वर्ष २०७७/७८ को अर्थसम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न, स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी संविधानको धारा २२६ को उपधारा (१) बमोजिम, बेसीशहर नगरपालिकाको सातौं नगरसभाले अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न यो ऐन बनाई लागू गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन २०७७ साल श्रावण १ गतदेखि बेसीशहर नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले बेसीशहर नगरपालिकाको आर्थिक ऐन, २०७७ सम्झनु पर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बेसीशहर नगर कार्यपालिका सम्झनु पर्छ ।

(ग) "नगरपालिका" भन्नाले बेसीशहर नगरपालिका सम्झनुपर्छ ।

(घ) "फर्म" भन्नाले प्रचलित कानून बमोजिम दर्ता भएका जुनसुकै फर्म सम्झनु पर्छ ।

(ङ) "व्यक्ति" भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै व्यक्ति सम्झनुपर्छ ।

(च) "सभा" भन्नाले बेसीशहर नगरपालिकाको सभा सम्झनु पर्छ ।

(छ) "संविधान" भन्नाले नेपालको संविधानलाई सम्झनु पर्छ ।

३. सम्पति करः

(१) नगरपालिकाले आफ्नो क्षेत्र भित्रको घर र जग्गामा सम्पति कर लगाउने छ ।

(२) उपदफा १ बमोजिम सम्पति कर लगाउदा घर र सो घरले चर्चेको जग्गामा सम्पति कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा भुमिकर (मालपोत) लगाइने छ ।

स्पष्टीकरण : यस दफाको प्रयोजनका लागि घरले चर्चेको जग्गा भन्नाले घरले ओगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा सम्झनुपर्छ ।

(३) नगरपालिका क्षेत्रभित्र लगाइने सम्पति करको दर **अनसुची-(१)** बमोजिम हुनेछ ।

(४) सम्पति कर प्रयोजनका लागि जग्गा तथा घरको मूल्याङ्कनको आधार **अनुसूची-१ (क)** बमोजिम हुनेछ ।

(५) चालु आर्थिक बर्षको सम्पति कर सोही आर्थिक वर्षको पौष मसान्त भित्र बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट गरी असुल गरिनेछ ।

(६) चालु आर्थिक बर्षको सम्पति कर सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र नबुझाएमा **अनुसूची-१ (ख)** बमोजिम जरिबाना असुल गरिनेछ ।

४. भूमि कर (मालपोत):

(१) नगरपालिका क्षेत्रभित्र अनुसूची- २ बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

(२) बक्यौता भुमिकर (मालपोत) मा सतप्रतिशत जरिबाना गरी बाँकी सबै बर्षको असुल गरिनेछ ।

५. घर वहाल कर:

(१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पुरै वा आंशिक तवरले वहालमा दिएकोमा अनुसूची-३ बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

(२) घर जग्गा बहालको आधार दरहरु **अनुसूची ३ (क)** बमोजिम हुनेछ ।

(३) चालु आर्थिक बर्षको बहाल कर सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र बुझाएमा २० प्रतिशत (व्यक्तिको हकमा) छुट गरी असुल गरिनेछ ।

(४) चालु आर्थिक बर्षको बहाल कर सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र नबुझाएमा **अनुसची-३ (ख)** बमोजिम जरिबाना गरी असुल गरिनेछ ।

६. व्यवसाय कर:

(१) नगरपालिका क्षेत्रभित्र संचालित सबै प्रकारका उद्योग, व्यापार व्यावसायमा व्यापार, व्यावसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा **अनुसूची-४** बमोजिम बार्षिक व्यवसाय कर तथा दर्ता सिफारिश शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) चालु आर्थिक बर्षको व्यावसाय कर सोही आर्थिक बर्षको पौष मसान्त सम्म बुझाएमा लाग्ने करमा १५ प्रतिशत छुट दिइनेछ ।

(३) चालु आर्थिक बर्षको व्यवसाय कर सोही आर्थिक वर्षको आषाढ मसान्त भित्र नबुझाएमा अनुसची-४ (ख) बमोजिम जरिबाना गरी असुल गरिनेछ ।

७. जडिबुटी, कवाडी र जीवजन्तु कर:

नगरपालिका क्षेत्रभित्र कनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत **अनुसूची-५** बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

८. सवारी साधन कर:

नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा **अनुसूची-६** बमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

९. विज्ञापन कर:

नगरपालिका क्षेत्रभित्र हने विज्ञापनमा **अनुसूची-७** बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. मनोरन्जन कर:

नगरपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूची-८** बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएकोमा सोही बमोजिम हुनेछ ।

११. बहाल बिटौरी शुल्कः

नगरपालिका क्षेत्रभित्र आफलु निर्माण, रेखदेख वा सञ्चालन गरेका **अनुसूची-९** मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचीमा भएको व्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१२. पार्किङ शुल्कः

नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची-१०** बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कः

नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवारत **अनुसूची-११** बमोजिमको शुल्क लगाइने र असलू उपर गरिनेछ ।

१४.अन्य सेवा शुल्क, दस्तुरः

नगरपालिकाले निर्माण, सञ्चालन वा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धीत सेवा प्रदायक तथा सेवाग्राहीलाई **अनुसूची–१२** बमोजिम सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(क) खानेपानी, विजुली, धारा, अतिथी गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा

(ख) फोहरमैला व्यवस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा

(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायमशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रबास, हाट बजार, पशु बधशाला, शवदाह गृह, धोबीघाट र त्यस्तै अन्य सुविधा

(घ) सडक, बसपार्क, ढल, पुल, बत्ती जस्ता सेवा

(ङ) अचल सम्पती वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा

(च) सिफारिश सम्बन्धी कुनै सेवा

१५. पर्यटन शुल्कः

नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरूवाट **अनुसूची-१३** मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।

तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१६. प्राकृतिक श्रोतको उपयोग कर :

(१) बेशीसहर नगरपालिका क्षेत्र भित्र बग्ने नदीनाला, खोलाबाट निस्कने बालुवा, गिटी, ग्राभेल, दहत्तर बहत्तर आदिमा गण्डकी प्रदेश कानुनको अधिनमा रही **अनुसूची- १४** बमोजिम कर लगाई असुल गरिने छ ।

(२) स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (प) को बुँदा नं. ७ तथा ६४ को उपदफा १ (च) विपरित नगरपालिकाबाट अनुमति नलिई कसैले खानी संचालन तथा विक्री गरेको पाइएमा **अनुसूची–१४ (क)** बमोजिम जरिबाना गरीने छ ।

१७. **कर छुट नहुनेः** यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरूलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१८. **कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधिः** यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धी कार्यविधि नगरपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची १
(दफा ३ र ४ सँग सम्बन्धित)
सम्पति करका दरहरु

क्र.सं	करयोग्य सम्पतिको मूल्य	दर रु.
१.	रु. ० देखि १० लाखसम्म	१२०.००
२.	१० लाखदेखि २० लाखसम्म	२५०.००
३.	२० लाखदेखि ३० लाखसम्म	६००.००
४.	३० लाखदेखि ४० लाखसम्म	१२००.००
५.	४० लाखदेखि ५० लाखसम्म	२०००.००
६.	५० लाखदेखि ७० लाखसम्म	३५००.००
७.	७० लाखदेखि १ करोडसम्म	५५००.००
८.	१ करोडदेखि १ करोड पचास लाखसम्म	१२०००.००
९.	१ करोड ५० लाखदेखि २ करोडसम्म	१५०००.००
१०.	२ करोडदेखि ३ करोडसम्म	२००००.००
११.	३ करोडदेखि ५ करोडसम्म	३५०००.००
१२.	५ करोडदेखि माथि	प्रति हजार रु. २ थप

अनुसूची १ (क)
(दफा ३ को (४) सँग सम्बन्धित)
सम्पतिको मूल्याङ्कनका आधार

(क) खेती योग्य जमिन (प्रति रोपनी)

क्र.सं.	क्षेत्र (गाविस)	वडा न.	खेत तर्फ				पाखो तर्फ			
			अब्बल	दोयम	सिम	चाहार	अब्बल	दोयम	सिम	चाहार
१	बेसीशहर	१, २	११५००००	१००००००	८५००००	६६००००	८५००००	७५००००	५५००००	५०००००
		३–८	५०००००	३६५०००	३१४०००	३०५०००	२७००००	२५००००	२१००००	२०००००
		९	१००००००	८१५०००	६१५०००	५०००००	३८००००	३४५०००	३०५०००	२९००००
२	गाउँशहर	१,९	६८०००	६१०००	५००००	४४०००	५००००	४४०००	३५०००	३२०००
		२,३,६,७,८	५६१०००	४८४०००	४२९०००	३०५०००	२७५०००	२४२०००	२०९०००	१८२०००
		४,५	१८००००	१६५०००	१५४०००	१३५०००	११००००	९९०००	८८०००	७७०००
३	उदीपुर	१–६	१६५०००	१४००००	१२६०००	११५०००	९२०००	८००००	७६०००	६८०००
		७–९	९४०००	७९०००	७००००	६४०००	५५०००	४९०००	४३०००	३५०००
४	चण्डीस्थान	१–९	६५०००	५९०००	५२०००	४७०००	४८०००	४३०००	४००००	३३०००
५	पुरानकोट	१–९	४१०००	३९०००	३१०००	२८०००	२५०००	२२०००	१८०००	१६०००
६	नाल्मा	१–९	३३०००	३१०००	२९०००	२५०००	२९०००	२५०००	२१०००	१९०००
७	वाग्लुङपानी	३,४,७,८,९	४१०००	३३०००	३००००	२७०००	३००००	२८०००	२७०००	२५०००
		१,२,७,८	५०००००	४५००००	४०००००	१५००००	२०००००	१७५०००	१५००००	१०००००
८	बाँझाखेत	३,४,५,६	२५००००	२०००००	१५००००	१०००००	१०००००	८००००	६००००	४००००
		९	४०००००	३५००००	३०००००	१५००००	१०००००	८००००	६००००	४००००
९	चिती	७	१६३०००	१४३०००	१२८०००	१०४०००	८३०००	७३०००	६१०००	५१०००
		१–९	१०५०००	९७०००	८७०००	६८०००	६००००	५४०००	४८०००	४१०००
१०	हिलेटक्सार	९	३३०००	३१०००	२८०००	२५०००	२००००	१८०००	१६०००	११०००

(ख) घडेरी तथा व्यापारिक प्रयोजनको जग्गा (प्रति रोपनी)

क्र.सं.	जग्गाको विवरण	सडकको नाम	मूल्याङ्कन	कै.
	बेसीशहर गाविस वडा नं. १ (उदिपुर)			
१	चिप्लेटी खोलादेखि पेट्रोलपम्प सम्मको चौतारा (उदिपुर) सम्मको जग्गाको मुल्य	कालेपत्रे	१६०००००	
२	पेट्रोल पम्पदेखि (चौतारा) वडा नं ३ र ४ को खहरेखोलासम्मको जग्गाको मुल्य	कालेपत्रे	४००००००	
३	खहरे खोलादेखि भोटेओडार सिमानासम्मको जग्गाको मुल्य	कालेपत्रे	३००००००	
४	चिप्लेटी खोलादेखि गाँउशहरको सिमानासम्मको जग्गाको मुल्य	कच्ची	२००००००	
५	मूख्य सडकवाट पुर्नवाससम्म जाने वाटोमा पर्ने जग्गाको मुल्य		२००००००	
६	साविक वडा नं २,३,४ मा भित्री खोलिएको वाटोमा पर्ने जग्गाको मुल्य		१५०००००	
	साबिक गाउशहर गा.वि.स. क्षेत्र पर्ने जग्गाको मूल्य			
१	मजुवा खोलादेखि पेट्रोलपम्पसम्मको मोटर बाटोको दायाँवायाँको जग्गाको मूल्य		६००००००	
२	पेट्रोल पम्पदेखि धुवाखोलासम्मको दायाँवायाँ पर्ने जग्गाको मूल्य		६५०००००	
३	साविक वडा नं. ६ र ७ मा पर्ने मोटरबाटोको दायाँवायाँको मूल्य		५५०००००	
४	वडा नं. ८ देखि उदीपुर सिमानासम्ममा पर्ने मोटरबाटो दायाँवायाँको जग्गाको मूल्य		४००००००	
५	वडा नं. ६ डुम्रे बेसीशहर चालिसे चोकबाट बालकल्याण माध्यमिक विद्यालय भकुण्डे स्कुल चोकसम्मको मूल्य		६००००००	
६	गाउँशहर वडा नं. ६ र ७ हाल बेशीसहर न.पा. ज्यामिरे कुडुरेदेखि राजमार्गसम्मको दाया‘‘बायाँको जग्गाको मूल्य		४५०००००	
७	बालकल्याण माध्यमिक विद्यालय भकुण्डे देखि ढांड राक्से वडा नं. ७ र ८ मोटर बाटो दायाँवायाँको मूल्य		३५०००००	
८	डुम्रे बेसीशहर सडक (रानीकुवा चोक)देखि गाउँशहर दरबार जाने मोटर बाटोको दनै गाउँ समीचौतारासम्मको बाटोमा पर्ने जग्गाको मूल्य		३००००००	
९	भकुण्डे स्कुल चोकबाट गाउँशहर खहरेखोला स्वामी चौतारासम्मको जग्गाको मूल्य		२५०००००	
१०	खहरे खोला स्वामी चौतारा सिम्ले चिसोपानी मोटर मार्गमा पर्ने जग्गाको मूल्य		२००००००	
११	ज्यामिरे राममन्दिर चौतारादेखि कोलबाटो देउजा गाउँसम्मको जग्गाको मूल्य		२००००००	
१२	वडा नं. ६ ज्यामिरे राममन्दिरवाट मुख्य सडक आउने बाटोको मूल्य		५५०००००	
१३	वडा नं. ६ कोलबाटो देउजा गाउँ देखि वडा नं. ५ झप्रिखेत बसौला गाउँसम्मको जग्गाको मूल्य		११०००००	
१४	झप्रिखेतदेखि गाउशहर मा.वि. हुँदै नाल्मा जाने सडकसम्मको जग्गाको मूल्य		१००००००	

१५	गाउशहर मा.वि.बाट नाल्मासम्म जाने बाटोमा पर्ने जग्गाको मूल्य		६०००००	
१६	वडा नं. ८ गैरी देखि ऐ. वडा ढाँडसम्मको जग्गाको मूल्य		२००००००	
१७	वडा नं. ८ ढाँडदेखि चिसापानीसम्मको जग्गाको मूल्य		२००००००	
१८	वडा नं. ६ धुँवाखोलादेखि सन्तबहादुर बानियाको घरसम्मको जग्गाको मूल्य		२००००००	
१९	वडा नं. २,३,६,७,८ भित्री बाटोको मूल्य		१००००००	
२०	रानीकुवा दिपेन्द्र अधिकारीको घरबाट टापु जाने मोटर बाटोको मूल्य		२००००००	
	बेसीशहर गाविस वडा नं. ४ (पुरानकोट)			
१	हिलेदेखि पिर्सिङसम्मको बाटोमा पर्ने जग्गाको मूल्य	हिलेपिर्सिङ मार्ग	३५००००	
२	तिलानदी टारी देखि सिमलगैरी हुँदै फस्रेसम्मको जग्गाको मूल्य	तिलानदी सिमलगैरी मार्ग	३५००००	
३	सेवासदन स्कूल घुम्तीदेखि झगरियासम्मको जग्गाको मूल्य	झगरिया मा	३५००००	
४	दारेगौडा पाल्लेगरा चम्डीला डाडागाउँ हुँदै पुरानकोट च्यानडांडासम्म		३५००००	
५	छहरेखोला देखि किरिन्चे खोलासम्मको जग्गाको मूल्य	किरिन्चे मार्ग	३५००००	
६	महेन्द्र गुरुङको घरछेउबाट इन्द्रदेवी मन्दिर जाने बाटोछेउसम्मको जग्गा	फोस्रो मार्ग	३५००००	
७	सिलादेवी मन्दिर छेउदेखि आमासमूह भवन क्याजा टोलहुँदै तिनघरेसम्म	सिलादेवी मार्ग	३५००००	
८	मोतीडाडा स्वामीको बोटदेखि वडाकार्यालय हुँदै जसबहादुरको घरसम्म	मोती वडा मार्ग	३५००००	
९	साविक पुरानो गाविस भवनदेखि गैरीगाउँ हुँदै डाडागाउँसम्मको जग्गाको मूल्य	डाडागैरे मार्ग	३५००००	
	बेसीशहर गाविस वडा नं. ५ (नाल्मा)			
१	डमरु मोडबाट ज्यार्खाङ हुँदै बाखोजगतसम्मको जग्गाको मूल्य	ज्यार्खाङ मो.बा.	३५००००	
२	हात्तीढुंगाबाट थाडोखोरियासम्मको जग्गाको मूल्य	थाडोखोरिया मो.बा.	३५००००	
३	भेडीखर्कदेखि घैरडांडासम्मको जग्गाको मूल्य	रमाइलोडांडा	३५००००	
४	स्कूलघुम्तीदेखि खिरेडाडासम्मको जग्गाको मूल्य	सितलपाटी मो.बा.	३५००००	
५	बाखेजगत ठाँटीदेखि सितलेस्वाँरा ग्राउण्डहुँदै नाल्मा नयाँ चौतारासम्मको जग्गाको मूल्य	बाखेजगत मो.बा.	३५००००	
६	बाखेजगत माडी स्यारे नाल्मा नयाँचौतारा हुँदै लाकुरीडांडा लाङदी फेदीसम्मको जग्गाको मूल्य	क्षेत्रीय सडक	५५००००	
७	सितलेस्वारा ग्राउण्डदेखि चालिस घडेरीसम्मको जग्गाको मूल्य	चालिस घडेरी मो.बा.	३५००००	
८	पाउरुझ्यालदेखि पुरानोगाउँ प्रतिक्षालयसम्मको जग्गाको मूल्य	पुरानोगाउँ मो.बा.	३५००००	
९	साउनेपानी खेतछेउबाट त्हेसोसम्मको जग्गाको मूल्य	कृषि सडक	३०००००	

१०	सिरुवारी चौतारादेखि लाङदीदेवी प्रावि चितुवा खोर हुँदै बर्तुसम्मको जग्गाको मूल्य	लाङदी मो.बा.	३५०००००	
	बेसीशहर गाविस वडा नं. ६ (चण्डीस्थान)			
१	साविक चण्डीस्थान गा.वि.स. वडा नं. ९ चनौटे धुवाखोला हुँदै खुदी खोलासम्मको बाटोको दायाँवायाँको मूल्य	मनाङमार्ग	२५०००००	
२	साविक चण्डीस्थान गा.वि.स वडा नं. नं. ९, ८, २ र १ मा पर्ने माले बगर मानेश्वारा र आले फाँटका जग्गाहरुको मूल्य		२००००००	
३	काफलस्वाराहुँदै मकैडाडा सारिङबेसी सेरासम्मको बाटोमा पर्ने जग्गाको मूल्य		१५०००००	
४	चण्डीस्थान गा.वि.स. भित्री बाटोको मूल्य		९०००००	
	साविक बाग्लुङपानी गा.वि.स. क्षेत्र भित्र पर्ने जग्गाको मूल्य			
१	बाग्लुङपानी गा.वि.स. वडा नं. ९ मा पर्ने बेसीशहर भुजुङ हरित मार्गको बाग्लुङपानी गा.वि.स. सम्मको दायाँवायाँको बाटोको मूल्य		१३०००००	
२	बाग्लुङपानी गा.वि.स.बाट भुजुङ हरित मार्गको बाटोमा पर्ने जग्गाको मूल्य		८०००००	
	बेसीशहर गाविस वडा नं. ७			
१	पुरानो बैंक चोक (हेमजङ गुरुङको घर) बाट राधेश्यामको घरसम्म जाने मोटरबाटो दायाँवायाँ सम्मको जग्गाको मूल्य	बुद्ध सडक	९२०००००	
२	गोपी प्रसादको घरहुँदै कुमार श्रेष्ठको घर र बल बहादुर खत्रीको घरसम्मको जग्गाको मूल्य	शान्ति मार्ग	८५०००००	
३	राजमार्गको स्कुल चोकबाट चक्रपथ सम्म र जनविकास स्कूल गेटसम्म सडकको दायाँवायाँको मूल्य	जनविकास मार्ग	६८०००००	
४	मनाङे चौतारादेखि घलेगाउँ चोक चक्रपथको दायाँवायाँको मूल्य	त्रिवेणी सडक	९५०००००	
५	मनाङे चौताराबाट पुवाखोलासम्मको जग्गाको मूल्य	लक्ष्मीनारायण पथ	४१,००,०००	
६	वन कार्यालय बायाँ तर्फ हुँदै घुमेको रिङरोड पिच सडक दायाँवायाँको जग्गाको मूल्य		८५०००००	
७	सुनखोलादेखि मैयुँमसम्मको बाटोको मूल्य	शिवालय मार्ग	३००००००	
८	जेबी लामाको घरदेखि मोहन गुरुङको घरसम्म (क्याम्पस मार्गमा पर्ने) जग्गाको मूल्य	संग्राहलय मार्ग	५५०००००	
९	राधेश्याम श्रेष्ठको घरको चोकदेखि बसन्त शर्मा पौडेलको घरसम्म हरितमार्गको दायाँबायाँको जग्गाको मूल्य	हरित मार्ग	४२०००००	
१०	कटहरबोट चौताराबाट रामेश्वर अधिकारीको घरको डिलसम्मको मूल्य	हिमाल मार्ग	४२०००००	
११	सातविसे डिलबाट पुवाखोलासम्म रिङरोडसँगै जोडिएको जग्गा (बाटोबाट तल पट्टिको जग्गा) को मूल्य	नयां सडक	३७०००००	
१२	भू.पू. बोर्डिङ जानेचोकदेखि लक्ष्मी अधिकारीको घरसम्म जाने बाटोको दायाँवायाँको जग्गाको मूल्य	सातविसे माग	३७०००००	
१३	बेसीशहर भुजुङ जाने हरित मार्ग अन्तर्गत वडा नं. ३ दमै गाउँबाट सार्की गाउँ हुँदै राउल गाउँसम्म खोलिएको मोटरबाटो दायाँबायाँको मूल्य		२००००००	

१४	बन कार्यालयको दाहिने साईडबाट दक्षिण ठाडो चक्रपथ जोडिने बाटोको मूल्य	मनाङे चौतारा मार्ग	६५०००००	
१५	रिङरोड बेसीशहर ३ गैरीबाट बामदेव पौडेलको घर हुँदै ब्रिटिस ओएलफेयर जाने बाटो दायाँवायाँको मूल्य	तुरतुरे मार्ग	३७०००००	
१६	तमु संग्रहालय जाने बाटोबाट रिङरोड झर्ने बाटोको बिचबाट खोलिएको लमजुङ उद्योग बाणिज्य संघ भवनसम्मको मूल्य	मिलीजुली गल्ली	५००००००	
१७	अद्वैत संस्थाको भवनबाट लमजुङ उद्योग वाणिज्य संघ चोकबाट खोलिएको रिङरोड बाटोको मूल्य	मिलीजुली गल्ली	५००००००	
१८	भलुवाटार आमा समूह भवनदेखि ठूलो पधेरासम्मको मूल्य	शनिश्चरे मार्ग	३००००००	
१९	सहजी खेल मैदानबाट बेलबोटे डांडासम्मको जग्गाको मूल्य	राम मन्दिर मार्ग	२५०००००	५१
२०	इन्द्रेणी होटलबाट राजकुमार घिमिरेको घरसम्म निस्कने बाटो	कालोपत्रे	६००००००	
२१	सातविसे भुपुचोकदेखि क्याम्पस गेटसम्म		६००००००	
२२	मस्जीद मार्ग		५५०००००	
२३	बाणिज्य मार्ग		५५०००००	
२४	झपेन्द्र गुरुङको घरबाट त्रिवेणी मन्दिरजाने बाटो		५००००००	
२५	स्कूलगेट वंसीराम श्रेष्ठको घरबाट अर्जुन रावलको घरसम्म		३००००००	
२६	रामबाबु पौडेलको घरबाट डिलसम्मको बाटो		३००००००	
२७	हरिबाबु थापाको घर हुँदै मनाङ्गेचौतारा आमा समूह जाने बाटो		४००००००	
२८	जनविकास मावि चण्डीडाडाबाट देउराली निस्कने बाटो		२००००००	
२९	ठूलोढंगा बन्थाकबाट रामसिता मन्दिर हुँदै सहजीसम्मको बाटो		२५०००००	
३०	सुयलथोक जलदेवी मार्ग		२००००००	
३१	त्रिवेणी आमा समूह मन्दिरबाट पौडेल गाउँ		२००००००	
३२	बनथोक माझथर सडक		१४०००००	
३३	चण्डीस्थान चोकबाट भुजुङ टोलहुँदै बुद्धको घर निस्कने बाटो		५०००००	
	बेसीशहर गाविस वडा नं. ८			
१	बेसीशहर सेरा चोक (फिल्म हलदेखि) मनाङे चौतारा डिलसम्मको राजमार्गको दायाँवायाँ २० मिटर भित्र पर्ने घडेरी तथा जग्गाको मूल्य	लक्ष्मीनारायण पथ	१२००००००	
२	नारायणस्थान चोकबाट ओख्ले फाँट डिलसम्मको बाटोका दायाँवायाँ जग्गाको मूल्य	मर्स्याङ्दी सडक	९००००००	
३	ओख्लेफाँट चोकबाट मर्स्याङ्दी पुलसम्मको जग्गाको मुल्य	मर्स्याङ्दी सडक	५००००००	
४	जि.स.स. डिलदेखि प्रशासन चोक, क्याम्पस चोक हुँदै सातविसे डिलसम्मको जग्गाको मूल्य	नयां सडक	८५०००००	
५	जि.स.स. डाडा देखि दक्षिण अर्थली बोर्डिङको डिलसम्मको जग्गाको मूल्य	नयां सडक	८५०००००	
६	अर्थली बोर्डिङ डिलबाट सार्की गाउँहुँदै मझुवा खोला पुलसम्मको जग्गाको मूल्य		८५०००००	

७	झिंगेखोलाबाट अदालत पछाडीहुँदै मर्स्याङ्दी साँगुमुख जाने डिलसम्मको र त्यसबाट खुलेका सहायक बाटोमा पर्ने जग्गाको मूल्य	तिलानदी मार्ग	५००००००	
८	मालपोत चोकबाट फुलबारी हुँदै झिंगेखोलासम्म पर्ने जग्गाको मूल्य	फूलबारी मार्ग	९५०००००	
९	बेसीशहर सेरा चोकबाट मजुवा खोलाको पुलसम्म पर्ने जग्गाको मुल्य	लक्ष्मीनारायण पथ	९५०००००	
१०	शेरा चौताराबाट बिदाई चौतारा जाने बाटोको चोकसम्म पर्ने जग्गाको मूल्य	राधाकृष्ण मार्ग	८५०००००	
११	शेरा चौताराबाट विनायक पथ मोटरमार्गमा खुलेको चक्रपथसम्मको बाटोको दायाँबायाँ पर्ने जग्गाको मूल्य	विनायक मार्ग	८५०००००	
१२	बिदाई चौतारा जाने कारागार चोकबाट मलामी चौर जाने डिलसम्मको जग्गाको मूल्य	कर्पुरेश्वर सडक	८५०००००	
१३	फिल्महल चोकबाट बिदाई चौतारा जानेबाटोको चोकसम्मको मूल्य	राधाकृष्ण मार्ग	८५०००००	
१४	चक्रपथबाट सितलपाटी जाने तथा सितलपाटी मूल सडकमा पर्ने जग्गाको मूल्य	शितलपाटी मार्ग	४५०००००	
१५	भिमसेन थान चोकदेखि झिंगेखेलासम्म जाने सहायक मार्गमा पर्ने जग्गाको मूल्य	तीनधारे मार्ग	५००००००	
१६	भिमसेन थान चोकदेखि खानेपानी उपभोक्ता समिति हुँदै विद्या विकास बोर्डिङ रिङरोड जोड्ने बाटोको दायाँवायाँ पर्ने जग्गाको मूल्य	तीनधारे मार्ग	५००००००	
१७	साविक गा.वि.स. भवन चोकदेखि झिंगेखोला हुँदै खानेपानी उपभोक्ता समितिको कार्यालयसम्मको जग्गाको मूल्य	त्रिशक्ति मार्ग	४००००००	
१८	वडा नं. १ भद्र बहादुर खवासको घरदेखि न्यू ईरा बोर्डिङसम्मको मूल्य	नागबेली मार्ग	६००००००	
१९	रिङरोडबाट पूर्व पश्चिम ठाडो बाटोले मूख्य राजमार्गलाई जोड्ने सहायक बाटामा पर्ने चक्रपथ भित्र मापदण्ड अनुसारको बाटो छाडी विक्री हुने घडेरी जग्गाको मूल्य		५५०००००	
२०	बेसीशहर गा.वि.स. वडा नं. ९ गाउँशहर जाने चोकदेखि बुद्धिसागर बरालको घर हुँदै कृष्ण कोईरालाको घरसम्म जाने बाटोको दायाँवायाँको जग्गाको मूल्य	ठमेल मार्ग	४५०००००	
२१	चक्रपथ भन्दा बाहिर पर्ने तर मापदण्ड अनुसार बाटो छाडी विक्री हुने बाटोको २० मिटर भित्रको जग्गाको मूल्य		४००००००	
२२	मालिङे साईलाको घरबाट रञ्जन घलेको घर हुँदै रिङरोड जोडिने बाटोको दायाँबायाँको जग्गाको मूल्य	वैशबोट मार्ग	४५०००००	
२३	वडा नं. ८ पाखाथोकबाट वडा नं. ६ र ७ दुईथोक गाउँसम्म जाने बाटोको मूल्य	शिवशक्ति दिहीथोक सडक	२००००००	
२४	अदालत चोकदेखि जिल्ला अदालत हुँदै गौथली डा''डा र ओख्लफाँट डिलचोकसम्म जोड्ने र त्यसस''ग जोडिने सहायक बाटाहरुमा पर्ने मोटरबाटोको मूल्य	प्रगतिटोल मार्ग	४५०००००	

२५	बेसीशहर खोनेपानी भवनबाट विद्या विकास बोडिङ हुदै रिङरोडसम्मको मुल्य	तीनधारे मार्ग	२००००००	
२६	चक्रपथ भित्र नगर विकास समितिको मापदण्ड अनुसारको बाटो छाडी भित्री हुने घडेरी जग्गाको मूल्य		४००००००	
	बेसीशहर गाविस वडा नं. ९			
१	हरित सडक दायावाँया पीच सडकमा पर्ने जग्गाको मूल्य	हरितसडक	६४०००००	
२	हरित सडक दायाँवायाँ कच्ची सडकमा पर्ने जग्गाको मूल्य	हरितसडक	४८०००००	
३	शिव मार्गमा पर्ने जग्गाको मूल्य	शिव मार्ग	३२०००००	
४	शंकरमार्गमा पर्ने जग्गाको मूल्य	शंकर मार्ग	३२०००००	
५	चण्डीडांडा देउरालीसम्मको जग्गाको मूल्य		१२०००००	
६	पाखाथोक दुइथोक बाखेजगतसम्मको जग्गाको मूल्य		२००००००	
७	नयाँखेतको जग्गाको मूल्य		२००००००	
८	दिहीथोकदेखि ठूलीचौरसम्म सीमखेतको मूल्य		१००००००	
९	बिम्दागाउँ तल्लोसाम्दीको सीमखेतको मूल्य		१००००००	
१०	सितलपाटी मोटरबाटोमा पर्ने जग्गाको मूल्य		८००००००	
११	सितलपाटी शाखाबाटोमा पर्ने जग्गाको मूल्य		४००००००	
१२	घुमाउनेस्वारादेखि क्व्होलासोथार गापा सिमानासम्मको बाटोको मूल्य		१६०००००	
१३	दिहीथोक विम्दाहुँदै बाखेजगतसम्म पर्ने जग्गाको मूल्य		२००००००	
१४	दिहीथोक गैरीबारीमा पर्ने जग्गाको मूल्य		१४०००००	
१५	विम्दावेसी नयाँसडक कुनाबारी टाँडी विसौनासम्म पर्ने जग्गाको मूल्य		१२०००००	
१६	हरितमार्गदेखि ज्यामिरेसम्मको बाटोमा पर्ने जग्गाको मूल्य		३२०००००	
१७	हरितमार्गदेखि पोखरीटोल हुँदै कौदीसम्म पर्ने जग्गाको मूल्य		१६०००००	
१८	देउराली काफलबोटसम्म पर्ने जग्गाको मूल्य		३२०००००	
१९	हरित सडक चन्द्रज्योति सडकमा पर्ने जग्गाको मूल्य		१६०००००	
२०	हरित सडक देखि मुखियाटोलसम्म पर्ने जग्गाको मूल्य		१६०००००	
२१	भिरकटेरीदेखि विम्दागाउँसम्म पर्ने जग्गाको मूल्य		१००००००	
	बेसीशहर गाविस वडा नं. १० (बाँझाखेत)			
१	बरबोट खोलादेखी साविक बाँझाखेत ०७ भोटेफाँट हुँदै मर्स्यादी गाउँपालिका ८ को सिमाना जोड्ने मोटर बाटो		९००००००	
२	कृषि सडक बरबोट खोला चोकदेखि चितुवाबन हुँदै वडा नं १० र ११ को सिमाना जोड्ने मोटर बाटो		३५०००००	
३	कृषि सडक बरबोट खोला मेन सडक देखि थारचौर फाँट हुँदै लामाबगर पुल सम्म मोटर बाटो		५००००००	
४	कृषि सडक पासाचौर चोकदेखि डाँडा चाम्बोटे हुँदै भंगाले मोटर बाटो ६ मिटर		५०००००	
५	कृषि सडक आँपचौरदेखि कटुवा डुम्रे हुँदै घुमाउँने स्वारा झोलुङ्गे पुलसम्मको मोटर बाटो		५०००००	

६	कृषि सडक बाँझाखेत चोकदेखि कुलमाध खहरेखोला मोटर बाटो		५०००००	
७	हिलेजाने चोक बाँझाखेत राउतथोक वडाकार्यलय हुँदै मिर्चे मुख्यसडक चोकसम्मको मोटर बाटो		६०००००	
८	कृषि सडक बैसबोटेचोकदेखि राउतथोक वडा कार्यलय जाने चोकसम्म मोटर बाटो		५०००००	
९	बाँझाखेत गाउँको चौतारा देखि थुम्का , रातामाटा, गाउँभाचोक हुँदै दोर्दी गा.पा वडा नं ९ सम्म जोड्ने बाटो ६ मिटर		१५००००	
१०	रेडक्रस पुल सडक देउजनथोक फाँट चोक देखि भाचोक खोला कुप्लीङ सिरुवारी रातामाटा हुँदै घडेरी सम्मको मोटर बाटो ६ मिटर		२०००००	
११	कुप्लीङ ढाड सिरानचोकदेखि कुप्लीङ आमा समुह भवन, सिरुवारी हुँदै गाउँभाचोक मेन सडकसम्म मोटर बाटो		१५००००	
१२	कृषि सडक भाचोक खोला चोकदेखि खासुरबेसी हुँदै रेडक्रस पुलसम्मको मोटर बाटो		५०००००	
१३	रेडक्रस पुलदेखि खाँचे जोड्ने मोटर बाटो		१५००००	
१४	रेडक्रस पुलदेखि म्रोचे साधुसम्मको सडक		१०००००	
१५	रेडक्रस सडक चोकदेखि पांग्रेक्यूसम्म मोटर बाटो		१०००००	
१६	खासुरबेसी खासुरगाउँसम्मको मोटर बाटो		४०००००	
१७	खासुर सडक खोलोथुँदेखि बरबोट हुँदै कल्लेरीसम्मको मोटर बाटो		२०००००	
१८	कृषि सडक चोक लेतेदेखि सिमपानी खोलासम्म मोटर बाटो		५०००००	
१९	सिमपानी खोला ठुलो ढुङ्गा हुँदै कोडार चोकसम्म मोटर बाटा		२०००००	
२०	कृषि सडक भिर कुनादेखि अक्करसम्म मोटर बाटो		४०००००	
२१	लेते कृषि सडक चौतारादेखि लेते आमा समुह भवनसम्म मोटर बाटो		५०००००	
१४	साविक हिलेटक्सार ९ मा पर्ने जग्गाको मूल्य		५०००००	
	साविक चिति गा.वि.स. क्षेत्र भित्र पर्ने जग्गाको मूल्य		०	
१	मर्स्याङ्दी पुलबाट दाँया तर्फ वडा नं. ७ रैकनी फाँटदेखि छहरा खोलासम्म बाटोको दायाँवायाँको पहिलो घडेरीको मुल्य		९०००००	
२	छहरा खोलादेखि रामचोक फाँट सिम्ले पहरासम्मको बाटोको दायाँवायाँको मूल्य		१००००००	
३	कुलेचौर ढांड गैरीदेखि चित्रेको भिरसम्मको बाटोको दायाँवायाँको मूल्य		१००००००	
४	वडा नं. ४ को चित्रेको भिरदेखि चित्रेको झोलुङ्गे पुलसम्मको जग्गाको मूल्य		१५०००००	
५	वडा नं. ८ रिट्ठेवगरदेखि बान्द्रेको चौतारासम्मको जग्गाको मूल्य		५५००००	
६	वडा नं. ८ सिम्पानी सार्की बस्तीबाट भकुण्डे लामो बाटो जोडिने दोबाटो सम्मको जग्गाको मूल्य		४०००००	
७	वडा नं. ८ रिष्टे वगरबाट वडा नं. ९ को धुवा खोलासम्मको मूल्य		४०००००	
८	वडा नं. ९ बेलबोट ढिस्को हुलाक घर बुढीकुवा हुँदै जनजागृती नि.मा.वि.को गेटसम्मको जग्गाको मूल्य		५०००००	
९	वडा नं. ९ तिवारी डाडा बगैचा देखि तिनपिप्ले भञ्ज्याङसम्मको मूल्य		६०००००	
१०	वडा नं.३ बुढीकुवादेखि अधेरी गल्लीसम्मको जग्गाको मुल्य		४०००००	
११	वडा नं. ३ अधेरी गल्लीदेखि तिलाहार बजार र नर्सरीसम्मको जग्गाको मूल्य		११०००००	

१२	वडा नं. २ देउरालीदेखि बसेल गाउँसम्मको जग्गाको मूल्य		७०००००	
१३	वडा नं. २ जलजलेको शान्ति भवन प्रा.वि. देखि कोलडांडासम्मको जग्गाको मूल्य		७०००००	
१५	तिनपिप्ले सिल्वाल रामचोक राममन्दिर ठूलो पिपलबोटसम्मको जग्गाको मूल्य		२५००००	
१६	ठूलो पिपलबोटदेखि तुरतुरे धारोसम्मको जग्गाको मूल्य		२०००००	
१७	तुरतुरे धारोदेखि सिउरी आँपको बोटसम्मको जग्गाको मूल्य		२५००००	
१८	सिउरी आपको बोटदेखि वर्तले चौतारोसम्म (पश्चिमपट्टीको भीरवाहेक)को जग्गाको मूल्य		३५००००	
२०	रामचोक वरपरको भित्री बाटोमा पर्ने जग्गाको मूल्य		१५०००००	
२१	रामचोक वाहेक अन्य भित्री बाटोमा पर्ने जग्गाको मूल्य		१००००००	

१:२ घर तथा संरचनाको मूल्याङ्कनको आधार

सि.नं	मुल्याङकन समुह	मूल्यांकन उपसमुह	सुचक विवरण	संकेत न.	आ.ब २०७७/२०७८ को दर रेट प्रति स्वायर फिट रु.
१.	बेशीसहर नगरपालीका क्षेत्रका घरहरु	व्यापारिक क्षेत्र	पक्की आर सी सि	२१	१२००
२.			ढुङगो माटो ढलान	२२	८५०
३.			पिलर नभएको जस्ताको छाना	२३	१०००
४.			पिलर जस्ताको छानाा	२४	७५०
५.			पिलर नभएको जस्ताको छाना	२५	५००
६.			ढुङगमाटो जस्ता	२६	४५०
७.			कच्ची खरको छाना	२७	२००
८.		आवसीय क्षेत्र	आर.सि.सि फ्रेम स्टक्चर	२८	११५०
९.			पिलर नभएको	२९	८५०
१०.			पिलर जस्ताको छाना	३०	७००
११.			ढुङामाटोको ढलान	३१	६००
१२.			पिलर नभएको	३२	४००
१३.			ढुङामाटोको जस्ता स्टेल	३३	३५०
१४.			कच्ची घर	३४	२००
१५.		कृषि क्षेत्र	आर सि सि	३४	८००
१६.			पिलर नभएको ढलान	३५	७००
१७.			ढुङगामाटो ढलान	३६	६००
१८.			पिलर जस्ताको छाना	३७	५००
१९.			पिलर नभएको जस्ता	३८	४००
२०.			ढुङगामाटो जस्ता स्टेल	३९	३५०
२१.			खरको छाना	४०	२००

नोट : घरको मुल्याङ्कन गर्दा घरको निर्धारित मुल्यमा १० प्रतिशत ह्रासकट्टी हुनेछ ।

अनुसूची १ (ख)
(दफा ३ को (६) सँग सम्बन्धित)
सम्पति करको जरिबाना दर

क्र.सं.	विवरण	दर
१.	पहिलो आर्थिक बर्ष भित्र बुझाएमा	निर्धारित करको १० प्रतिशत
२.	दोश्रो आर्थिक बर्ष भित्र बुझाएमा	निर्धारित करको २० प्रतिशत
३.	तेश्रो आर्थिक बर्ष भित्र बुझाएमा	निर्धारित करको ३० प्रतिशत
४.	चौथो आर्थिक बर्ष देखि	निर्धारित करको १०० प्रतिशत

(उदाहरण : आ.व. २०७६/७७ को २०७७/७८ मा बुझाउन आएमा १०%, २०७८/७९ मा बुझाउन आएमा २०% , २०७९/८० मा बुझाउन आएमा ३०% र त्यसपछि आएमा १००%)

अनुसूची २
(दफा ४ सँग सम्बन्धित)
भूमिकर (मालपोत)

क्र.सं	जग्गाको क्षेत्रफल/विवरण	दर		
		शहरी क्षेत्र (कालोपत्रे)	शहरी क्षेत्र (कच्ची सडक)	ग्रामीण क्षेत्र
१	**मोटरबाटो जोडिएको जग्गा/प्रति रोपनी**			
क	१ रोपनी सम्म	१०००	५००	१००
ख	१ रोपनी भन्दा माथि ३ रोपनी सम्म	१५००	१०००	२००
ग	३ रोपनी भन्दा माथि ५ रोपनी सम्म	२५००	१५००	३००
घ	५ रोपनी भन्दा माथि १० रोपनी सम्म	४०००	२०००	४००
ङ	१० रोपनी भन्दा माथि प्रति रोपनी	५००	३००	१००
२	**खेतीयोग्य जमिन/प्रति रोपनी**			
क	१ रोपनी सम्म	३००	१००	५०
ख	१ रोपनी भन्दा माथि ३ रोपनी सम्म	५००	२००	१००
ग	३ रोपनी भन्दा माथि ५ रोपनी सम्म	७००	३००	१५०
घ	५ रोपनी भन्दा माथि १० रोपनी सम्म	१०००	५००	२००
ङ	१० रोपनी भन्दा माथि प्रति रोपनी	२००	१००	५०
३	**खरबारी तथा भीरपाखा/प्रति रोपनी**			
क	१ रोपनी सम्म	१००	५०	२५
ख	१ रोपनी भन्दा माथि ३ रोपनी सम्म	२००	१००	५०
ग	३ रोपनी भन्दा माथि ५ रोपनी सम्म	३००	२००	७५
घ	५ रोपनी भन्दा माथि १० रोपनी सम्म	४००	३००	१००
ङ	१० रोपनी भन्दा प्रति रोपनी	१००	५०	२५

अनुसूची ३
(दफा ५ सँग सम्बन्धित)
घरबहाल करका दरहरु

क.सं.	घरबहाल कर/ विवरण	दर	कैफियत
१	व्यक्ति वा संस्थाले आवासीय, व्यापारिक, औद्योगिक वा अन्य प्रयोजनको लागि घर तथा अन्य संरचना व्यक्तिलाई बहालमा दिंदा	बहाल रकमको ५ प्रतिशतका दरले	संस्थागत भाडामा दिए/लिएकोमा दुई पक्ष बीच भएको सम्झौता अनुसार नै हुनेछ ।
२	व्यक्ति वा संस्थाले आवासीय, व्यापारिक, संस्थागत, औद्योगिक वा अन्य प्रयोजनको लागि घर तथा अन्य संरचना संस्थालाई बहालमा दिंदा	बहाल रकमको १० प्रतिशतका दरले	

अनुसूची ३ (क)
(दफा ५ (२) सँग सम्बन्धित)
बहाल करको आधार दर

क.सं.	घर जग्गा रहेको स्थान	प्रति बर्ग फुट न्यूनतम भाडा दर रु.
१.	बेशीसहर डुम्रे राजमार्गको मजुवा खोलादेखि सेरा चोक हुँदै मनाङे चौतारासम्म राजमार्गमा जोडिएका दायाँ बायाँका घरहरुको व्यापारिक प्रयोजनका लागि भाडामा दिइएका भुइ तलाको शटर तथा कोठा भाडा	१००.०
२.	बुदाँ नं १ बाहेक नगरपालिकाको अन्य सडक तथा भित्री सडकका व्यापारिक प्रयोजनका लागि भाडामा दिइएका भुइ तलाको सटर तथा कोठा र बुँदा नं. १ बमोजिम राजमार्गमा जोडिएका जग्गा तथा ग्यारेजको भाडा	५०.०
३.	व्यापारिक प्रयोजन बाहेक आवासीय प्रयोजनका लागि भाडामा दिएको कोठा भाडा	२५.०

अनुसूची ४
(दफा ६ सँग सम्बन्धित)
व्यवसाय दर्ता सिफारिस तथा बार्षिक करका दरहरु

(क) उद्योग तर्फ वार्षिक ब्यवसाय कर:

क.सं.	उद्योगको प्रकार	दर्ता सिफारिस शुल्क	बार्षिक व्यवसाय कर	कैफियत
१.	कृषि/घरेलु उद्योग	५००।०	१०००।०	दर्ता सिफारिस नयां दर्ताको लागि मात्र लाग्नेछ ।
२.	साना उद्योग	१०००।०	२०००।०	
३.	मझौला उद्योग	१०००।०	५०००।०	
४.	ठुला उद्योग	१०००।०	२५०००।०	

(ख) व्यापार व्यवसायतर्फ वार्षिक ब्यवसाय कर:

किनारा (खाद्यान्न) पसल, होलसेल पसल, कपडा तथा फेन्सी, मिठाई पसल, टेण्ट हाउस, ड्राइक्लिनर, फलफुल तथा तरकारी, मासु पसल, हार्डवेयर तथा सिसा पसल, व्यूटिपार्लर, मेडिकल हल, निजी अस्पताल, नर्सिङ्ग होम, फोटो स्टुडियो, स्टेशनरी पसल, इलेक्ट्रीकल एण्ड इलेक्ट्रोनिक्स पसल, घडी रेडियो पसल, मोबाइल फोन विक्री तथा रिपेयरिङ्ग पसल, सुन चादी पसल, गिफ्ट सप, अडियो भिडियो रेकर्डिङ्ग तथा साउण्ड सिस्टम पसल, फर्निचर एण्ड फर्निसिङ्ग पसल लगायत अन्य व्यापार ब्यवसायहरु:

क्र. सं.	पूजी लगानी र आर्थिक कारोबारको सीमा	दर्ता शिफारिश शुल्क	(भित्री वजार तथा ग्रामीण क्षेत्र)	वार्षिक व्यवसाय कर (मुख्य वजार क्षेत्र)
१.	रु. १ लाखसम्म	५००।००	१०००।०	१५००।०
२.	रु. १ लाखदेखि ५ लाखसम्म	५००।००	१५००।०	२०००।०
३.	रु. ५ लाखदेखि १५ लाखसम्म	१०००।००	२०००।०	३०००।०
४.	रु. १५ लाखदेखि ५० लाखसम्म	१०००।००	३०००।०	४०००।०
५.	रु. ५० लाखदेखि रु. १ करोडसम्म	२०००।००	५०००।०	७०००।०
६.	रु. १ करोडदेखि माथि	२०००।००	८०००।०	१००००।०

- हजाम तथा हेयर कटिङ. व्यवसायलाई बार्षिक २०००।०
- ब्यवसाय नाम परिवर्तन, प्रमाण पत्र प्रतिलिपी, ठाउँसारी तथा अन्यको १०००।-

(ग) होटल तथा रेष्टुरेण्ट व्यवसाय तर्फ (बार्षिक व्यवसाय कर)

क्र.सं.	पूजी लगानी र आर्थिक कारोबारको सीमा	दर्ता शिफारिश शुल्क	ग्रामीण क्षेत्र	शहरी क्षेत्र	ठूला पर्यटकीय होटल
१.	रु. १ लाखसम्म	५००।००	१०००।०	१५००।०	-
२.	रु. ५ लाखसम्म	१०००।०	१५००।०	२०००।०	५०००।०
३.	रु. ५ लाखदेखि १५ लाखसम्म	१५००।०	२५००।०	३०००।०	७०००।०
४.	रु. १५ लाख ५० लाखसम्म	२०००।०	३०००।०	४०००।०	१००००।०
५.	रु. ५० लाखभन्दा माथिको	५०००।०			१५०००।०

नोटः

१) ठूला, पर्यटकीय होटलहरुको हकमा अघिल्लो वर्षको आर्थिक कारोवार र होटलको क्षमताको आधारमा वार्षिक कर लगाउन सकिनेछ।

२) होमस्टे दर्ता तथा नविकरण शुल्क को हकमा तथा नविकरण शुल्क होमस्टे संचालन कार्यविधि २०७५ अनुसार दर्ता निवेदन शुल्क रु. १००।०, दर्ता शुल्क रु. १००००।० र बार्षिक नविकरण शुल्क रु. २०००।० लाग्नेछ ।

- होटल तथा रेष्टुरेण्ट नाम परिवर्तन, ठाउँ परिवर्तन तथा अन्यको लागि रु. १०००।- दस्तुर थप लाग्नेछ ।
- ब्यवसाय नाम परिवर्तन, प्रमाण पत्र प्रतिलिपी, ठाउँसारी तथा अन्यको १०००।-

(घ) वित्तीय तथा संचार सेवा प्रदायक संस्था तर्फ
(प्रधान कार्यालय अन्य ठाउमा भई शाखा कायालय बेसीशहर नगरपालिकाभित्र संचालनमा रहेका)

क्र.सं.	विवरण	दर्ता शिफारिश शुल्क	बार्षिक व्यवसाय कर
१.	बाणिज्य बैक	०	१५००।०
२.	विकास बैक	०	७००।०
३.	फाइनान्स कम्पनी तथा वित्तीय संस्था	०	५००।०
४.	दुर संचार सेवा प्रदायक	०	७००।०
५.	विमा कम्पनी	०	५००।०
६.	बैदेशीक रोजगार व्यवसाय	२०००।०	५००।०
७.	मनि ट्रान्सफर संस्था	२०००।०	३०००।०
८.	**सहकारी संस्था**		
	रु. २५ लाख सम्म पुँजि भएको	५००।०	१५००।०
	रु. ५० लाख सम्म पुजी भएको	१०००।०	२५००।०
	रु. ५० लाख देखि १ करोड सम्म पुजी भएको	२०००।०	३०००।०
	रु. १ करोड देखि माथि पुजी भएको	३०००।०	५०००।०

(ङ) विशेषज्ञ परामर्श सेवा तथा अन्य सेवा व्यवसाय तर्फ

क्र.सं.	विवरण	दर्ता तथा सिफारिश शुल्क	बार्षिक व्यवसाय/ नविकरण शुल्क
१.	कम्प्यूटर ट्रेनिङ्ग सेन्टर, कोचिङ्ग तथा भाषा प्रशिक्षण केन्द्र	१५००।००	७०००।०
२.	डिजिटल केबल नेटवर्क	१५००।००	७०००।०
३.	एफ.एम. संचालन तथा नविकरण (१०० वाट सम्म)	१०००।००	३०००।०
४.	लेखापढी व्यवसाय	५००।००	२०००।०
५.	कानून व्यवसाय/ल-फर्म	१०००।००	३०००।०
६.	जग्गा प्लटिङ्ग व्यवसाय/कम्पनी	५०००।००	२५०००।०
७.	हाउजिङ्ग सम्बन्धी काम गर्ने कम्पनी	५०००।००	५००००।०
८.	दैनिक पत्रिका	१०००।००	२५००।०
९.	साप्ताहिक पत्रिका	१०००।००	१०००।०
१०.	निजी क्षेत्रका कुरियर, इमेल, इन्टरनेट सर्भिस	१०००।००	१५००।०
११.	विशेषज्ञ चिकित्सक	१०००।००	२०००।०
१२.	स्वास्थ्य सहायक, कविराज	५००।००	१०००।०
१३.	ज्योतिस सेवा	५००।००	१०००।०
१४.	लेखा परिक्षण फर्म		
	घ वर्ग	१०००।००	१०००।०
	ग वर्ग	१०००।००	१२००।०
	ख वर्ग	१०००।००	१५००।०
	क वर्ग	१५००।००	२०००।०
१५.	"घ" वर्गको निर्माण व्यवसाय		
	शुरु दर्ता शुल्क	१५०००।०	५०००।०
	नामसारी		५०००।०
	ठाउसारी आउने वा जाने दुवै		५०००।०
	म्याद नाघी आएको नविकरण शुल्क		६०००।०
	इजाजत प्रतिलिपी दस्तुर		१०००।०
१६.	इन्जिनियरिङ्ग परामर्श सेवा, घर नक्सा बनाउने समेत	३०००।०	१००००।०
	दर्ता नभएका निर्माण सम्बन्धी काम गर्ने व्यक्ति	५०००।०	५०००।०
	म्याद नाघी आएको नवीकरण शुल्क		१०,०००।०
	प्रमाण पत्र प्रतिलिपी दस्तुर		२०००।०
१७.	कामदार अनुमति पत्र		
	अदक्ष		१०००।०
	अर्धदक्ष		१५००।०
	दक्ष		२०००।०

(च) गैर सरकारी संस्था तर्फ

क्र.सं.	विवरण	दर्ता शिफारिश शुल्क	बार्षिक नविकरण शुल्क
१.	स्थानीय स्तर	५००।०	१०००।०

२.	जिल्ला स्तर	१०००।०	१५००।०
३.	प्रदेश स्तर	२५००।००	५०००।०
४.	राष्ट्रिय स्तर	३०००।००	७५००।०
५.	अर्न्तराष्ट्रिय स्तर	५०००।०	१००००।०
६.	सामाजिक संघ संस्था/आमा समुह/ बालक्लव/युवा क्लव आदि	३००।०	५००।०

(छ) निजी शिक्षण संस्था

क्र.सं.	विवरण	दर्ता/शिफारिश शुल्क	बार्षिक व्यवसाय कर
१.	मन्टेश्वरी	१०००।०	२०००।००
२.	आधारभुत तहसम्म	२५००।०	५०००।०
३.	माध्यामिक तह सम्म	५०००।०	१००००।०
४.	माध्यामिक तह भन्दा माथि	७०००।०	१५०००।०
५.	कक्षा स्तर बृद्धि प्रति कक्षा रु.(आधारभुत)	२५००।०	
६.	कक्षा स्तर बृद्धि प्रति कक्षा रु. (मा.वि.)	५०००।०	

- दर्ता सिफारिसमा अपागंहरुबाट संचालित उद्योगको हकमा २५% र एकल महिलाको हकमा १५% वार्षिक कर छुट हुनेछ ।
- आ.व.को पौषमसान्तसम्म ब्यवसाय कर तिरेमा १०% कर छुट हुनेछ ।

अनुसूची ५
(दफा ७ सँग सम्बन्धित)
जडिबुटी, कवाडी र जीवजन्तु करका दरहरु

बेसीशहर नगरपालिका क्षेत्रभित्र उत्पादन भई अन्य क्षेत्रहरूमा निकासी हुने निम्नानुसारका जडीबुटी, कवाडी तथा जीवजस्तुहरूमा तपसिल बमोजिम करहरू निर्धारण गरिएको छ ।

(क) काष्ठ तथा गैह्रकाष्ठ, बन पैदावार तथा जडीबुटी निकासी कर

सि.नं	विवरण	करको दर	कैफियत
१.	जडीवुटी–प्रचलित वन नियमावलीमा तोकिएको दरमा	मुल्यको १० प्रतिशत	तर व्यवसायीक खेती र स्थानीय उद्योगमा अर्ध प्रशोधन हुने जडीवुटीमा आधा दर मात्र कर लाग्नेछ ।
२.	वनकस (खर) मलहन पत्ता, वावियो छ्वाली, पराल, वगास, निगालो लोक्ता पटेर, अम्लेसो	प्रति ट्रक रु.१००.० प्रति टेक्टर रु. ५०.०	
३.	बास	प्रतिगोटा रु. २।०	
४.	सिसौ, साल,	प्रति क्यू.फिट रु. १०।०	गोलिया, चिरान
५.	अन्य काठ	प्रति क्यू.फिट रु. ६।०	गोलिया, चिरान
६.	भट्टामा प्रयोग हुने माटो	रु.०।७० प्रति घ.मी.	
७.	सालको विया	प्रति के.जी. रु.०।७५	
८.	अलैची	प्रति के.जी. रु.२।०	

(ख) कवाडी कर

क्र.सं.	विवरण	करको दर	कै
१	**धातुका कवाडी सामानहरु :** क) फलाम तथा फलामबाट बनेका पुनः प्रयोगमा आउने चिज बस्तु ख) अन्य धातु : तामा, पित्तल, आल्मुनियम, आदीमा	 प्रति केजी. ३।- प्रति के.जी. रु.१०।-	
२	**गैह्र धातुजन्य कवाडी सामानहरु :** क.खाली सिसी, बोरा, तेलको टिन ख.पुराना कागज ग.अन्य कवाडी सामान	 प्रति गोटा ५० पैसा प्रति केजी रु. ७५ पैसा प्रति केजी रु. ५० पैसा	

(ग) जीबजन्तु तथा जीब जन्तुजन्य पदार्थ निकासी कर

क्र.सं.	विवरण	करको दर	कै
१.	उन, प्राकृतिक तथा कृतिम जगर	प्रति केजी ५ पैसा	
२.	प्रचलित कानुन बमोजिम निषेधित जीवजन्तु बाहेकका अन्य मृत र मारिएका जीवजन्तुको हाड, सिङ, प्वाख, छाला वा यस्तै अन्य प्रकृतिको बस्तुको व्यवसायिक कारोबार या निकासी कर	प्रति के.जी. रु.३।०	
३.	रागा, भैसी निकासी	प्रति गोटा रु. १००।०	
४.	बोका, बाखा , खसी तथा भेडा निकासी	प्रतिगोटा रु. २५।०	

अनुसूची ६
(दफा ८ सँग सम्बन्धित)
सवारी साधन कर

क्र सं	सवारी साधनको विवरण	दर
१.	बस, ट्रक, लहरी	५००.००
२.	मिनीबस, ट्रक (छ पांग्रे)	३००.००
३.	मिनीबस, ट्रक (चार पांग्रे)	२५०.००
४.	भाडाको कारजीप	१००.००
५.	निजी कार, भ्यान, जिप, पिकअप	२५०.००
६.	ट्याक्टर ठुलो ४० हर्षपावरभन्दा माथि	५००.००
७.	ट्याक्टर सानो ४० हर्षपावरभन्दा सानो	३००.००
८.	स्कूटर/मोटरसाइकल	१००.००
९.	ठेला तथा रिक्सा	१००.००
१०.	सफा टेम्पो	२००.००
११.	गोरु गाडा	५०.००
१२.	पावर टेलर	१००.००
१३.	लोडर, डोजर र एक्साभेटर (भ्याकूम)	१,०००.००

अनुसूची ७
(दफा ९ सँग सम्बन्धित)
विज्ञापन कर

क्र.सं	विवरण	दर
१.	होर्डिङबोर्ड, फ्लेक्स बोर्ड, २५ वर्गफीट सम्म प्रति वर्गफुट रु.	५५.००
२.	होर्डिङबोर्ड, फ्लेक्स बोर्ड,२५ वर्गफीट भन्दा माथि प्रति वर्गफुट रु.	८५.००
३.	डिजिटल बोर्ड,ग्लोबोर्ड, विद्युतीय बोर्ड प्रति वर्गफुट रु.	१००.००
४.	भित्ते लेखन, सटर पेन्टिङ प्रति वर्गफुट रु.	२५.००
५.	सार्वजनिक स्थानमा स्वीकृति लिएमा मात्र विज्ञापन गर्न प्रति वर्ग फुट रु.	८५.००
६.	पोल ब्यानर, बन्टिङ ब्यानर प्रतिहप्ता रु.	१५०.००
७.	स्टल, स्वागतद्वार प्रतिगोटा रु.	१०००.००

नोट :

- नेपाल सरकारबाट निषेध गरिएको विषयमा विज्ञापन राख्न पाइने छैन ।
- राजनैतिक, धार्मिक वा सामाजिक उद्देश्यको व्यानर ७ दिनसम्म निःशुल्क राख्न दिइनेछ ।
- जनचेतनामुलक खालका विज्ञापनमा कर लाग्ने छैन ।
- विज्ञापन राख्न नगरपालिकाबाट पुर्व स्वीकृति लिनुपर्नेछ ।

अनुसूची ८
(दफा १० सँग सम्बन्धित)
मनोरञ्जन कर

क्र.सं	विवरण	दर
१.	चलचित्र घर	प्रवेश शुल्कमा छ प्रतिशत
२.	व्यापारिक तथा व्यवसायिक प्रयोजनका लागि संचालन गरिने मेला-महोत्सव	७ दिन सम्म रु. १० हजार र सो भन्दा बढी दिन भए रु. २० हजार
३.	व्यापारिक तथा व्यवसायिक प्रयोजनका लागि संचालन गरिने कन्सर्ट	१ दिनको लागि रु.२ हजार र सो भन्दा बढी दिन भए रु. ४ हजार

अनुसूची ९
(दफा ११ सँग सम्बन्धित)
बहाल बिटौरी शुल्क (पटके व्यवसायमा दैनिक रुपमा लिइने शुल्क)

क्र.सं.	विवरण	दर रु.
१.	सडक पेटी बाहेक सार्वजनिक स्थल, निजी जग्गामा बसी ठेलागाडा राखी वा अन्य कुनै किसिमले व्यापार व्यवसाय गर्ने संग	१५।००
२.	सरकारी जग्गामा बनेका पक्की घरहरुको प्रति वर्ग फुट (बार्षिक)	१०।००
३.	सरकारी जग्गामा बनेका कच्ची घरहरुको प्रति वर्ग फुट (बार्षिक)	५।००

अनुसूची १०
(दफा १२ सँग सम्बन्धित)
पार्किङ शुल्क

क्र.सं	विवरण	दर रु./प्रति घंटा
१.	ठुला सवारी साधन	२०।०
२.	साना सवारी साधन	१०।०
३.	मोटर साईकल/स्कुटर	५।००

अनुसूची ११
(दफा १३ सँग सम्बन्धित)
ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग शुल्कः

क्र.सं	विवरण	दर
१	ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग शुल्कः	तोकिए वमोजिम हुने

अनुसूची १२
(दफा १४ सँग सम्बन्धित)

क) अन्य सेवा शुल्क, दस्तुर

सि.न	विवरण	कर, शुल्क, दस्तुर	कैफियत
१)	**सिफारिस**		
१.	नाता प्रमाणित (नेपालीमा)	२५०।०	
२.	नाता प्रमाणित (अंग्रेजीमा)	५००।००	
३.	अन्य (साधारण) सिफारिस	१००।००	
४.	कपाली तमसुक प्रमाणिकरण	५००।००	
५.	राहदानी सिफारिस	३००।०	
६.	घरजग्गा नामसारी/हकवाला प्रमाणित		
	घर नामसारी	२०००।००	
	जग्गा नामसारी कालोपत्रे सडक ग्राभेल मोटरबाटो कच्ची मोटरबाटो गोरेटो बाटो	 ८००।० ५००।० ३००।० २००।०	एक रोपनी भन्दा बढीको प्रति रोपनी थप दस्तूर रु. २०।००
७.	घर कायम सिफारिस		
	पक्की घर कायम	१०००।००	
	कच्ची घर कायम	५००।००	
८.	पेन्सन कार्ड वा सो सम्बन्धी अन्य सिफारिस	५००।०	
९.	हकवाला संरक्षण सम्बन्धी सिफारिस	२०००।	
१०.	काठ दाउराको सिफारिस		

क	कटानी दाउरा	५००।००	
ख	कटानी काठ	१०००।००	
ग	निकासी दाउरा	२५००।००	
घ	साल, काठ, कु-काठ निकासी ५० वर्ग मिटरसम्म (क्यु फिट) ५० वर्ग मिटरभन्दा माथि (क्युफिट)	 ५,०००।०० १०,०००।००	
११.	अंग्रेजी सिफारिस	५००।०	
१२.	वंशजको नागरिकता सम्बन्धी सिफारिस	१००।०	
१३.	अंगिकृत नागरिकता सम्बन्धी सिफारिस	२०,००।०	
१४.	नाम छूटको सिफारिस	२००।०	
१५.	सनाखतको सिफारिस	२००।०	
१६.	जन्म मृत्यू सम्बन्धी सिफारिस	१००।०	
१७.	स्थायी बसोबास सम्बन्धी सिफारिस	१५०।०	
१८.	नाम, थर, जन्म मिति संशोधन सिफारिस	१००।०	
१९.	सामान्य सर्जमिन शूल्क	५००।०	
२०.	उद्योग सर्जमिन शुल्क		
क	साना कृषि/घरेलु उद्योग	१०००।००	
ख	मझौला उद्योग	१५००।००	
ग	ठुलो उद्योग	२०००।००	
२१.	अमिन शूल्क (प्रति पटक)	१,०००।०	
२२.	विद्यूत जडान सम्बन्धी सिफारिस		
क)	आर.सी.सी. पक्की घर	३००।०	
ख)	अन्य घर	२००।०	
२३.	टेलिफोन जडान सम्बन्धी सिफारिस	३००।०	
२४.	निजी धारा जडान सम्बन्धी सिफारिस	३००।०	
२५.	चारित्रिक सिफारिस	३००।०	
२६.	**प्लटिङ सेवा शूल्कः** पहिलो २ रोपनीसम्म ३ देखी माथि ५ रोपनीसम्म प्रति रोपनी थप रु ६ रोपनी भन्दा बढी प्रति रोपनी थप दर	 २५,०००।०, १०,०००।०० ५,०००।००	
२७.	विद्युत, टेलिफोन, खानेपानी आदि नामसारी सिफारिस	३००।०	
२८.	छात्रवृत्ति सम्बन्धी सिफारिस	१००।०	
२९.	अविवाहित प्रमाणित	५००।०	
३०.	पारीवारिक विवरण	३००।०	
(२)	**अन्य दस्तुर**		
१.	निवेदन फाराम प्रति पाना	२०।०	
२.	अनुसूची	२०।०	

३.	निवेदन दर्ता शुल्क	२०।०	
४.	न्यायिक समिति दर्ता शूल्क	१००।००	
५.	भवन निर्माण दरखास्त फाराम		
	आर.सि.सि. घर ग्रामिण घर अस्थायी घर टहरा	२०००।०० ५००।०० २००।००	
६.	पति पत्नी सम्बन्ध विच्छेद निवेदन दस्तुर	५००।०	
७.	जन्म, मृत्यू, वसाईसराई र सम्बन्ध विच्छेद विलम्व दस्तुर ३५ दिन पछि	५०।०	
८.	परीक्षा सम्बन्धी दरखास्त फाराम शुल्क	तोकिए अनुसार	
९.	काटेशन फाराम शुल्क	आर्थिक नियमावली अनूसार	
१०.	टेण्डर फाराम शुल्क	आर्थिक नियमावली अनूसार	
११.	निवेदन नक्कल उतार (प्रति पाना)	कार्यालयले २०।०/ आफैले १०।०	
१२.	घरपालूवा कूकूर दर्ता र नवीकरण दस्तुर	१००।०	
१३.	घर निर्माण नक्शाको नक्कल दस्तुर	५००।०	
१४.	मिलापत्र दस्तुर (प्रति पक्ष)	५००।०	
१५.	राजपत्र विक्री (प्रति राजपत्र)	५०।०	
१६.	नगर प्रोफाइल (संस्थागत)	१०००।०	
१७.	नगर प्रोफाइल (व्यक्तिगत)	५००।०	

नोटः आर्थिक सहायता, दीन दूःखीहरुको हकमा नगरप्रमूखको तोकआदेश अनुसार निशुल्क सेवा प्रदान गर्न सकिने छ ।

३)	**धितो मूल्यांकन (हैसियत) प्रमाणित**		
क)	ऋण र वैदेशिक रोजगारका लागि		
१.	रु. १० लाख सम्म	१,०००।०	
२.	रु. २० लाख सम्म	२,०००।०	
३.	रु. ३० लाख सम्म	३,०००।०	
४.	रु. ४० लाख सम्म	३,५००।०	
५.	रु. ५० लाख सम्म	४,०००।०	
६.	रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा	५००।० का दरले थप हुदै जाने	
ख)	**अध्ययनको लागि**		
१.	रु.२० लाख सम्मको	१०००।०	
२.	रु.३० लाख सम्मको	१,५००।०	
३.	रु.५० लाख सम्मको	२,५००।०	
४.	रु.५० लाखभन्दा बढी प्रत्येक १० लाखमा	२००।०० दरले थप	
ग)	अंशवण्डा सिफारिस रु. दानबकस सिफारिस रु.	५००।०० १५००।००	
घ)	नगरपालिकाले तत्काल धितो मूल्यांकन गरेको सिफारिसको पुनः नवीकरण गर्नुपर्दा जुन प्रयोजनका लागि गरिएको हो सोका लागि लाग्ने दस्तुरको १० प्रतिशत थप कर लिइनेछ ।		

ख) चार किल्ला सिफारिस/घरबाटोको सिफारिस

क्र.सं.	जग्गाको क्षेत्रफल	जग्गाको विवरण				
		राजमार्ग	शाखा पिच	ग्रावेल	कच्ची	बाटो नभएको
१	१ आना सम्म	४००।०	३००	२००।०	१००।०	५०।०
२	१ देखि ५ आना सम्म	८००।०	५००।०	४००।०	२००।०	१००।०
३	५ देखि १० आना सम्म	१२००।०	८००।०	७००।०	४००।०	२००।०
४	१० देखि १ रोपनी सम्म	१७००।०	१२००।०	१०००।०	५००।०	३००।०
५	१ रोपनी देखि २ रोपनी सम्म	२०००।०	१५००।०	१२००।०	८००।०	५००।०
६	२ रोपनी भन्दा माथी	३०००।०	२५००।०	२०००।०	१२००।०	८००।०

ग) घर नक्शा पास दस्तुर

(क) घर नक्सा पास सम्बन्धी दस्तुर

सि.नं.	८ मिटरभन्दा बढी चौडाईको मोटर बाटो	करको दर (प्रति वर्गफीट)		
		क	ख	ग
१.१	आर. सी. सी. फ्रेम स्ट्रक्चर			
क)	भुमिगत तला	६।०	५।०	४।०
ख)	भुई तला	७।०	६।०	५।०
ग)	पहिलो तला	८।०	७।०	६।०
घ)	दोश्रो तला	९।०	८।०	७।०
ङ)	तेश्रो तला र तेश्रो तला भन्दा माथी	१०।०	९।०	८।०
६ मिटरबाट ७ मिटरसम्म चौडाइका मोटर बाटो				
१.२	आर. सी. सी. फ्रेम स्ट्रक्चर			
क)	भुमिगत तला	५।०	४।०	३।०
ख)	भुई तला	६।०	५।०	४।०
ग)	पहिलो तला	७।०	६।०	५।०
घ)	दोश्रो तला	८।०	७।०	६।०
ङ)	तेश्रो तला र तेश्रो तलाभन्दा माथि	९।०	८।०	७।०
५ मिटरभन्दा कम चौडाइका मोटर बाटो				
१.३	आर. सी. सी. फ्रेम स्ट्रक्चर			
क)	भुमिगत तला	४।०	३।०	२।०
ख)	भुई तला	५।०	४।०	३।०
ग)	पहिलो तला	६।०	५।०	४।०
घ)	दोश्रो तला	७।०	६।०	५।०
ङ)	तेश्रो तला र तेश्रो तला भन्दा माथी	८।०	७।०	६।०
२.	सिमेन्टको जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी. टायल जस्ता पाता छाना	४।०	३।०	२।०
३.	माटोको जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) आर.सी.सी., जस्ता पाता छाना	२।५०	१।५०	१।०
४.	माटोको जोडाईमा इटा वा ढुंगाको गारो (न्युनतम २३ से.मी. मोटाई) वा सिमेन्टको जोडाईमा इटा तथा ब्लकको गारो १०	२।०	१।७६	१।०

	देखि १५ से.मी. मोटाई जस्ता पाता, स्लेट छाना			
५	घर सम्पन्न प्रतिवर्ग फिटको			१।५०
६	भवन निर्माण स्थायी स्वीकृति नलिई डिपिसी भन्दा माथिको निर्माण कार्य गरेमा ५०% थप जरिवाना लाग्नेछ ।			
७.	सर्जमिन			५००।०

द्रष्टव्य :

क) नक्सापास क्षेत्र क भन्नाले वेसीशहर नगरपालिका क्षेत्र भित्रको पिच सडकको दायां वायांको क्षेत्र ।

ख) नक्सापास क्षेत्र ख भन्नाले ग्रावेल सडक तथा ग्रामिण क्षेत्र, वेसीशहर चामे सडकको दायां वायां क्षेत्र ।

ग) नक्सापास क्षेत्र ग भन्नाले कच्ची सडक तथा ग्रामिण क्षेत्र ।

(ख) पूराना घरहरुको हकमा घर/नक्शा अभिलेखिकरणः

क) पूराना घरहरुको हकमा घर/नक्शा अभिलेखिकरणनियमितका लागि प्रति वर्ग फिट माथी उल्लेखित नै दरहरुलाई कायम गर्ने ।

ख) साविक नगर विकास समितिबाट अनुमति नलिई बनेका घरको अभिलेखिकरण गर्दा नक्सापास शुल्कका अतिरिक्त २०० प्रतिशत जरिबाना लाग्ने ।

अनुसूची १३
(दफा १५ सँग सम्बन्धित)
पर्यटन शुल्क

क्र.सं	विवरण	दर
१	पर्यटन प्रवेश शुल्क	प्रदेश सरकारले निर्धारण गरे वमोजिम

अनुसूची १४
(दफा १६ सँग सम्बन्धित
प्राकृतिक श्रोत उपयोग शुल्क

क्र.सं.	शिर्षक	दर (प्रति क्यू.फिट)
१	माटो	दुई रुपैया
२	चिप्स	तीन रुपैया
३	रोडा, गिटी, गेग्रान	चार रुपैया
४	ढुङ्गा, चट्टान, स्लेट	चार रुपैया
५	बालुवा	चार रुपैया
६	चुनढुङ्गा	छ रुपैया
७	नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि	प्रति के.जी. दुई रुपैया

अनुसूची १४ (क)
(दफा १६ (२) सँग सम्बन्धित
अनुमति नलिई प्राकृतिक श्रोत उपयोग गरेमा लाग्ने जरिवाना शुल्क

क्र.सं.	शिर्षक	जरिवाना रकम रु. (प्रति ट्रिप/प्रति पटक)		
		टेक्टर	मिनि टिपर	ठूलो टिपर
१	रोडा, गिटी, गेग्रान	५०००।०	१००००।००	१५०००।००
२	ढुङ्गा, चट्टान, स्लेट	५०००।०	१००००।००	१५०००।००
३	चिप्स	५०००।०	१००००।००	१५०००।००
४	माटो	१५००।०	२५००।००	५०००।००
५	बालुवा	५०००।०	१००००।००	१५०००।००
६	चुनढुङ्गा	५०००।०	१००००।००	१५०००।००
७	नदी तथा खोलाले बगाएर ल्याएको काठ दाउरा आदि			प्रति केजी २ रुपैया

५. बेसीशहर नगरपालिकाको विनियोजन ऐन २०७७

प्रस्तावना

बेसीशहर नगरपालिकाको आर्थिक बर्ष २०७७/०७८ को सेवा र कार्यहरूको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उपधारा (२) ले दिएको अधिकार प्रयोग गरी बेसीशहर नगरसभाले सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्ने सम्वन्धी यो ऐन बनाई लागु गरेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

(१) यस ऐनको नाम " बेसीशहर नगरपालिकाको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,–

(क) "ऐन" भन्नाले बेसीशहर नगरपालिकाको विनियोजन ऐन, २०७७ सम्झनुपर्छ ।

(ख) "कार्यपालिका" भन्नाले बेसीशहर नगर कार्यपालिका सम्झनुपर्छ ।

(घ)"नगरपालिका" भन्नाले बेसीशहर नगरपालिका सम्झनुपर्छ ।

(ङ) "सभा" भन्नाले बेसीशहर नगरपालिकाको सभा सम्झनुपर्छ ।

(च) "संविधान" भन्नाले नेपालको संविधान सम्झनुपर्छ ।

२. आर्थिक वर्ष २०७७।०७८ को लागि सञ्चित कोषबाट रकम खर्च गर्न सक्नेः

(१) आर्थिक बर्ष २०७७।०७८ को निमित्त कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरूका लागि अनुसूची (१) मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ७६,१९,५७,१८०।- (अक्षेरूपी छयहत्तर करोड उन्नाइस लाख सन्ताउन्न हजार एक सय असी रूपैया मात्र) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चितकोषबाट खर्च गर्न सकिनेछ ।

३. विनियोजनः

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त बेसीशहर नगरपालिको कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यपालिका, वडा समिति विषयगत शाखाले गर्ने सेवा र कार्यहरूको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको बीस प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूबाट अर्को एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ ।

(४) पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ

(५) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको बीस प्रतिशतभन्दा बढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरूमा रकम सार्न परेमा सभाको स्वीकृति लिनु पर्नेछ ।

अनुसूचि-१
(दफा २ सँग सम्बन्धित)
नेपालको संविधानको धारा २२९ (२) बमोजिम संञ्चित कोषबाट विनियोजन हुने रकम

क्र. सं	अनुदान संख्या	शीर्षकको नाम	चालु खर्च रु	पूँजीगत खर्च रु	वित्तिय व्यवस्था	जम्मा रु
१		नगरकार्यपालिका	४७,७५,४४,०००।-	२८,४४,१३,१८०।-		७६,१९,५७,१८०।-
२		वडासमिति	०	०	०	०
३		विषयगत शाखा	०	०	०	०
४		ऋणको साँवाव्याज भुक्तानी	०	०	०	०
५		लगानी (शेयर/ऋण)	०	०	०	०

६. सातौं नगरसभाबाट पारित निर्णयहरु

१. बेसीशहर नगरपालिकाका उपप्रमुख लक्ष्मीदेवी अधिकारीबाट नगरसभा समक्ष पेश भएको बेसीशहर नगरपालिकाको लमजुङको आगामी आ.ब २०७७/०७८ को बार्षिक नीति, कार्यक्रम तथा बजेट (अनुसूची १ बमोजिम) स्वीकृत गर्ने निर्णय गरियो ।

२. बेसीशहर नगरपालिकाको गत आ.व २०७५/०७६ को यथार्थ आय व्यय, चालु आ.व. २०७६/०७७ को संशोधित आय व्यय तथा आगामी आव २०७७/०७८ को प्रस्तावित आय व्यय (अनुसूची २ बमोजिम) स्वीकृत गर्ने निर्णय गरियो ।

३. बेसीशहर नगरपालिकाको आ.व.२०७७।०७८ को कुल चालु र पूँजीगत बजेट देहाय बमोजिम रहेको निर्णय गरियो ।

देहायः

रकम रु. हजारमा

सि.नं.	वजेटको श्रोत	अनुमानित रकम	श्रोतगत बांडफांड	
			चालु	पुजीगत
१	नगरपालिका आन्तरिक राजश्व	३५०८०	२७५७०	७५१०
२	समानीकरण अनुदान/संघीय सरकार	१३४३००	०	१३४३००
२	राजश्व बाडफाड/संघीय सरकार	९१५०१	७१९५१	१९५५०
४	समानीकरण अनुदान/प्रदेश सरकार	१२३८९	०	१२३८९
५	राजश्व बाडफाड/प्रदेश सरकार	९१०८	८६२०	४८८
५.१	**शशर्त अनुदान/संघीय सरकार**	०		०
५.२	शिक्षा/सबैका लागि शिक्षा/आधारभुत तह, माध्यामिक तह र विद्यालय क्षेत्र विकास कार्यक्रम	१९७७००	१९५६००	२१००
५.३	स्वास्थ्य	४७८००	४७८००	०
५.४	कृषि	३७००	०	३७००
५.५	पशूसेवा	१००	०	१००
५.६	लघु उद्यम विकास कार्यक्रम	३८००	०	३८००
५.७	राष्ट्रिय ग्रामिण नवीकरणीय उर्जा कार्यक्रम	८००	०	८००
५.८	गरिव घर परिबार पहिचान तथा परिचय पत्र वितरण कार्यक्रम	१००	१००	०
५.९	महिला बालबालिका तथा जेष्ठ नागरिक कार्यक्रम	३००	३००	०
५.१०	राष्ट्रिय खेलकूद परिषद/राष्ट्रपति रनिङ.सिल्ड प्रतियोगिता	१००	१००	०
५.११	राष्ट्रिय परिचय पत्र तथा पंजीकरण कार्यक्रम	३९००	३९००	
